# पहिलो परिच्छेद

# परिचय

## १.१ शोध परिचय

पूर्वीय काव्य सिद्धान्तका क्षेत्रमा काव्याङ्गका विभिन्न तत्त्वहरूको चर्चा परिचर्चा भएको पाइन्छ । यिनै विशेष तत्त्वका रूपमा रस, अलङ्कार, छन्द जस्ता प्रमुख तत्त्व पर्दछन् । यी तत्त्वले काव्यलाई सरल एवम् श्रुतिमधुर र विभिन्न भावहरू जागृत गराउने हुनाले यी तत्त्वलाई काव्यमा विशेष रूपमा अबलम्बन गरिन्छ । अलङ्कारलाई विभिन्न विद्वान्ले काव्यको प्रमुख तत्त्व मानेका छन् भने केही विद्वान्ले काव्य शोभाकारक तत्त्व मानेका छन् ।

सर्वप्रथम अलङ्कारलाई काव्यको प्रमुख अङ्ग अलङ्कार हो अथवा काव्यमा अलङ्कार हो भन्दै आचार्य भामहले अलङ्कारलाई मुख्य काव्य सिद्धान्तका रूपमा स्थापित गरेका हुन् । यिनीपछिका वामन विश्वनाथ आदि विभिन्न विद्वान्हरूले पनि काव्यको सौन्दर्य तत्त्व वा शोभा कारक तत्त्व भनेर अलङ्कारलाई व्याख्या विवेचना गरेको पाइन्छ । जे होस् अलङ्कार काव्यलाई सुन्दरता प्रदान गर्ने तत्त्व हो भन्ने कुरामा दुई मत छैन । यस प्रकारको अलङ्कारको खोजी साहित्यका विभिन्न क्षेत्रमा गरिन्छ ।

प्रायः जसो पद्यात्मक कृति कविता र काव्यका क्षेत्रमा एवम् गीति साहित्यका क्षेत्रमा पनि अलङ्कारको सुमधुरता एवम् सुन्दरता छरिएको देख्न सकिन्छ । यस प्रकारको अलङ्कारको खोजी पर्वत मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा गर्ने इच्छाले यस क्षेत्रमा प्रचलित लोक भाकाहरूमा अलङ्कार खोज्ने कार्य गरेको छु । विभिन्न गीतमा भएका अलङ्काररूपी सौन्दर्य रत्नलाई पहिचान गरी तिनलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक पर्वत मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कार रहेको छ ।

## १.३ समस्याकथन

प्रस्तुत शोधमा निम्न लिखित समस्याहरू रहेका छन् ।

१. मल्लाज क्षेत्रको अवस्थिति कुन प्रकारको छ ?

२. मल्लाज क्षेत्रमा प्रचलित लोकगीत कति प्रकारका छन् र तिनका विशेषता के-के हुन् ?

३. मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा रहेका अलङ्कारहरूको स्वरूप कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्ति लिखित उद्देश्यहरू रहेका छन् ।

१. मल्लाज क्षेत्रको आर्थिक, सामाजिक र धार्मिक आदि अवस्थाको चिनारी गराउनु,

२. मल्लाज क्षेत्रमा प्रचलित लोकगीतलाई चिनाउँदै यिनीहरूको आलङ्कारिक स्वरूप चिनाउनु,

३. मल्लाज क्षेत्रमा प्रचलित लोकगीतलाई अलङ्कार विधानका आधारमा विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

पर्वत मल्लाज क्षेत्रमा प्रचलित लोकगीत विभिन्न प्रकारका छन् । यहाँ प्रचलित विभिन्न प्रकारका गीतहरूमा स्थानगत र जातिगत विभेद देखा पर्दछन् । छिटपुट रूपमा केही लोकगीतको अध्ययन भएपनि पर्याप्त छैन भने लोकगीतमा अलङ्कारको अध्ययन वा खोजी गर्नु त झनै नितान्त नवीन कार्य हो । मल्लाज क्षेत्रमा प्रचलित लोकगीत र गीतसम्बन्धी अध्ययन भएको छैन । आसपासका क्षेत्रमा भएका केही अध्ययन यस प्रकार छन्:-

१ कुसुमाकर न्यौपानेले तयार पारेको **पैंयूखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०४४) शीर्षकको स्नातकोत्तर शोधपत्रमा पर्वत जिल्लाको दक्षिणी भेगका लोकगीतलाई विषय बनाएर विश्लेषण गरिएको छ । यसक्रममा अलङ्कारका कोणबाट पनि त्यहाँका लोकगीतलाई व्याख्या गरिएको छ तर मल्लाज क्षेत्रलाई यसले छोएको छैन (न्यौपाने, २०४४ : ३७) ।

२ दिनबहादुर थापाको **गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन** (२०५०) नेपाली विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो । यस शोधपत्रमा थापाले गलकोट क्षेत्रका लोकगीतहरूको अध्ययन गरि

विषयवस्तु, लिङ्ग, जातजाति, उमेर, आख्यान, सङ्गित साथै नृत्य, रसभाव र गाउने अवसरका आधारमा त्यस क्षेत्रका लोकगीतको वर्गीकरण गरेका छन् । यहाँ यस क्षेत्रका अलङ्कारको बारेमा कँहीकतै चर्चा गरिएको पाइदैन ।

३ गोविन्द आचार्य **लोकगीतको विश्लेषण** (२०६२) यस पुस्तकमा लोकगीतका विभिन्न भेदलाई विश्लेषण गरिएको छ । यसमा पनि यस क्षेत्रका अलङ्कारको बारेमा कहींकतै चर्चा गरेको पाइदैन (आचार्य २०६२ : ५१) ।

४ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलको **लोकवार्ता विज्ञान र लोकसाहित्य** (२०६३) यस पुस्तकमा लोकवार्ताका विभिन्न भेदलाई चिनाउँदै लोकगीतको चर्चा गरिएको छ भने यसमा पनि यस क्षेत्रका गीतका अलङ्कारको बारेमा कहींकतै चर्चा गरेको भेटिदैँन (शर्मा, २०६३ :१३१) ।

५ आनन्दप्रसाद शर्माको **आर्थर डाँडाखर्क गा.वि.स.मा प्रचलित लोकगीतको सङ्कलन, वर्गिकरण र विश्लेषण** (२०६५) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको छ । यस शोधपत्रमा पर्वत जिल्लाको आर्थर गा.वि.स.मा प्रचलित लोकगीतलाई सङ्कलन, वर्गीकरण, विश्लेषण गरिएको छ । यस क्षेत्रका गीतका अलङ्कारका बारेमा शर्माले छोएको देखिँदैन (शर्मा, २०६४ : ४७) ।

६ शिव बानियाँको **वेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान** (२०६८) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको छ । यस शोधपत्रमा शिव बानियाँले बेनी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन गरी ती गीतहरूमा अभिव्यक्त रस पहिल्याई उक्त गीतहरूलाई रसका आधारमा विश्लेषण गरेका छन् । उनले लोकगीतमा रस विधानका दृष्टिकोणले विश्लेषण गरेपनि यहाँका गीतका अलङ्कारको चर्चा कहींकतै गरेको पाइदैन ।

७ हिरामणि भूषालको **पर्वत भंगरा क्षेत्रमा प्रचलित असारे गीतमा रसविधान** (२०७२) नेपाली विषयको स्नातकोत्तर पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएका शीर्षकका शोधपत्रमा लोकगीतको कर्मगीत अन्तर्गत पर्ने असारे गीतको खोजी गरी तिनलाई रसविधानका आधारमा विश्लेषण गरिएका छन् भने यहाँका गीतका अलङ्कारलाई कतैबाट पनि छोएको पाइदैन ।

यसरी पूर्वकार्यको निरीक्षण गर्दा प्रस्तावित पर्वत मल्लाज क्षेत्रका लोकगीतमा अलङ्कार विधानको बारेमा कुनै पनि अध्येताले अध्ययन गरेको भेटिदैन । यसरी यहाँका

लोकगीतमा यस पूर्व अलङ्कारको आधारमा लोकगीतको विश्लेषण गर्ने कार्य नभएको हुँदा यो कार्य पूरा गर्ने इच्छा एवम् दायित्वको अभिभारा आफुलाई भएको महशुस गरी पर्वत मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कार विधानको खोजी गर्ने तीव्र अभिलाषा जागृत भएकोले यो अध्ययन गर्न म अति नै इच्छुक छु ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

उक्त पूर्वकार्यको अध्ययनलाई हेर्दा मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कारमा छुट्टै अध्ययन नगरिएको परिप्रेक्ष्यमा लोकगीतमा अलङ्कारको अध्ययन उपयुक्त कार्य भएकाले यस अध्ययनको औचित्य स्वतः सिद्ध भएको छ । यस अध्ययनबाट मल्लाज क्षेत्रमा प्रचलित लोकगीतका बारेमा जानकारी राख्नेहरूलाई केही सहयोग पुग्नुका साथै ती गीतहरूमा अन्य अनुसन्धान गर्नेहरूलाई पनि सहयोग पुग्नेछ । यस क्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कारको स्वरूप के कसरी र कस्ता प्रकारले हुनसक्छ भन्ने कुराको निर्क्योल हुने हुनाले यसको औचित्य र महत्त्व छ भन्ने प्रष्ट भएको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको अध्ययन क्षेत्र भनेको पर्वत जिल्लाको मल्लाज क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन गर्नु हो । यस अध्ययन पत्रको सीमा भनेको मल्लाज क्षेत्रमा प्रचलित लोकगीतलाई सङ्कलन गरी पूर्वीय अलङ्कार सिद्धान्तका आधारमा मात्र विश्लेषण गर्नु हो ।

## १.८ अध्ययनको विधि

प्रस्तुत शोधपत्रलाई मुख्यतः तीनवटा विधि अपनाइने छ । ती तीनवटा विधि यस प्रकार रहेका छन् :

### क. स्थलगत अध्ययन विधि

यस विधि अन्तर्गत सम्बन्धित अध्ययन स्थलमा गई स्थानीय लोकगीतका ज्ञाताहरू पहिल्याइएको छ । त्यसपछि त्यहाँ प्रचलित गीतका गायकलाई र स्रोत व्यक्ति पहिल्याई सबैलाई एकत्रित गरी छलफल गरिएको छ । त्यसपछि सम्बन्धित गायकले गाएका स्थानीय

लोकगीतलाई सङ्कलन सामग्रीका माध्यमबाट सङ्कलन गरी यसै क्रममा प्राप्त गीतलाई लिपिबद्ध गरिएको छ ।

### ख. पुस्तकालयीय विधि

स्थलगत अध्ययन विधि अपनाई तयार पारिएका तथ्यलाई पुस्तकालयीय विधि अन्तर्गत रही सन्दर्भ सामग्री अध्ययन गरी विश्लेषण गरिएको छ । यस क्रममा द्वितीयक सामग्रीको अवलम्बन गरिएको छ । प्रस्तुत शोधमा अपनाइएका प्राथमिक र द्वितीयक सामग्री यसप्रकार छन्:

### अ. प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक स्रोत अन्तर्गत स्थलगत भ्रमणबाट प्राप्त भएका मल्लाज क्षेत्रमा प्रचलित लोकगीतहरूलाई लिइएको छ । यस अघि यी गीतहरू कतै प्रकाशित र केही मात्रामा सङ्कलित भएपनि पूर्णताको रूप यहाँ दिन प्रयास गरिएको छ ।

### आ. द्वितीय स्रोत

प्रस्तुत अध्ययनमा द्वितीय स्रोत अन्तर्गत अलङ्कार विधानसँग सम्बन्धित जानकारी पुस्तकालयीय अध्ययनबाट गरिएको छ ।

### ग. विश्लेषण विधि र सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा अलङ्कार सिद्धान्तलाई सैद्धान्तिक आधारको रूपमा ग्रहण गरिएको छ । अलङ्कारका आवश्यक सामग्री अन्तर्गत शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारसँग सम्बन्धित भएर निष्पन्न भएका अलङ्कारलाई प्रस्तुत अध्ययनको सैद्धान्तिक आधारका रूपमा लिई त्यसैका आधारमा संकलित सामग्रीलाई विश्लेषण गरिएको छ । यसमा विश्लेषणात्मक तार्किक पद्धतिको अवलम्बन गरिएको छ ।

## १.९ शोधको सङ्गठनात्मक स्वरूप

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसका परिच्छेदलाई निम्न शीर्षकमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद :	शोध परिचय

दोस्रो परिच्छेद :	लोकगीत र अलङ्कारको सैद्धान्तिक पूर्वाधार

तेस्रो परिच्छेद :	मल्लाज क्षेत्रको परिचय

चौथो परिच्छेद :	मल्लाज क्षेत्रका लोकगीत र तीनमा प्रयुक्त अलङ्कार विधान

पाँचौ परिच्छेद :	उपसंहार निष्कर्ष

सन्दर्भ सूची

परिशिष्ट खण्ड

# दोस्रो परिच्छेद

# लोकगीतको सैद्धान्तिक परिचय

साहित्य सामाजिक जीवनको ऐना हो । साहित्यले सामाजिक जीवनको दुःखसुख, हाँसो, दया मायालगयत मनका विभिन्न आरोह र अवरोहत्मक मानसिक तरङ्गहरूलाई चित्रण गर्दछ । लोक साहित्यका विविध विधामध्ये अत्युत्कृष्ट विधाका रूपमा लोकगीतलाई लिइन्छ । लोकगीतको इतिहास वैदिक वाङ्मयको सामवेदसँग जोडिएको मानिन्छ । ऐतिहासिक रूपमा लोकगीत लोकजीवनको जिब्रोमा झुण्डिदै आएको छ भने सरल र शिघ्र सुबोध्य हुने श्रेय पनि लोकगीतलाई प्राप्त भएको छ । लोकगीतले लोकमानस, जगत्, संस्कृतिको प्रतिनिधित्त्व गर्दछ । लोकगीत वास्तविक जीवनको गीत हो । लोकगीतमा सङ्गीतको प्रवाह र रगतको प्रवाह शरीरमा उस्तै-उस्तै हुन भन्न अत्युक्ति हुँदैन । किन भने हरेक अवस्थामा सरलताका साथ सबै थरी मनका भावनाका साथ प्रस्फुटित हुने गर्दछ र हुँदै आइरहेको छ । यसमा नेपालीपनाको यथार्थ अभिव्यक्तिको प्रयोग रहन्छ । लोकगीतमा मौलिकता एवम् आफ्नोपनको प्रस्तुति हुन्छ । कुनै पनि लोकगीतमा भाषाका आफ्नोपना, लोकपरिवेश, स्वतन्त्र अभिव्यक्तिको साथै सरल र सहज भाषाशैलीको प्रयोग हुन्छ ।

## २.१ लोकगीतको परिभाषा

लोकगीतलाई विभिन्न लोकसाहित्याचार्य एवम् लोकगीत अनुरागीले विविध रूपमा परिभाषित गरेको पाइन्छ । लोकगीतमा मानव जीवनको सुख, दुःख, हाँसो, रोदन, आरोह, अवरोह जस्ता परिदृश्य लयात्मक अभिव्यक्तिका माध्यमबाट प्रस्फुटन हुन्छन् । यो विधा लोकमा प्रचलित छ र प्राज्ञिक क्षेत्रमा अध्ययन र अनुसन्धानको विषय पनि भएको छ । अध्ययनकर्ताले लोकगीतलाई यस्तो हुनुपर्छ भनेर परम्परित लक्षणलाई हेरी विविध रूपमा परिभाषामा बाँधेको देख्न सकिन्छ । युगको परिवर्तनसँगै लोकगीतमा पनि परिवर्तन आउने हुँदा ती परिभाषा युगको परिवर्तनसँगै फरक-फरक आउनु स्वभाविकै हो । त्यसैले लोकगीतलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्ना धारणा राखेका छन् । जस अनुसार केही परिभाषा यस प्रकार रहेका छन् :

नेपाली बृहत् शब्दकोषमा भनिएको छ : 'जनमानसभा परम्परादेखि गाउँदै चल्दै आएको गीत लोकगीत हो (पोखरेल, २०५८ : ११२) ।'

गण्डकीका सुसेली (२०३०) मा धर्मराज थापाले 'लोकगीत लोक हृदयको स्वत : स्फुर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । लोक जीवनको रागात्मक प्रवृत्तिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो धर्तिका काखमा सुख, दुःख भोग्दै रमाएका असंख्या जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कष्ठमा सलबलाउने अविछिन्न तथा सहज गीति प्रवाह नै लोकगीत हो ।' भनेका छन् ।

कृष्णप्रसाद पराजुलीले लोकगीतको आलोक (२०५७) मा भनेका छन् 'लोकगीत लोक हृदयको स्वत स्फुर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । लोक जीवनको रागात्मक प्रवृत्तिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोककै साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुख दुःख भोग्दै रमाएका असङ्ख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिलाकण्ठमा सलवलाउने अविछिन्न तथा सहज गीति प्रवाह नै लोकगीत हो ।'

चूडामणि बन्धुले नेपाली लोक साहित्य (२०५८)मा भनेका छन्, 'लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फुर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका सुख, दुःख, आँसु, हाँसो, आशा, निराशाका साथै लोकका चालचलन्, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ ।'

## २.२ लोकगीतका तत्त्वहरू

लोक साहित्यका विविध विधामा तत् प्रवृत्ति अनुसार आ-आफ्नै संरचना एवम् तत्त्व रहेका हुन्छन् । लोकगीत निर्माण हुनका लागि अथवा लोकगीतको स्वरूप प्राप्त गर्नका लागि तत्त्वहरूको आवश्यकता पर्दछ । लोकगीतको तत्त्व भन्नाले लोकगीतको संरचना, अङ्ग तथा उपकरणलाई बुझाउँछ । यी तत्त्वहरूका अभावमा लोकगीतको स्वरूप बन्दैन । लोकगीत बन्नका लागि चाहिने तत्त्वका बारेमा पनि विभिन्न अनुसन्धानकर्ताहरूले आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । फरक-फरक अध्ययन र अनुभूतिका कारण उल्लेख भएका लोकगीतका तत्त्वहरूलाई यहाँ यसरी देखाइएको छ :

कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको आलोक भन्ने कृतिमा लोकगीतका तत्त्वलाई प्रमुख तत्त्व र सहायक तत्त्व गरी दुई प्रकारमा छुट्याएका छन् क) प्रमुख तत्त्वहरू १.

संरचना २. लय ३. गेयता ४. कथन पद्धति ५. भाषा ६. भाव हुन भने ख) सहायक तत्त्वहरूमा १.नृत्य र २.वाद्य पर्दछन् (पराजुली, २०६७ : ७८) ।

चूडामणि बन्धुले नेपाली लोक साहित्य नामको पुस्तकमा गीतको संरचना भन्ने शीर्षक राखी लोकगीतका तत्त्वबारे प्रष्ट पारेका छन् भने ती तत्त्वहरू यस प्रकार उल्लेख गरेका छन् : १ कथ्य २. भाषा ३. चरन वा पद ४. स्थायी र अन्तरा ५. रहनी र कथन ६. लय वा भाका । यसका साथै नृत्य र वाद्य पनि लोकगीतका तत्त्व हुन सक्छन् भनेका छन् (बन्धु २०५८ : ११५) ।

गोविन्द आचार्यले आफ्नो लोकगीतको विश्लेषण नामक कृति लोकगीतका तत्त्वहरूलाई अनिवार्य र ऐच्छिक गरी दुई भागमा छुट्याएका छन् । उनका अनुसार अनिवार्य तत्त्वहरूमा १. क) भाषा ख) सङ्गीतात्मकता ग) गायक गायिका घ) कथ्य/भाव हुन् भने २. ऐच्छिक तत्त्वहरूमा क) काव्यात्मकता, ख) रहनी वा थेगो, ग) निरर्थक अंश, घ) फाँकी, ङ) स्थायी-अन्तरा, च) वाद्य, छ नृत्य, ज) अभिनय, झ) पहिरन्, ञ) स्रोता वा दर्शक हुनु भनेका छन् (आचार्य २०६२ : २-५) ।

कुसुमाकर न्यौपानेले लोकगीत सिद्धान्तमा लोकगीतका तत्त्वबारे उल्लेख गर्दै १. संरचना, २. कथ्यविषय, ३. भाषा, ४. शैली, ५. स्थायी, अन्तरा, थेगो ६. लय भनेका छन् (न्यौपाने २०६८ : २६) । माथि उल्लेख गरिएका तत्त्वहरूमा एकरूपता रहेको पाइदैन । उल्लेखित कतिपय तत्त्वहरू अलि अष्पष्ट जस्तो लाग्दछन् र छन् । तर अधिकांशले समेटेका लोकगीतका तत्त्वलाई यसरी देखाउन सकिन्छ :

### २.२.१ संरचना

कुनै पनि वस्तुको बाह्य र आन्तरिक बनावटीलाई नौ संरचना भनिन्छ । संरचना लोकगीतको मुख्य तत्त्व हो । त्यसैले संरचना आन्तरिक र बाह्य दुवै स्वरूपको हुन्छ । वस्तुको सम्पूर्ण गीतको अवस्था तथा प्रकृति आन्तरिक संरचना हो भने शब्दमा वाक्यको कथनको स्वरूप बाह्य संरचना हो । लोकगीत स्वयममा पूर्ण यस्तो संरचना हो जसमा चरण योजना र चरण वितरणका साथै ती चरणहरूमा कथित विषय, भाव वा विचारको क्रमिक अन्विति, एकता, संक्षिप्तता, सघनता र पूर्णता जस्ता वैशिष्य रहन्छन् ।

### २.२.२ भाव

भावलाई केन्द्रीय वा मुख्य कथन पनि भनिन्छ । यसले कुनै खास घटना एवम् परिवेशले जन्माएका भावनालाई निश्चित विन्दुमा पुऱ्याएर उत्कृष्ट अभिव्यक्ति दिन्छ । लोकगीतमा लोक भावना र लोक विचारको पनि अभिव्यक्ति हुन्छ । यो लोक समुदायको अनुभवमा आधारित हुने भएकोले सुख, दुःख, प्रेम, पीडा, मिलन, विछोड र वेदना जस्ता भावहरू सहज र स्वाभाविक रूपमा व्यक्त भएको पाइन्छ । यसमा सभ्य र साक्षर समुदाय बाहिरका जनसमुदायको भाव अभिव्यक्त हुने भएकाले जटिल नभई सरल अभिव्यक्तिकरण हुन्छ । मूलभावको विस्तारका साथै भावमा एकोन्मुखताका कारण कथ्यमा जटिल हुन पाउँदैन भावका अभावमा लोकगीतले पूर्णता प्राप्त गर्न नसक्ने हुनाले यसलाई मूल तथा अनिवार्य तत्त्व मानिन्छ ।

### २.२.३ भाषा

भाषा अभिव्यक्ति प्रकट गर्ने मुख्य माध्यम हो । लोकगीत पनि अन्य साहित्यिक विधाजस्तै भाषाका माध्यमबाट प्रकट हुन्छ । लोकगीतको भाषिक अभिव्यक्ति लयात्मक अर्थयुक्त र भावयुक्त हुन्छ । लोकगीतमा लोकले प्रयोग गर्ने भाषाको प्रयोग गरिन्छ । लोकले प्रयोग गर्ने झर्रो तथा स्थानीय शब्द आदिको बढी प्रयोग हुन्छ । लोकगीतका भाषामा लाक्षणिकता र व्यञ्जनात्मकताका साथै सरलता र मधुरता नै मुख्य रूपमा पाइन्छ । अत : भाषा लोकगीतको प्रमुख तत्त्व भएको हुँदा यसले भावलाई प्रष्ट पार्ने काम गर्दछ ।

### २.२.४ कथ्य विषय

लोकगीतमा कथ्य विषयवस्तु पनि समाबेश भएको हुन्छ । यो एक प्रमुख तत्त्व हो । लोकगीत गाउने गायक प्रतिभाले कुनै पनि विषयमा आधारित भएर लोकगीत बनाउने गर्दछ । लोक गायकले धर्म पुराण, दर्शन, इतिहास, राजनीति, समाज संस्कृति विविध अवस्थालगायत कुनै पनि विषय एवम् ती विषय भित्र स-साना घटना सन्दर्भ वा विचारलाई आवाज दिएको हुन्छ । त्यस्ता आवाजलाई कथन वा कथ्य भनिन्छ ।

### २.२.५. स्थायी अन्तरा वा थेगो

स्थायीलाई छोपुवा पनि भनिन्छ । गीतमा धेरै चोटी दोहोरिने पंक्ति वा समूह स्थायी हो । उदाहरणका लागि 'डाँडै फुर्के सल्लो, मायाको गाउँ त चिने घर चिन्न गाह्रो भो ...।' यो पंक्ति स्थायी हो । गीतको गतिसँगै अघि बढ्दै जाने अंश अन्तरा हो । लोगीतका धेरै भेद छन् । ती मध्ये कुनैमा स्थायी र अन्तरा दुवैको प्रयोग हुन्छ भने कुनैमा अन्तराको भाग पनि हुन्छ । थेगो भनेको बारम्बार दोहोऱ्याइने निरर्थक शब्द वा वाक्यांश हो । जस्तै- हे, हा, है, ओ, ओइ, होई आदिलाई लिन सकिन्छ । थेगोले गीतमा मीठास भर्ने कार्य गर्दछ । त्यसकारण स्थायी, अन्तरा र थेगो लोकगीतका महत्त्वपूर्ण अङ्ग हुन् ।

### २.२.६ लय

लोकगीत लयमा बाँधिएको हुन्छ । लय धेरै प्रकारका हुन्छन् । विभिन्न पृथक-पृथक गीतले पृथक-पृथक लयलाई आत्मसात गरेका हुन्छन् । प्रायःजसो एउटा गीतको भाव अनुसार त्यो गीतको लय एउटै हुन्छ धेरै लयको सम्मिश्रण हुँदैन । लय विना लोकगीत निरर्थक जस्तो हुन जान्छ त्यसैले लय लोकगीतमा अनिवार्य हुनुपर्छ । लयलाई भाका पनि भनिन्छ । भाका धेरै प्रकारका छन् जस्तै- असारे, भैलो, ठाडो, सालैजो, तेस्रो सालैजो, बारूली, शिरफुले आदि तसर्थ लय लोकगीतको प्रमुख तत्त्व हो ।

यसरी संरचना भाव, भाषा कथ्य, विषय, स्थायी, अन्तरा, थेगो, लय र कथ्य विषय नै लोकगीतका मुख्य तत्त्वहरू हुन् । भनेर चिनारी दिन सकिन्छ । यी सबै तत्त्वको समुचित प्रयोगले नै लोकगीतलाई सुमधुर र सर्व आस्वाद्य बनाउँछन् र उत्कृष्ट गीतको सिर्जना हुन सक्छ ।

## २.३ लोकगीतका विशेषता

समय अनुसार लोकगीत पनि परिवर्तनशील हुन्छन् । लोकगीत लोक जीवनका, आरोह, अवरोह, दुःख, सुख, रोदन, हाँसो स्वाभाविक रूपमा झल्किने गर्दछन् । लोकगीतका विशेषतालाई चिनाउने क्रममा अध्येताहरूले आ-आफ्नै तरिकालाई अङ्गीकार गरेको पाइन्छ । केही सान्दर्भीक अवधारणालाई यस प्रकार छन् :

**गण्डकीका सुसेली** (२०४१) मा धर्मराज थापाले 'लोकगीतका विशेषता बताउँदै, १ गेयात्मकता २. सरलता ३. जहजता ४. स्वभाविकता ५. मार्मिकता ६. हृदयस्पर्शीता र ७. सङ्गीतात्मकता गरी सातवटा विशेषताको उल्लेख गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** (२०५७) मा नेपाली लोकगीतका १. अज्ञात रचयिता २. सामुहिक भावभूमि ३. सहजता र स्वभाविकता ४. मौखिक परम्परा ५. मौलिकता र सरलता ६. कथन विविधता ७. स्वच्छन्दता गरी लोकगीतका विशेषताहरूको चर्चा गरेका छन् ।

कुसुमाकार न्यौपानेले **लोकगीत सिद्धान्त** (२०६८) मा लोकगीतलाई १.मौखिक परम्परा २. सामुहिक भावभूमि ३. सर्जक अज्ञात ४. अकृत्रिमता तथा यथार्थता ५. सरलता ६. लयगत विविधता ७. लोकतत्त्वको प्रयोग ८. सङ्गीतात्मकता ९. स्वतन्त्रता १०. संक्षिप्तता ११. विषयगत विविधता १२. पुनरावृत्ति जस्ता विशेषताहरू उल्लेख गरेको पाइन्छ । यसरी अध्येताहरूले चिनारी दिएका लोकगीतका विशेषताका स्वरूपमा एकरूपता पाइँदैन । समष्टीमा सबै अध्येताहरूका अवधारणालाई समेटेर लोकगीतका विशेषतालाई यसरी चिनाउन सकिन्छ :

### २.३.१ मौखिक परम्परा

लोकगीत परापूर्वकालदेखि नै मौखिक रूपमा हुर्कदै आएको हो । यो पुस्तान्तरमा पनि मौखिकरूपमा हस्तान्तरित हुँदै आएको छ । यो मौखिकरूपमा फुल्दै र विकसीत हुँदै आए पनि समयको परिवर्तनसँगै यो गीत गतिशील हुँदै आएको छ । त्यसैकारण मौखिक रूपमा हुर्कनु यसको एउटा विशेषता हो ।

### २.३.२ लयगत विविधता

लोकगीतमा लयात्मक अभिव्यक्तिको अनिवार्यता रहन्छ । लोकगीतका प्रकार अनुसार लयमा पनि भिन्नता पाउन सकिन्छ । सबै खाले लोकगीतमा लोकलयको कसीमा बाँधिएका हुन्छन् । लोकगीतमा मिठास ल्याउनका लागि लयको अहम् भूमिका रहन्छ । लयले नै लोकगीत सबैका लागि लोकप्रिय हुन्छ । लोकगीतमा सरल र सरसता लयद्वारा नै प्रकट हुन्छ । लोकगीतमा गायन, वाद्य तथा नृत्य र तिनै चीजको सम्मिश्रण हुन्छ । त्यसो भए तापनि कुनै लोकगीतमा भने नृत्य र वाद्यको आवश्यकता पर्दैन । सङ्गीतकै कारण लोकगीतहरू लोकप्रिय

र कर्णप्रिय बनेका हुन्छन् । लयगत विविधताले नै लोकगीतलाई फरक-फरक गीतको आभास दिलाउने र प्रकार निर्धारण गर्ने गर्दछ । सबै लोकगीत लोकजगत् र लोकजीवनसँग सम्बन्धित रहेका हुन्छन् । तसर्थ लोकगीतमा लयगत विविधता हुनु लोकगीतको अर्को प्रमुख विशेषता हो ।

### २.३.३ स्वाभाविकता

प्रस्तुतिमा स्वाभाविकता हुनाले लोकगीत सरल हुने हुन्छ । लोकगीतमा लोकमा प्रचलित सरल र सरस कर्णप्रिय भाषाको प्रयोग हुन्छ । लोकगीत स्वतःस्फुर्त स्वाभाविक स्वरूपमा सिर्जित हुन्छ । लोकगीतमा हुने सङ्गीत र नृत्य शास्त्रीय जस्तो जटिल हुँदैन । यस लोकगीतमा काव्यशास्त्रीय बन्धन पनि हुँदैन । यसैकारण सरल, सहज र स्वाभाविक पनि लोकगीतको अर्को विशेषता हो ।

### २.३.४ सामूहिकता

लोकगीत सामुहिक भावनालाई प्रतिनिधित्त्व गर्ने हुनाले आफैमा सामूहिक गीत हो । लोकगीतले लोकबाटै जीवन्तता पाउनुका साथै लोक समाजद्वारा नै अनुप्राणित भएको हुन्छ । लोकगीत जसले गाए पनि त्यसमा निहित दुःख र उल्लासका स्वर समूहका स्वर भएर गुञ्जने गर्दछन् । लोकगीतले ऐना जस्तै गरी समाजका हरेक भावनात्मक र रागात्मक तस्वीरलाई देखाउने गर्दछ । गीतले वहन गर्ने प्रेम, नम्रता, हाँसो, घृणा, रोदन जस्ता भाव व्यक्तिका नभएर समूहमा परिणत हुने हुँदा सामूहिकता पनि लोकगीतको एक महत्त्वपूर्ण विशेषता हो ।

### २.३.५ स्वतन्त्रता

अभिव्यक्तिगत स्वतन्त्रता लोकगीतमा हुने गर्दछ । यसमा स्वतन्त्र अभिव्यक्ति हुने हुँदा वर्णमात्रिक छन्दमा झैं त्यति शास्त्रीय बन्धन हुँदैन । त्यसैकारण लोकगीत सिर्जनाका क्रममा कसैलाई पनि कुनै किसिमको बार बन्धन हुँदैन । स्वच्छन्द रूपमा गीत गाउन सक्छ । लोकगीतको गायनमा लोक सर्जक पनि उन्मुक्त हुन्छ । लोक लोकगीतको शैली पनि स्वच्छन्द र स्वतः स्फुर्त हुन्छ । त्यसैले स्वतन्त्रता पनि लोकगीतको अर्को विशेषता हो ।

### २.३.६ गतिशीलता

लोकगीत समयको प्रवाह अनुसार परिवर्तन भइरहन्छ । समयान्तरमा पहिलेको लोकगीत र अहिलेको लोकगीतमा निकै ठूलो परिवर्तन भएको छ । पुस्तान्तरमा लोकगीत पनि रूपान्तरण हुँदै आइरहेको छ । त्यसैकारण समय अनुसार गतिशील हुनु लोकगीतको अर्को विशेषता हो ।

### २.३.७ काल्पनिकता

लोकगीतमा काल्पनिकता बढी मात्रामा रहेको हुन्छ । कल्पनामा बग्दै गीत रच्न र गाउन सक्छन् । असम्भव घटनाले पनि कल्पनाका माध्यमले गीत रचना गर्न सकिन्छ । अभिव्यक्तिगत रूपमा काल्पनिकताको महत्त्वपूर्ण भूमिका यसमा रहन्छ । लोकगीतमा अरु पक्ष भन्दा मनोरञ्जनात्मकता बढी रहन्छ । मानिसमा उत्पन्न हुने उत्साह, रोदन, शोक, करुण आदि भाव लोकगीतमा स्पष्ट भेट्न सकिन्छ । यस्ता विभिन्न समयमा गाइने लोकगीतहरूले अथवा लोकनृत्यहरूले सामाजिक जनमानसमा आनन्द एवम् मनोरञ्जन प्रदान गर्दछन् । तसर्थ काल्पनिकता पनि लोकगीतको सघन विशेषता हो ।

### २.३.८ विषयगत विविधता

लोकगीतले लोकजीवनका सम्पूर्ण कुराहरूमा साथ दिन्छ । विषयवस्तुको अवस्था अनुसार आँसु, हाँसो, दुःख, सुख आदिमा अथवा परिस्थिति र अवस्था अनुसार लोकजीवन, संस्कृति, परम्परा, चाडपर्व, मेला उत्सवहरूमा तत्-तत् भावअनुसार फरक-फरक लोकगीत गुञ्जयमान हुनु लोकगीतको अर्को विशेषता हो ।

## २.४ निष्कर्ष

लोक साहित्यको प्रमुख विधा लोकगीत हो । लोकगीतका अध्येताहरूले आ-आफ्नै तरिकाले लोकगीतको परिभाषा दिएको पाइन्छ । मौखिक लोक हृदयको स्वतःस्फर्त, लयात्मक अभिव्यक्ति आलाप वा रागात्मक अभिव्यक्ति दिने गीत नै लोकगीत हो । माथिका उदाहरणात्मक विवरण हेर्दा यिनै कुराको पुष्टी हुन्छ । समयान्तरले लोकगीतका तत्त्वहरूमा पनि विद्वान्हरूका पृथक पृथक धारणा आउनु स्वाभाविकै हो । समष्टिगत रूपमा लोकगीतका तत्त्वहरूमा संरचना, भाव, विषय, कथ्य, कथन पद्धति, भाषा, स्थायी अन्तरा

थेगो र लय पर्दछन् । यी तत्त्वहरूलाई मिलाएर लोकगीतको रचना गर्न सकिन्छ । लोकगीतका विशेषतामा पनि विद्वान्हरूका बीच एकरूपता छैन । सबैले दिएका लोकगीतका मौखिक, परम्परा, सरल, सहज र स्वाभाविकता, काल्पनिकता, सामूहिकता, गतिशीलता, लयात्मकता, स्वतन्त्रता र विषयगत विविधता जस्ता विशेषतालाई लोकगीतको विशेषता भनेर लोकतत्त्वमा समेट्न सकिन्छ ।

## २.५ अलङ्कारको सैद्धान्तिक परिचय

अलङ्कार प्रियता मानवीय अथवा लोकजीवनको नैसर्गिक तथा सर्वभौम भावना वा चित्तवृत्ति हो । यसै कारण हाम्रा हरेक कार्यकलाप एवम् रचनात्मक र सिर्जनात्मक कार्य आलङ्कारिक भावनाबाट प्रभावित र सिञ्चित हुनु स्वभाविकै हो । लोकजीवनले आफूमा भएको आलङ्कारिक भावनाबाट प्रभावित भएर अथवा यही आलङ्कारिक भावनाको प्रेरणाले आफ्नो जीवनलाई मात्र होइन सिङ्गो परिवेशलाई नै अङ्कृत गर्न खोज्दछ । यस्तो परिप्रेक्षयमा लोकजीवनकै भावनाको उपज लोकसाहित्य एवम् लोकगीतमा अलङ्कारको प्रभाव पर्नु नौलो कुरा नभएर स्वाभाविक बन्न पुगेको छ । लोक जीवनकै अभिव्यक्तिका रूपमा रहेको लोक साहित्य एवम् लोकगीतमा अलङ्कार वा आलङ्कारिक प्रयोगले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । साहित्य कृतिमा चमत्कारिता, नैसर्गिकता, सरसता एवम् हृदय-संवेद्यता एवम् सम्प्रेषणीयताको स्थिति पनि अलङ्कारकै माध्यमाद्वारा सम्भव हुन्छ । वास्तवमा अलङ्कार साहित्य अथवा लोकसाहित्यको भाव र भाषाको आभुषण गहना हो । यसै कारण आचार्य भामह, दण्डी बामन, आदिजस्ता अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्य अथवा साहित्यको अनिवार्य तत्त्व अथवा आत्मा भनेका छन् ।

यतिमात्र नभएर पूर्वीय वाङ्मयमा रसवादी, ध्वनिवादी, रीतिवादी आदि आचार्यले पनि अलङ्कारको महत्त्वलाई सहर्ष स्वीकार गरेका छन् । यस क्रममा अलङ्कारवादी आचार्यहरूले अलङ्कारको अनुपस्थितिमा काव्य अथवा साहित्य सिर्जना विकृत हुन्छ भनेका छन् । माथिका कुराहरूलाई प्रस्ट्याउँदा मनको सुन्दरताको कल्पना एवम् आत्मा अलङ्कार हो र मानवीय मनको सुन्दरताको कल्पना एवम् सुन्दरताप्रिय शास्वत चाहना नै अलङ्कार हो भन्ने कुरा प्रष्ट भएको छ भन्ने लोक साहित्यमा अन्तर्भूत लोकगीतमा अलङ्कारको उपस्थितिले नै लोकगीतलाई सरस र श्रुतिमधुर बनाउँछ भन्ने कुरा पनि प्रष्ट भएको छ ।

### २.५.१ अलङ्कारको परिचय र केही उदाहरण

विशेषतः अलङ्कार तीन प्रकारका छन् ती हुन् :


क) शब्दालङ्कार

ख) अर्थालङ्कार

ग) उभयालङ्कार

यी उल्लेखित प्रमुख तीन अलङ्कारका पनि विविध उपभेद पाउन सकिन्छ ती सबै उपभेद भित्र पनि उपभेद छन् । ती असंख्य भेदतिर नगई प्रमुख अलङ्कारलाई यहाँ संक्षिप्त रूपमा देखाउने प्रयास गरिएको छ :

**क) शब्दालङ्कार**




**१. अनुप्रास अलङ्कार**

एउटा वा अनेक व्यञ्जनवर्णहरूको एकपल्ट अथवा अनेकपल्टको आवृत्तिद्वारा उत्पन्न हुने शब्दालङ्कार अनुप्रास हो । यसका पनि छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यनुप्रास, लाटानुप्रास र अन्त्यानुप्रास गरी पाँच भेद छन् ।

**क) छेकानुप्रास**

अनेक व्यञ्जना वर्णहरूको एउटै स्वरूप र क्रममा एकपटक मात्र आवृत्तित हुनुलाई छेकानुप्रास भनिन्छ । उदाहरण

*तन गर्छ जलेबाको प्रशंसा मीनको मन ।* (लेखनाथ पौड्याल : ग्रीष्म विचार)

प्रस्तुत पद्याशंमा 'मीनको मन' मा 'म' र 'न' व्यञ्जन वर्णहरूको आवृत्ति एकपटक मात्र भएको छ । त्यसैले यहाँ छेकानुप्रास अलङ्कारको व्याप्ति पाइन्छ ।

**ख) वृत्यानुप्रास**

एक अनेक व्यञ्जनवर्णहरूलाई एउटै स्वरूप र क्रममा अनेक पटक आवृत्ति हुँदा प्रकट हुने शब्दालङ्कार नै वृत्यानुप्रास अलङ्कार हो । जस्तै :

*धनधर्म दुवै धान्ने धान्य गौरबले उता* (लेखनाथ पौड्याल : शरद विचार)

उपयुक्त उदाहरणमा 'ध' वर्णको ३ पटक आवृत्ति भएको छ । त्यसैले वृत्यानुप्रास भयो । यसै गरी अनेक वर्णपदहरूको पनि अनेक चोटी आवृत्ति वृत्यानुप्रासमा हुनसक्छ ।

**ग) श्रुत्यानुप्रास**

एउटै उच्चारण स्थानबाट उच्चारण हुने व्यञ्जन वर्णहरूको वितरणद्वारा प्रकट हुने अनुप्रासको भेदलाई श्रुत्यानुप्रास अलङ्कार भनिन्छ ।

*सम्झना सारा छोडी जनलाई आज,*

*टाढा-टाढा जानेछन् उनी रोज साज ।*

यस उदाहरणमा एउटै उच्चारण स्थान दन्तमूलीयबाट उच्चरित व्यञ्जनवर्णहरूको विन्यास गरिएको हुनाले श्रुत्यानुप्रास अलङ्कार उपस्थित भएको पाउन सकिन्छ ।

**घ) लाटानुप्रास**

एउटै शब्द र अर्थको भिन्न भिन्न तात्पर्यमा एकपटकमात्र हुने अनुप्रास अलङ्कारको भेद लाटानुप्रास हो । जस्तै :

*कस्ता पसल बीच गई लिन सक्छ सस्तो ?*

*कस्ता पसल बीच गई लिन सक्छ सस्तो ?* (शम्भु प्रसाद ढुङ्गेल : गफ सिन्धु)

माथिको उदाहरणमा प्रयुक्त दुवै पंक्ति एउटै भएपनि पहिले कस्ता पसलमा अथवा कुनचाँहि पसलमा गए सामान सस्तो पाइन्छ भन्ने तात्पर्य बुझाउँछ भने दोस्रो पंक्तिले पसलमा गई मोलतोल गऱ्यो भने सामान सस्तो पाइन्छ भन्ने तात्पर्यलाई संवहन गरेकोले यहाँ लाटानुप्रास अलङ्कारको प्रार्दुभाव भएको छ ।

**ङ) अन्त्यानुप्रास**

अन्त्यका अक्षर (स्वर-व्यञ्जन) समान हुनुलाई अन्त्यानुप्रास भनिन्छ । जस्तै :

*के भो दूर पुगेर वीरहरूले विश्वै जिते तापनि*

*जान्दैनौ जब एकसाथ अरुले बाँच्ने कसोरी भनी ।*

*तिम्रो अन्त्य यही-तिमी पनि ढले यस्तै कुनै घाटमा,*

*घाँटीमा अनि अड्कियर यमको यस्तै दिनै सातमा ।*

(माधव घिमिरे : राजेश्वरी खण्डकाव्य)

उपर्युक्त कवितामा समान अक्षर वितरण समान दृष्टि हुनुले अन्त्यानुप्रास देख्न सकिन्छ । यहाँका 'पनि' 'भनि' 'घाटमा सातमा' यी शब्दहरूले अन्त्यानुप्रासको स्थिति पाउन सक्छ ।

**२. यमक अलङ्कार**

सार्थक या निरर्थक वर्णहरू वा शब्दहरूको भिन्न-भिन्न अर्थमा आवृत्ति हुँदा उत्पन्न हुने शब्दालङ्कारलाई यमक भनिन्छ । जस्तै :

*खुल्दै गरेका छहराहरू कहीं,*

*झुल्दै रहेका लहराहरू कहीं ।*

*शोभालिएका पहराहरू कहीं,*

*शोभाउने पाप-हरा नदी कहीं ।* (सोमनाथ सिग्द्याल : आदर्श राधव)

यो श्लोकको चारै पाउमा रहेका 'हरा' वर्णसमुहको पहिलो पाउमा पानीको प्रवाह दोस्रोमा हाँगा-पात, तेस्रोमा पहाड र चौथोमा चाहिं हरण गर्नु भन्ने अर्थमा आवृत्ति भएकोले यहाँ यमक अलङ्कारको प्राकट्य भएको छ ।

**३. श्लेष**

अनेकार्थक शब्दद्वारा प्रसङ्गनुकूल अनेक वाक्यार्थको प्रतिपाद गर्ने शब्दालङ्कारलाई श्लेष अलङ्कार भनिन्छ । श्लेष अलङ्कारका पनि अभङ्ग र सभङ्ग श्लेष गरी दुई भेद छन् ।

**क) अभङ्ग श्लष**

अनेकार्थ शब्दलाई नटुक्रयाइकन त्यसबाट अनेक अर्थको बोध हुँदा जन्मने श्लेष अलङ्कारलाई अभङ्ग श्लेष भनिन्छ । जस्तै :

*गर्दैन कसैले कार्य नभई अर्थ ।*

यो उदाहरणको अर्थ शब्दले अनेकार्थ प्रकट गरेको छ । पहिलो अर्थमा पैसा नभई कसैले केही काम गर्दैन भन्ने हुन्छ भने दोस्रो अर्थ विना प्रयोजन कसैले केही काम गर्दैन भन्ने हुन्छ । त्यसैले यहाँ अभङ्ग श्लेष अलङ्कारको उपस्थिति पाउन सकिन्छ ।

**ख) सभङ्ग श्लेष**

अनेकार्थक शब्दलाई टुक्याँउदा अनेक अर्थको बोध गराउने श्लेष अलङ्कारलाई सभङ्ग श्लेष भनिन्छ । जस्तै :

*खुला दोकान को राख्छ गले बन्द भये कुनै ।* (लेखनाथ पौड्याल : शिशिर विचार)

माथि प्रस्तुत पंक्तिमा प्रयोग भएको 'दोकान' शब्दले बहु अर्थको प्रतिपादन गर्छ । त्यस्तै 'गलेबन्द'ले पनि अनेकार्थको प्रतीति गराउँछ । पहिलो दोकान शब्द नटुक्रायाई भन्दा पसल र टुक्राएर भन्दा दुईटा कान भन्ने अर्थ हुन्छ भने 'गलेबन्द' शब्द नटुक्रायाई भन्दा घाटीमा लगाउने गफलर भन्ने हुन्छ भने टुक्रायाउँदा गलेमा अथवा थाकेमा र शहरै बन्द भएमा भन्ने दुईटा अर्थ प्रदान गर्दछ त्यसैले यो पंक्तिमा श्लेषको भेद सभङ्ग श्लेष अलङ्कारको व्याप्ती पाइन्छ ।

## ४. वक्रोक्ति

बोल्ने व्यक्ति अथवा वक्ताले एउटा अर्थमा व्यक्त गरेको वाच्यार्थ स्रोताले अर्कै रूपमा ग्रहण गर्दा उत्पन्न हुने अलङ्कारलाई वक्रोक्ति भनिन्छ । यसमा दुई भेद छन् क) काकु मूलक वक्रोक्ति ख) श्लेष मूलक वक्रोक्ति

### क) काकुमूलक वक्रोक्ति

कुनै पनि शब्दहरूलाई उच्चारण गर्दा स्वरभङ्ग वा ध्वनिको विकारले गर्दा स्रोताले अर्कै अर्थमा ग्रहण गर्नुलाई काकुमूलक वक्रोक्ति भनिन्छ । जस्तै :

*सर्वत्र स्वार्थले युक्त संसारमहाँ*

*सुन्-दिने हामीलाई होलान् नै कहाँ ?*

यहाँ प्रयुक्त उदाहरणमा 'सुन' शब्दले बहुमूल्य धातु सुन या कुरा सुन्ने व्यक्ति भन्ने द्विअर्थ प्रदान गरेकोले काकुमूलक वक्रोक्ति प्रकट भएको छ ।

### ख) श्लेषमूलक वक्रोक्ति

अनेकार्थक शब्दको प्रयोग गरी वक्ताले प्रयोग गरेको शब्दबाट स्रोताले अन्यार्थ ग्रहण गर्नुलाई श्लेषमूलक वक्रोक्ति भनिन्छ । जस्तै : हरिको वास कहाँ मानिसमाझ हुन्छ र !

यो उदाहरणमा आएको हरि शब्दको प्रयोग वक्ताले विष्णु भगवान भनेर गरेपनि स्रोताले 'वादर'सिंह आदि बुझ्न सक्ने हुँदा यहाँ श्लेषमूलक वक्रोक्ति, अलङ्कार पाइन्छ ।

## ५. पुनरुक्तवदाभास

बेग्ला बेग्लै शब्दहरू बेग्ला बेग्लै तात्पर्यमा भनिए पनि एउटै तात्पर्य हो कि भनेजस्तो आभास दिलाउने शब्दालङ्कारलाई पुनरुक्त बदामास अलङ्कार भनिन्छ ।

उदाहरण :

*नदी जीवन सिन्धुले सृष्टि कसरी चल्दछ ?*

*सम्पूर्ण यो संसार खालि मरु तुल्य बन्दछ ।*

मथि उल्लेखित उदाहरणमा 'नदी' र 'सिन्धु' शब्द उस्तै लागेता पनि भिन्न भिन्न अर्थ प्रदान गरेका छन् । 'नदि' शब्दले नदिएर अथवा प्रदान नगरेर भन्ने बुझाउँछ भने सिन्धुशब्दले बग्दो जल प्रवाह बुझाउँछ तर सुन्दा दुवै शब्दको अर्थ एउटै हो कि भने जस्तो आभाष हुन्छ त्यसैले यहाँ पुनरुक्तवदाभास अलङ्कारको प्रादुर्भाव हुन पुगेको छ ।

**ख) अर्थालङ्कार**

शब्दका विशेष प्रयोगहरू माथि नभएर अर्थमाथि निर्भर वा आश्रित रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यो अलङ्कार शब्द निरपेक्षी र अर्थमा निर्भर अलङ्कार भएकाले यसमा एउटा शब्दको साटो अर्को शब्द प्रयोग गर्दा पनि अलङ्कारको अनुपस्थिति हुँदैन । यस प्रकार अर्थालङ्कार शब्दको विशेष प्रयोगमाथि नभएर अर्थको सौन्दर्यमाथि आश्रित हुन्छ । यस अलङ्कारका पनि अनेक भेद र उपभेदहरू छन् : जस्तै उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, समासोक्ति, अतिशयोक्ति, अर्थान्तरन्यास, अपन्नुति, अप्रस्तुति प्रशंसा आदि

**१.१ क) उपमा अलङ्कार**

समान धर्मका दुई भिन्न वस्तुहरूका बीच सादृश्य वा तुलना गर्दा प्रकट हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ । यस अलङ्कारमा एकातिर जहिले पनि दुई भिन्न वस्तुहरूका बीच तुलना वा सादृश्य गरिन्छ भने अर्कोतिर ती तुलना गरिने वस्तु लोक प्रसिद्ध अथवा अति उत्कृष्ट रूप र गुणले युक्त भएका हुन्छन् । उपमा अलङ्कारलाई अर्थालङ्कारको सबैभन्दा प्रमुख अलङ्कार मानिन्छ भने यसमा १) उपमेय २) उपमान ३) सादृश्यवाचक र ४) धर्म-यी चार अङ्गहरू सम्यक अन्वय हुनु अपरिहार्य हुन्छ । यी चार अङ्गलाई उदाहरणमा यसरी प्रष्ट पार्न सकिन्छ जस्तै :

**उदाहरण :**

| | | | |
|---|---|---|---|
| लक्ष्मीको मुहार | चन्द्रमाको | जस्तै | उज्यालो छ |
| १) उपमेय | २) उपमान | ३) सादृश्यवाचक | ४) धर्म |

**१.२ उपमेय**

जुन वस्तुलाई अन्य कुनै वस्तुसँग समान धर्म वा समानताका आधारमा तुलना गरिन्छ वा सादृश्यता जनाईन्छ त्यसलाई उपमेय भनिन्छ । अथवा अर्को शब्दमा भन्नु पर्दा उपमा दिन

योग्य वस्तु नै उपमेय हो । यसलाई विषय र प्रकृति पनि भनेको पाईन्छ । माथिको उदाहरणमा लक्ष्मीको मुहार उपमेयका रूपमा आएको छ ।

**२. उपमान**

कुनै पनि वस्तुलाई समानताका आधारमा जुन वस्तुसँग दाजिन्छ वा तुलना गरिन्छ त्यसलाई उपमान भनिन्छ । यसलाई विषयी, अप्रकृत पनि भनिन्छ । माथिको उदाहरणमा चन्द्रमा उपमान हो ।


**३. धर्म**

दुई वस्तु अथवा उपमेय र उपमानका बीच जुन समान गुण छ त्यसलाई धर्म भनिन्छ । यसलाई समान धर्म वा साधर्म्य पनि भनिन्छ । माथिको उदाहरणको उज्यालो धर्म हो ।

**४. सादृश्यवाचक**

उपमेय र उपमान समान भएको जुन शब्दले जनाउँछ त्यसलाई सादृश्य वाचक भनिन्छ । माथिको उदाहरणको जस्तै सादृश्यवाचक शब्द हो । यसमा सामान्यतः झैं जस्तै, सरि, मानौ, आदि शब्दहरू पर्दछन् ।

**उपमा अलङ्कारका भेदहरू**



**क) १. पूर्णोपमा**

उपमाका चारै अङ्गहरू विद्यमान रहेको अलङ्कारलाई पूर्णोपमा भनिन्छ ।

उदाहरण :

*मृदु वपु अबला छ नाम भारी,*

*हृदय कुठार सरी छ नाशकारी ।* (सोमनाथ सिग्द्याल : आदर्श राधव)

माथिको उदाहरणमा

१. हृदय

२. कुठार

३. नाशकारी

४. सरी

यी चार शब्दहरू नै उपमाको अङ्ग रूपमा प्रस्तुत भएको हुँदा यहाँ पूर्णोपमाको प्रयोग भएको पाइन्छ ।

**२. लुप्तोपमा**

उपमा अलङ्कारका चार वटा अङ्ग उपमेय, उपमान, धर्म र सादृश्यवाचक मध्ये एक दुई वा तीनवटैको लोप भई प्रकट हुने अलङ्कारलाई लुप्तोपमा भनिन्छ ।

जस्तै धर्मको लोप भएको लुप्तोपमा :

*घरमा मेरी ती बुढी आमा ! ती बुढी मर्नेछन्,*

*चन्द्रमा जस्ती ती मेरी मुना ठहरै पर्नेछन्* । (लक्ष्मीप्रसाद देवकोटा : मुनामदन)

ख) उपमेयको लोप भएको लुप्तोपमा :

*बादल झैं बन्छेस्, बादल झैं रुन्छेस् ।* (लक्ष्मी प्रसाद देवकोटा : कुञ्जिनी)

**३. मालोपमा**

एउटा उपमेयका लागि उस्तै-उस्तै वा भिन्न धर्म भएका अनेक उपमानहरूको सादृश्यता देखाउँदा प्रकट हुने अलङ्कारलाई मालोपमा अलङ्कार भनिन्छ । यस अलङ्कारमा एउटै उपमेयका लागि अनेक उपमानहरूले आएर घेरा हाल्दछन् । जस्तै :

यस अलङ्कार तीन प्रकारका हुन्छन् :

- १. समान धर्ममूलक मालोपमा
- २. भिन्न धर्ममूलक मालोपमा
- ३. लुप्त धर्ममूलक मालोपमा

उदाहरण :

**क) समानता धर्ममूलक मालोपमा**

*बनी जीवन झैं शून्य जननी भावको विना ।*

*शिला सिंगारिए जस्ती उन्यु जस्ती पहाडमा ॥*

*फोस्री झैं धानको गेडा विना दाना विना रस ।*

*शून्यमा गुम्न उम्रेकी उर्मिला आँसु झार्दछिन् ॥*

(लक्ष्मी प्रसाद देवकोटा : सुलोचना महाकाव्य)

प्रस्तुत श्लोकमा माथिका तीन पंक्तिमा जो उपमान देखिएका छन् ती सबै उपमानले समानधर्मको निर्वाह गरेका छन् भने ६ वटै उपमानले एउटै तात्पर्यलाई पुष्टि गरेका छन् । त्यसैले यहाँ समानतामूलक अलङ्कार प्रयोग भएको छ ।

**ख) भिन्न धर्ममूलक मालोपमा**

*राम्रो वसन्त झैं पुग्छ जननी भावको विना ।*

*राख्यो शिशिरले खासा चोचो-मोचो दुवै-तिर ॥*

(लेखनाथ पौड्याल : शिशिर विचार)

प्रस्तुत श्लोकमा वसन्तको धर्म राम्रो र हेमन्तको धर्म मैलो भएकाले दुई भिन्न धर्मको प्रयोग भएको छ । त्यसैले भिन्न धर्ममूलक मालोपमा अलङ्कारको प्रयोग भएको छ ।

**ग) लुप्त धर्ममूलक मालोपमा**

*अकेली मुना अत्यन्तैराम्री कमल झैं फुलेकी,*

*बादलको चाँदी किनारा छोई जुन झैं खुलेकी ।*

*कलिला ओठ खोलेर हाँस्ता मोति नै वर्सन्थ्यो,*

*पुसकी फूल झैं सुकेर गइन् आँसु नै वर्सन्थ्यो ॥* (लक्ष्मी प्रसाद देवकोटा : मुनामदन)

प्रस्तुत श्लोकमा उपमेय, उपमान र सादृश्य जस्ता उपमा अलङ्कारको प्रयोग भएपनि उपमाको अर्को अङ्ग तत् जनीत धर्मको अप्रयोगले लुप्त धर्म मूलक मालोपमा अलङ्कारको प्रयोग भएको छ ।

**४. रशनोपमा**

एक भन्दा बढी उपमान र उपमेय-क्रमैले श्रृङ्खलित रूपमा वितरण भएमा रसनोपमा अलङ्कार हुन्छ । यस अलङ्कारका उपमानहरू एक अर्कामा जोडिएर अथवा च्यापिएर आउदछन् ।

जस्तै, उदाहरण :

*बुद्धि झैं फुर्तिलो विद्या, विद्या झैं कीर्ति निर्मला*

*कीर्ति झैं प्रीति अटल हुँदा भो नीति उज्वल ॥* (सोमनाथ सिग्द्याल : साहित्य प्रदीप)

प्रस्तुत पंक्तिमा उपमानहरू श्रृङ्खलित रूपमा आएका छन् भने उपमान र उपमेयको अन्योन्याश्रित सम्बन्ध रहेको छ त्यसैले यहाँ रसनोपमाको उपस्थिति पाउन सकिन्छ ।

**५. उपमेयोपमा**

उपमेय र उपमानको एक अर्कामा सादृश्यता गर्न मिल्दाको अवस्थामा त्यहाँ उपमेयोपमा नामक अलङ्कारको उपस्थिति रहन्छ ।

यस अलङ्कारमा दुवैका बीच अथवा उपमेय उपमानका बीच तादात्म्य सम्बन्ध अथवा उपमानोपमेय भाव रहन्छ ।

जस्तै, उदाहरण :

*फूलजस्तो जोवन थियो जोवन जस्तो फूल,*

*बाँचिदिउँ कि फुलिदिऊँ हुने भयो नि भूल ।*

यस पंक्तिमा पनि उपमेय र उपमानको सम्बन्ध प्रष्ट रूपमा भेट्न सकिन्छ ।

**६. लक्ष्योपमा**

घुमाउरो पाराले सादृश्यवाचक शब्दको प्रयोग गरी अथवा लाक्षणिक शब्दको माध्यमबाट उपमान र उपमेय बीच तुलना गर्दा उपस्थित हुने अलङ्कारलाई लक्ष्योपमा अलङ्कार भनिन्छ ।

जस्तै, उदाहरण :

*स्पर्धा उसले गरे हुन्छ जुनसँग सुन्दरतामा,*

*फूल पनि सर्माउन थाल्छ उसको कोमलतामा ।*

प्रस्तुत पद्यासमा पनि फूलको प्रसङ्गले उपमेयलाई जुनसँग तुलना गरीनुले प्रस्तुत पद्याशंमा लक्ष्योपमा अलङ्कारको उपस्थिति पाइन्छ ।

**२. रूपक अलङ्कार**

उपमेयमा उपमानको विना निषेध आरोपलाई रूपक अलङ्कार भनिन्छ । उपमेय र उपमानका बीच अभेद वा तादात्म्य सम्बन्ध जनाउँदा प्रकट हुने अलङ्कार रूपक अलङ्कार हो । रूपक अलङ्कारका तीन भेद छन् :

जस्तै

- निरङ्ग रूपक अलङ्कार
- साङ्ग रूपक अलङ्कार
- परम्परित रूपक अलङ्कार

### १. निरङ्ग रूपक अलङ्कार

एउटा उपमेयमा एक या एकभन्दा बढी उपमानहरूको आगमनद्वारा उपस्थित हुने अलङ्कारलाई निरङ्ग रूपक अलङ्कार भनिन्छ । जस्तै, उदाहरण :

*मदनकी आमा फुलेकी सेतै ओछ्यान परेकी,*

*डाँडाको जुन अन्त्यको दिन दुःखमा कुरेकी ।*

*सुकेको तेल घरकी बत्ति अधुरो भएकी,*

*अँध्यारो पारी धिपिक्कै जान तयार रहेकी ॥* (लक्ष्मी प्रसाद देवकोटा : मुनामदन)

प्रस्तुत पद्यमा मदनकी आमा एउटै उपमेयका निम्ति एकभन्दा बढी 'डाँडाको जुन' र 'घरकी बत्ति' जस्ता उपमानको प्रयोग भएकोले यहाँ निरङ्गरूपक अलङ्कारको उपस्थिति पाउन सकिन्छ ।

### २. साङ्ग रूपक अलङ्कार

एउटा मुख्य उपमेयमा एउटा मुख्य उपमानको साथै दुवैका अन्य अङ्गहरूको बीचको आरोपलाई जनाउने अलङ्कारलाई साङ्ग रूपक अलङ्कार भनिन्छ । जस्तै, उदाहरण :

*नाट्यशाला छ आकाश, नाचने बिजुली नटी ।*

*ताल दिन्छ तबल्ची झैं मेघ धाकिटि धाकिटि ॥* (लेखनाथ पौड्याल : वर्षा विचार)

### ३. परम्परित रूपक अलङ्कार

एउटा आरोप अर्को आरोपको कारण बन्ने गरी उपमेयमा उपमानको श्रृङ्खलित रूपमा अनेक आरोप लगाउँदा उत्पन्न हुने रूपक अलङ्कार नै परम्परित रूपक अलङ्कार हो । यहाँ एउटा आरोप अर्को आरोपको कारण बनेर आउँछ । जस्तै, उदाहरण :

*रस वेतनका लोभी यद्वा भ्रमर शिक्षक ।*

*आफ्नु जीविका गर्छन पढाई पुष्प-बालक ॥* (लेखनाथ पौड्याल : वसन्त विचार)

माथिको उदाहरणमा भ्रमर उपमेयमा उपमानको आरोप रसमा वेतनको र पुष्पमा बालकको आरोप लगाईएको हुनाले उक्त उदाहरणमा परम्परित रूपक अलङ्कार रहेको छ ।

**३. अर्थान्तन्यास**

साधर्म्य र वैधर्म्यका आधारमा सामान्य कथनलाई विशेष कथनद्वारा विशेष कथनलाई सामान्य कथनद्वारा समर्थन गर्दा उपस्थित हुने अर्थालङ्कारलाई अर्थान्तरन्यास अलङ्कार भनिन्छ । यस क्रममा सामान्य कथनलाई सामान्य कथनद्वारा या विशेष कथनलाई विशेष कथनद्वारा समर्थन जनाउँदा भने यो अलङ्कार हुँदैन । जस्तै, उदाहरण :

*माटो जहाँको मुटुले छुँदैन,*

*त्यहाँ हरियो ममता हुँदैन ।*

*कोरल्छ चल्ला त्यति मात्र पोथी*

*न्यानो भुवाले जति सक्छ छोपी ॥*

प्रस्तुत कवितामा सामान्य कथनको सर्थनमा विशेष कथन आएको हुँदा अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

**४. दृष्टान्त अलङ्कार**

उपमेय र उपमानका बीच बिम्ब-प्रतिबिम्बभाव घटित हुँदा प्रकट हुने अर्थालङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ ।

उदाहरण :

*विश्राम गर्छन निर्धक्क बटुवा वृक्षका मनी ।*

*आडमा योग्य नेताको दुनियाँ झैं सुखी बनी ॥* (लेखनाथ पौड्याल : ग्रीष्म विचार)

प्रस्तुत उदाहरणमा आएको पहिलो पंक्ति मूल कथन बिम्ब हो भने दोस्रो पंक्ति त्यसको पुष्टिका लागि आएको त्यसैको प्रतिबिम्ब भाव हो त्यसैले यहाँ दृष्टान्त अलङ्कारको उपस्थिति देख्न सकिन्छ ।

### ५. समासोक्ति

उपस्थितको वर्णनद्वारा अनुपस्थितलाई पनि बोध गराउँदा प्रकाशमा आउने अलङ्कारलाई समाशोक्ति अलङ्कार भनिन्छ । उदाहरण :

*विस्तारै फूलका साथ खेली खेली मिलीजुली ।*

*सुटुक्क वासना चोरी चल्छ सुस्तै हावा चली ॥* (लेखनाथ पौड्याल : वसन्त विचार)

प्रस्तुत कवितामा हावाले फूलसँग खेली-खेली सुटुक्क वासना चोर्छ भन्ने भनाईबाट कामासक्त पुरुषहरूले फकाएर अथवा झुस्काएर फूलसमान नारीको अस्मिता लुट्छन भन्ने कुरा बोध गराउँछ त्यसैले यहाँ समासोक्ति अलङ्कार प्रकासित भएको देख्न सकिन्छ ।

### ६. अपह्नुति

उपमेयलाई इन्कार गरी उपमानलाई प्रतिस्थापित गर्दा देखिने अर्थालङ्कारलाई अपहनुति अलङ्कार भनिन्छ । उदाहरण :

*यो कुनै फूल होइन बरु आगो हो,*

*यसलाई छुनु आँफै भस्म हुनु हो ।*

प्रस्तुत पंक्तिमा उपमेय फूललाई निषेध गरी उपमान आगोलाई अघि सारिएकोले अपह्नुति अलङ्कारको आच्छादन देख्न सकिन्छ ।

### ७. अप्रस्तुत प्रशंसा

व्यक्त नगरिएका प्रसङ्गले व्यक्त गरिएका प्रसङ्गलाई यदि प्रतीत गराउँछ भने त्यहाँ अर्थालङ्कारको अप्रस्तुत प्रशंसा नामक अलङ्कारको उपस्थिति रहन्छ । उदाहरण :

*सिर्जनाभित्र रचना राम्रा नजरका जुहार ।*

*ईश्वरको हाँसो पाएका फूल छोएर नमार ॥* (लक्ष्मी प्रसाद देवकोटा : मुनामदन)

प्रस्तुत कविता महाकवि लक्ष्मीप्रसाद देवकोटा रचित मुनामदनबाट ग्रहण गरिएको हो । उपयुर्क्त पंक्ति अंशमा ईश्वरको सुन्दर सृष्टि उत्पादन पुष्प अथवा फूल हो भने फूल ईश्वरले हेरेर आनन्द लिन अथवा सुवास ग्रहण गर्न लागि मात्रै हो नाश गर्नका लागि होइन

भनेर शहरका गुण्डाहरूलाई उक्त खण्डकाव्यकी नायिका मुनामाथि खराब नजरले नहेर्न सल्लाह दिएका छन् । त्यसैले यहाँ अप्रस्तुत प्रशंसा नामक अलङ्कारको उपस्थिति पाउन सकिन्छ ।

**८. अतिशयोक्ति**

उपमेयको उपमानका साथ अभेद सम्बन्ध छ भन्दै बोध गराउने र उपमेयको बढाई-चढाई गरी वर्णन गर्दा व्यक्त हुने अर्थालङ्कार नै अतिशयोक्ति अलङ्कार हो । उदाहरण :

*फुलेझैं मधुर ऋतुकी मिठासवाली ।*

*प्याल झैं मधुमय बैंसकी उज्याली ॥*

*चाञ्चल्य प्रकृतिपना सुचारी पारी ।*

*डाक्ने झैं मधुप भईन् सिंगार पारी ॥* (लक्ष्मीप्रसाद देवकोटा : मुनामदन)

यो उदाहरणमा उपमेय शकुन्तलाको गुण एवम् सौन्दर्यको बढाई-चढाईका साथ वर्णन गरिएकोले अतिशयोक्ति अलङ्कार प्रकट भएको छ ।

**९. उत्प्रेक्षा अलङ्कार**

तुलनीयमा तुल्यको सम्भावना देखाउँदा प्रकट हुने अर्थाङ्कारलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ । उत्प्रेक्षाका तीन प्रकार छन् ती हुन् :

१) वस्तुत्प्रेक्षा-अलङ्कार

२) हेतुत्प्रेक्षा-अलङ्कार

३) फलोत्प्रेक्षा-अलङ्कार

**१) वस्तुत्प्रेक्षा-अलङ्कार**

उपमेयमा उपमानको अर्थात एउटा वस्तुमा अर्को वस्तुको सम्भावना जनाउँदा प्रकट अलङ्कार उत्प्रेक्षा अर्थालङ्कार अन्तर्गत वस्तुत्प्रेक्षा अलङ्कार प्रकट हुन्छ । उदाहरण :

प्रिय तिम्रो दाँत मानौ अनारदाना हुनकि !

यहाँ उपमेय र उपमान भिन्नभिन्न भएपनि दाँत नै अनारदाना हो कि भन्ने सम्भावना रहेकोले वस्तुत्प्रेक्षा अलङ्कारको उपस्थिति रहन्छ ।

**२) हेतुत्प्रेक्षा-अलङ्कार**

अकारणलाई कारणमानेर उपमेयमाथि उपमानको सम्भावना देखाउँदा प्रकट हुने उत्प्रेक्षा अलङ्कारको भेदलाई हेतुत्प्रेक्षा अलङ्कार भनिन्छ । उदाहरण :

*साँझमा आकाश मानो सूर्यको,*

*रगत पियर रातो भएको हो ।*

यो उदाहरणमा असत्य भएर पनि रातमा सूर्यको रगत पिएकाले आकाश रातो भएको भन्ने कारणले हेतुत्प्रेक्षा अलङ्कार भन्न सकिन्छ ।

**३) फलोत्प्रेक्षा-अलङ्कार**

जुन उद्देश्य होइन त्यसलाई उद्देश्य मानेर उपमेयमाथि उपमानको सम्भावना जनाउँदा प्रकट हुने उत्प्रेक्षा अलङ्कारको भेद नै फलोत्प्रेक्षा अलङ्कार हो । उदाहरण :

*रात्रिमा गगनबीच तारा चम्किरहेछन्,*

*मानो बटुवालाई मार्ग देखाईरहेछन् ।*

प्रस्तुत उदाहरणमा तारा चम्कनुको उद्देश्य अन्धकार रातमा बटुवालाई बाटो देखाउनु हो भन्ने जनाइएको छ भन्ने उक्त कुरा सत्य होइन । त्यसैकारण अवास्तविक भएपनि सम्भावना जनाइएको हुनाले यहाँ फलोत्प्रेक्षा अलङ्कार रहेको छ ।

**ग) उभयालङ्कार**

काव्यको एउटै पंक्ति वा प्रसङ्गमा अनेक अलङ्कारको उपस्थिति रहने मिश्रित अलङ्कारलाई उभयालङ्कार भनिन्छ । यसमा शब्दालङ्कार र अर्थालङ्कार मध्ये कुनै एउटा वा दुवैका अनेक भेदहरूको संयुक्त आयोजना भएको हुन्छ । यस्ता उदाहरणका रूपमा संसृष्टि र संकर अलङ्कारलाई लिन सकिन्छ । संसृष्टि उभयालङ्कारमा दुई वा सो भन्दा बढी अनेक अलङ्कारहरू एक अर्काबाट स्पष्ट रूपले छुट्टिने/छुट्याउन सकिने गरी आएका हुन्छन् भने शंकर

उभयालङ्कारमा छुट्टिने/छुट्याउन नसकिने गरी परेका हुन्छन् । संसृष्टिमा अनेक अलङ्कारहरू तिल र चामल जस्ता भएर बसेका हुन्छन् भने संकर अलङ्कारमा एकभन्दा बढी अनेक अलङ्कारहरू दूध र पानी जस्तै गरी अभेद्य भएर बसेका हुन्छन् ।

## तेस्रो परिच्छेद

# मल्लाज क्षेत्रको परिचय

### ३.१ मल्लाज क्षेत्रको परिचय

सबैलाई मोहनी लाउने उत्तर धौलागिरी हिमालयको काखमा बसे जस्तो देखिने कहीँ सम्मो कहीँ भिरालो समुद्री सतहबाट लगभग १५०० मि. माथि अवस्थित मल्लाज क्षेत्र दिव्य प्राकृतिक छटाले भरिपूर्ण छ । पूर्वमा धाइरिङ गा.वि.स., उत्तरमा नागी एवम् राखुको पिप्ले गा.वि.स. दक्षिण पश्चिममा म्याग्दी जिल्लाले घेरको मल्लाज क्षेत्र विश्वकै एक मात्र शालिग्राम शिला पाइने हिन्दूहरूको पवित्र तीर्थ कालीगण्डकीको पूर्वदिग्भागमा अवस्थित छ । मल्लाजको इतिहास हेर्दा मल्लहरूको उत्पत्तिस्थल एवम् पहिले मल्लहरूले राज्य गर्ने भएकोले यस क्षेत्रको नाम मल्लाज रहन गएको पाइन्छ । अन्य जातिहरूको बसोबास भए पनि अल्पसंख्यामा रहेका मल्लहरूले राज्य गरेका भएर नै यस क्षेत्रलाई मल्लाज नामाकरण गरिएको ऐतिहासिक प्रमाण पाइन्छ ।

### ३.२ भौगोलिक स्थिति

मल्लाज क्षेत्र पर्वत जिल्लाको क्षेत्र नं. १ अन्तर्गत उत्तर पूर्वी क्षेत्र नागी र धाइरिङ गा.वि.स.को मध्य भागमा पर्दछ । मानचित्रमा यो क्षेत्र २८°७,२५८५ उत्तरी अक्षांश र ८३°४१,५४.२८ पूर्वी देशान्तरमा पर्दछ । समुद्री सतहबाट ३३०९ मि. उचाइमा रहेको हम्पालको लेकसम्म फैलिएको छ । यस स्थानमा केही स साना खोला नाला एवम् जंगल र ढुंगेखानी जस्ता प्राकृतिक संपदाहरू छन् ।

### ३.३ हावापानी वा खेतीपाती

प्राकृतिक सम्पदाहरू हेर्दा मल्लाज क्षेत्र धनी छ । खानीपानीका ढुंगे धाराहरू ठाउँ ठाउँमा रहेका छन् । यहाँको जलस्रोत हिउँदमा पनि नसुक्ने धेरै पानीका मुलहरूले भरिपूर्ण छ । जतातततै हरियाली र तिन तिरबाट ठुलाठुला वनहरूले घेरिएको छ । यहाँका उत्पाद्य चिजहरूमा सुन्तला, मौसम, धान, कोदो, मकै, गहुँ, जौ, वा, केराउ, भटमास, सिमी, मास, स्यालटुङ्ग, गहत, अदुवा, बेसार, तरुल, पिँडालु, आलु, बन्दगोभी, फूलगोभी, गोलभेडा, चरेला

आदि पर्दछन् । शितलो ठाउँ दिनभर घामको प्रकाशले गर्दा पारिलो ठाउँ दक्षिणतिर बागलुङ देखिने उत्तरतिर सुन्दर हिमाल देखिने पश्चिमतिर बेनीको बजार देखिने रमणिय क्षेत्र हो ।

## ३.४ सामाजिक अवस्था

समूहमा मिलेर बस्ने विभिन्न व्यक्तिहरूको रहनसहन, भेषभुषा, संस्कार जस्ता सामूहिक अवस्थालाई नै सामाजिक अवस्था भनिन्छ । यस क्षेत्रको सामूहिक अवस्था जातजाति अनुसार फरक फरक किसिमको रहेको छ । यहाँ क्षेत्री, ब्राह्मण, कामी, दमाई, ठकुरी, घर्ती, मगर, गुरुङ जातिहरूको बसोबास रहेका पाइन्छ । लोग्ने मानिसहरू दौरा सुरुवाल, कोट पाइन्ट, कमिज, इस्टकोट, कछाड लगाउँछन् भने महिलाहरूले साडी, लुगी, बलाउज, पटुकी लगाउँदछन् । त्यस्तै आजकलका युवतीहरूले टिसर्ट पाइन्ट, कुर्ता सुरुवालका साथै जामा लगाउने गर्दछन् । यहाँका महिलाहरू पनि अन्य ठाउँमा जस्तै गहना लगाउँछन् । महिलाहरूले नाकमा फुली, हातमा औँठी, कानमा माडवरी, घाँटीमा तिलहरी, मंगलसूत्र, शिरमा चन्द्रमा, खुट्टामा पाउजु र हातमा चुरी आदि मुख्य रूपमा लगाउँछन् ।

धार्मिक दृष्टिले मल्लाज क्षेत्रका मानिसहरूमा हिन्दू धर्म मान्नेहरूको संख्या अधीक रहेको छ भने उनीहरू हिन्दू परम्परा अनुसार विवाह, ब्रतबन्ध, अन्नप्रासन, काजक्रिया गर्दछन् । ब्राह्मण, क्षेत्री, ठकुरी, मगर लगायतका जातिहरूले मानिस मरेपछि नजिकैको बेनी र मिलनचोक स्थित कालीगण्डकीमा लगेर दाहसंस्कार गर्दछन् । गुरुङहरूले आफ्नो मृत्यु संस्कार गराउँदा घरभन्दामाथि खुल्ला ठाउँमा अथवा डाँडामा लगेर गाड्ने प्रचलन छ । त्यसैगरि ब्राह्मण, क्षेत्री, ठकुरी आदि जातिहरूले पितृहरूको सम्झनामा हरेक वर्ष श्राद्ध गर्ने गर्दछन् भने गुरुङ जातिहरूले पितृलाई सम्झि अर्घौ गर्ने गर्दछन् । मल्लाज क्षेत्रमा गुरुङ जातिको संख्या न्यून रहेको पाइन्छ ।

विवाह गर्नका लागि ब्राह्मण, क्षेत्री, ठकुरी आदि जातिमा केटा पक्षले पनि केटी माग्ने र केटी पक्षले पनि केटा माग्ने प्रचलन रहि आएको छ भने अन्य जातिहरूमा केटाले नै केटी माग्न जाने प्रचलन रहेको पाइन्छ ।

लोक संस्कृतिमा यो क्षेत्र पनि धनी रहेको छ । मल्लाज क्षेत्रमा धेरै बस्ती बाहुन, क्षेत्री जातिको छ भने अन्य जातिको बस्ती न्यून रहेको छ । ब्राह्मण क्षेत्री परिवारमा विभिन्न मेला पर्वमा भोजन, भजन गाउने, बालन नाच्ने यस जातिका पुरुषहरूमा पाइन्छ भने महिलाहरू

विभिन्न उपवास, तीज, मेला पर्वमा गीत गाउने गर्दछन् । यस क्षेत्रका मानिस सामान्य दालभात, ढिडो, मकै, रोटी, साग, दूध दही, मोही, मह आदि खाने र सानातिना व्यवसाय गरी बसोबास गरेको देख्न सकिन्छ ।

### ३.५ आर्थिक अवस्था

मल्लाज क्षेत्र भिरालो पहाडी क्षेत्र भएकाले त्यति खेतीयोग्य जमिन पाइँदैन । केही भूभाग भने उर्वराताका दृष्टिले राम्रा देखिन्छन् । यहाँका मानिसहरूको मुख्य पेसा कृषि र पशुपालन हो भने बाँसखर्क क्षेत्रमा सुन्तलामात्रै खेती हुने गर्दछ । यहाँका ब्राह्मण समुदायका मानिसहरू कर्मकाण्ड, ज्योतिष, पढाइ एवम् विविध पेशामा लागेका छन् भने केही क्षेत्रीहरूले ज्योतिष पेशा गर्ने गरेको देखिन्छ । क्षेत्री, ठकुरी, दलितहरू विषेश गरी सेना र पशुपालनमा लागेका छन् भने धेरैजसो युवाशक्ति बैदेशिक रोजगारीमा पलायन भएका छन् । यहाँका केही ब्राह्मण, क्षेत्री एवम् ठकुरीहरू नेपाल सरकारको उच्च ओहोदामा पुगेको देखिन्छ ।

### ३.६ शैक्षिक अवस्था

मल्लाज क्षेत्र शैक्षिकस्तरमा मध्यमस्तरको छ । यस क्षेत्रमा धेरै बस्ती ब्राह्मण र क्षेत्रीहरूकै रहेको छ भने मगरहरूको बस्ती पनि बाक्लै छ । प्राय: मगर र दलित जस्ता जातिहरूमा पहिले-पहिले शिक्षाको चेतना त्यति भएको पाइँदैन भने हिजो आज यी जातिहरूमा पनि शिक्षाको चेतना विकास भइसकेको पाइन्छ । त्यस्तै ब्राह्मण, क्षेत्री र ठकुरीहरूमा भने पहिलेदेखि नै शिक्षाको चेतना अधिकै रहेको पाइन्छ भन्ने उदाहरण नेपालको सरकारी सेवामा उच्च पदमा पुग्नु, एवम् शिक्षण पेशामा संलग्न हुनु, निजामतीका विभिन्न क्षेत्रमा पुग्नुले प्रमाणित गर्दछ । मल्लाजमा शैक्षिक मानिसहरूको संख्या ६० प्रतिशत रहेको छ भने अशिक्षित ४० प्रतिशत रहेको पाइन्छ । यस परिप्रक्ष्येमा मल्लाज क्षेत्रको शिक्षाको अवस्था राम्रो छ भन्न सकिन्छ ।

### ३.७ निष्कर्ष

मल्लाज क्षेत्र पर्वत जिल्लाको सदरमुकाम कुश्मादेखि उत्तरपूर्वी सिमानामा अवस्थित छ । भिरालो उच्च पहाडी जमिन प्राकृतिक सम्पदाले यो क्षेत्र धनी छ । यहाँ मौसम अनुसारका फलफुल, बहुमूल्य जडिबुटी र विभिन्न पशुपक्षीपनि पाइन्छन् । यहाँबाट धौलागिरि आदि

सुन्दर हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँका स्थानीय मानिसहरू स-साना व्यवसायमा छन् । केही सरकारी पेशामा छन् भने केही अवस्थाले गर्दा वैदेशिक रोजगारमा जानु परेका छ र केहीले भने दैनिक ज्यालादारी गरी जीवनयापन गरेको पाइन्छ । यहाँका विभिन्न मेला, पर्व एवम् धार्मिक कार्यक्रममा विभिन्न प्रकारका गीतहरू गाइन्छन् ।

# चौथो परिच्छेद

# मल्लाज क्षेत्रका लोकगीत र तिनमा प्रयुक्त अलङ्कार विधान

## ४.१ कर्मगीत

श्रम गर्दा गाइने गीतलाई कर्म गीत भनिन्छ । मकै गोड्दा धान गोड्दा, दाइँ राख्दा, धान काट्दा डोकामा मल बोक्दा कोदो रोप्दा, गहूँ ठटाउँदा गाइने गीतलाई श्रम गीत अथवा कर्मगीत भनिन्छ । तुलनात्मक रूपमा यो गीत पुरुषले भन्दा महिलाले नै बढी गाउने गर्दछन् । कृषक जीवनको अथवा नेपाली ग्रामीण जीवनको प्रमुख अंग नै कर्म भएकाले र कर्म नगरी खान पनि धौ-धौ हुने भएकोले विभिन्न श्रम गर्दा थकानको महशुस नहोस् भनी मनको उमङ्ग एवम् दुःखलाई गीतद्वारा व्यक्त गर्ने गरिएको पाइन्छ । श्रम गीतमा वाद्यवादनको प्रयोग हुँदैन तर असारे गीतमा रोपाई महोत्सवका रूपमा असारे १५ आदिमा गाइने गीतमा भने नौमती बाजागाजा बजाएर गीत गाइन्छ । यस मल्लाज क्षेत्रमा पनि श्रम गर्दा गाइने लोकगीतहरू धेरै भेट्न सकिन्छ । विशेषतः यस क्षेत्रमा गाइने कर्मगीतहरूमा जेठ महिनामा गाइने जेठेगीत असार महिनामा गाइने गीत एवम् कार्तिक या मंसिरमा परालको दाइँ राख्दा गाइने दाइँगीत प्रमुख हुन् । यस्ता प्रकारका कर्मगीतहरूमा हाँसखेल, वेदना, मर्म, दुःख आदि भावहरू मुख्यरूपमा प्रकट गरिन्छ । विभिन्न अलङ्कार कर्म गीतमा प्रयोग गरिन्छ जस्तै :

### ४.१.१ जेठे गीत

जेठ महिनामा मकै गोड्दा वा घैयाँ गोड्दा काम गर्दा गाइने गीतलाई जेठे गीत भनिन्छ । जेठे गीतलाई परिभाषित गर्ने क्रममा कृष्णप्रसाद पराजुलीले भनेका छन्, -'जेठ महिनाका हपहपाउने गर्मीयाममा गाईने कर्मगीतलाई जेठे गीत भन्ने गरिन्छ (पराजुली,२०५७ :२०८) । नेपाल कृषि प्रधान देश भएका कारण कृषिसम्बन्धी गीत पनि प्रसस्त रूपमा पाइन्छन् । काम गर्दै गर्दा माटो लागेको हातको हत्केलाले पसीना पुछी खुई गर्दै लामो सुस्केरा हाली तीखो स्वरमा प्रायजसो महिलाहरूले नै यो गीत गाउने गरेको पाइन्छ । खेतवारीमा काम गर्दा शरीरमा भएको थकानलाई बिर्सनका निम्ति चित्तलाई बहलाउन यो गीत गाउने गरिन्छ । काम गर्दै गर्दा मनमा गुम्सीएर बसेका अतृप्त इच्छाहरू नै गीतका विषय बनेका हुन्छन् ।

पर्वत मल्लाज क्षेत्रमा जेठको महिनामा मकै गोड्ने, र त्यहि अवसरमा मकै भित्र कोदो रोप्ने गरिन्छ । खेतमा दुवो नफैलीयोस र खेत रोप्ने बेलामा (धान रोप्ने) सजिलो होस् भनेर बाँजो जोतिन्छ र मलखातामा रहेको मल अरिम-परिम गरी (परेली लगाई) खेतमा लगेर घोप्टोउने कार्य गरिन्छ । त्यसैकारण जेठ महिनालाई मल्लाज क्षेत्रमा महत्वपूर्ण महिनाका रूपमा लिइन्छ । कतै कतै पनि पर्याप्त भएको ठाउँमा भने जेठ महिनामै धान पनि रोप्ने गरिन्छ यस्तो खेतलाई जेठे खेत भनेर नामाकरण गरेको पाइन्छ । यस्तै अवसरमा एकल वा सामुहिक रूपमा गाइने गीत नै जेठे गीत हो । मल्लाज क्षेत्रमा गाइने जेठे गीत र तीनमा प्रयुक्त अलङ्कारलाई यसरी चिनाउन सकिन्छ :

*जेठै र मासका चर्का यी घाम,*

*झ्याउँकीरि कराउने ।*

*हिं वरै बुढा जता र जान्छन्,*

*उतै हो हराउने ।*

*त्यो अरजेत कोदाको विउ,*

*ढाक्यो नि झारले ।*

*क्या दुःखी घर पा¥यो नि आमा,*

*अभागी कर्मैले ।*

*खुर्पानी पाक्यो त्यो गैरीगाउँमा*

*टिपेर ल्याइदेउन ।*

*हैं वरी मलाई भन्छौ क्वै भने,*

*एकैछिन आइदेउन ।*

××× ××× ×××

प्रस्तुत जेठे गीतमा पनि अन्त्यानुप्रास अलङ्कारको छनक पाइन्छ । यहाँ व्यक्त भएका पंक्तिहरूका अन्त्यमा 'कराउने' 'हराउने' जस्ता पद विन्यासले अन्त्यानुप्रासको सुन्दरता छरिरहेका छन् । प्रस्तुत गीतमा एउटै र शब्दको छ पटकसम्म पुनरावृत्ति भएकोले वृत्यानुप्रास अलङ्कार प्रकट भएको छ । पहिलो टुक्कामा एउटै र वर्णको छ पटकसम्म पुनरावृत्ति भएकोले वृत्यानुप्रास अलङ्कार प्रकट भएको छ भने दोस्रोमा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको छ ।

### ४.१.२ असारे गीत

असार अथवा साउन महिनामा नेपालका धेरै ठाउँमा धान खेती गरिन्छ । विशेषतः असार महिनामा धान रोप्दा गाइने गीतलाई असारे गीत भनिन्छ । 'असार' शब्दमा 'ए' प्रत्ययको योग भई असारे शब्द बन्दछ । यसलाई रोप्दा गाइने हुनाले रोपाइँ गीत पनि भनेको पाइन्छ । यस मल्लाज क्षेत्रमा अन्य क्षेत्र जस्तै असार १५ लाई महत्व दिइन्छ र दही चिउरा, खाने र गरामा गई हिलो एकअर्का प्रति छ्यापाछ्याप् गर्ने गरिन्छ । यस अवसरमा सामुहिक रूपमा विभिन्न असारे गीतले खेतको फाँट नै घन्काएको पाइन्छ । भने पहराहरूबाट वगेका छहराहरूको आवाजले प्राकृतिक मधुर संगीत दिए जस्तो भान हुन्छ । अरु समय भन्दा किसानहरू पनि यस समयमा बढी तल्लीन र सक्रिय भएको देखिन्छ । खेताली, बाउँसे र हलीलाई कामको थकान नहोस् भनेर मनोरञ्जनका लागि यो गीत गाइन्छ । यस प्रकारका विविध असारेगीतहरूमा विविध अलङ्कारको प्रयोग भएको पाइन्छ । ती गीतमा प्रयोग भएका अलङ्कार र नमुना गीत यस प्रकारका छन् :

*हो... काले हो .. हो .. माले हो ..हो ...*

*असारै मास कुटेका चिउरा*

*साउनमा घुन लाग्यो,*

*छोरीलाई सुख छ भन्थे बाले*

*मैलैमा जुन लाग्यो*

*टहमा टह जुनै र लाग्यो,*

*भ्यागुतो करायो,*

*बादलु आयो जुनै र छेक्यो,*

*उजेली हरायो*

*घरैमा दुःख निदर्यी बुढा*

*कचकचे सासु छन्,*

*क्यै छैन मनमा खुसी र सुख*

*आँखामा आँसु छन्*

प्रस्तुत असारे गीतमा पहिलो टुक्कामा स्वभावोक्ति अलङ्कार दोस्रोमा हेतु तेस्रोमा विषाद अलङ्कार प्रयोग भएको छ ।

### ४.१.३ दाँइगीत

कार्तिक र मंसिरमा धान भित्र्याउने बेलामा धान घर ल्याइसकेपछि त्यही खलोमा त्यो झाँटेको पराल दाई राख्दा गाइने गीतलाई नै दाँइगीत भनिन्छ । यस प्रकार असार र साउनमा रोपेको धान कार्तिक मंसिर महिनामा काटेर थन्काएपछि पराल माड्न गोरुलाई खेद्दै गाइने गीतलाई दाइगीत भनिन्छ । नेपालका प्राय : जसो सबै ठाउँमा गाइने यो गीत विशेष गरी सह ल्याउन र धान भित्र्याउन लागेको खुसियालीमा गाइने गरिन्छ । गोरुलाई क्रमैले बाँध्ने दाम्लाहरू जोडेर गाँठो पारिन्छ र जति गोरु छन् त्यतिवटा दाम्ला त्यसमा लगाइन्छ यसलाई हार भनिन्छ । त्यो हारलाई मियोमा बाँधि गोरुलाई पनि हाँरमा बाँधिन्छ र तल खलोमा पराल छिरलेर गोरुलाई हिँडाइन्छ । यस अवसरमा पराल झाँड्दा रहेका धानका गेडालाई झार्ने काम गरिन्छ । यस प्रकार दाइराख्दा मिँयोको टुप्पोमा धानको बालाको झुप्पो बनाई बाँधेर राखिन्छ । दाई हाल्दा कसैले गोरु धपाउने, कसैले पराल फाल्ने, कसैले परालको लुडो बनाई टौवामा राख्ने अथवा भारी बाँध्ने कार्य गरिन्छ । अन्यत्र भन्दा यस क्षेत्रको बाली भित्र्याउने तरिका पनि भिन्न छ । अरु क्षेत्रमा धान काटिसकेपछि त्यसलाई अंगला-अंगाला बनाई कुन्निउँमा राखि पछि झाँटिन्छ भने मल्लाज क्षेत्रमा यस्तो प्रचलन एकादुई मात्र पाइन्छ । प्रायःजसो धान काटेको तेस्रो दिन धान झाट्ने प्रचलन छ । धान 'झाँट्ने' शब्द पनि यहाँको मौलिक शब्द हो जो अन्यत्र सुन्नमा कमै पाइन्छ । 'झाँट्ने'को सट्टा 'चुट्ने' भन्ने शब्द प्रायजसो भन्ने गरिन्छ । यस प्रकार दाँइ राख्दा गोरुलाई फकाई

'तिमी' शब्दले सम्मान गर्ने गरिन्छ यो यस क्षेत्रको विशेषता हो । गोरुलाई खेद्ने 'दाइया' हरूले हो हो काले, हो, हो माले, चम्रे, तिल्के, दाइमाडो पराल फाँडो जस्ता शब्दहरूले गोरुलाई सम्बोधन गर्ने गरिन्छ । दाईमा गोरुको पुच्छर, सिंङ, खुट्टाले गरेको कामको वर्णन गरिन्छ । दाँई सकिसकेपछि धानको रास बनाईन्छ । एकात्रित गरेर थुप्राइएको धानको थुप्रोलाई रास भनिन्छ । यस प्रकारको धानको रासलाई घिऊ र चिनी, पातीको फूल मलेर आगो सल्काई धुप दिइन्छ र खेतका देवी देउतालाई सह ल्याईदेउ भनेर स्तुति गरिन्छ । यी रमाइला दाँइगीतहरूमा पनि भिन्न भिन्न अलङ्कारले सुशोभित भएको देख्न सकिन्छ । मल्लाज क्षेत्रमा प्रचलित दाँइगीतको नमुना र त्यसमा प्रयुक्त अलङ्कारलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ ।

*गोरुको कानले बत्यायो धान,*

*गोरु खेद्ने केटाले अलि राम्ररी*

*गोरुलाई हान ।*

*हो .. हो .. काले ... हो हो .. हो हो माले ... हो हो*

*मियोको टुप्पोमा वस्यो कोइली,*

*गोरु खेद्नेलाई खीरको चोइली ।*

*हो .. हो .. काले ... हो हो .. हो हो तारे ... हो हो*

*गोरुको सींङमा परालको तान्द्रो,*

*गोरु नखेद्नेलाई मुसाको आन्द्रो ।*

*हो .. हो .. काले ... हो हो .. हो हो माले ... हो हो*

*चारै खुट्टाले रिङ्गाइदेउ चम्रे*

*कानले बताइदेउ बीचको गुरे*

*हो .. हो .. काले ... हो हो .. हो हो माले ... हो हो*

*अनिकालमा सह ल्याई देऊ*

*धानको रासको बनाइदेउ चुरो*

*हो .. हो .. काले ... हो हो .. हो हो माले ... हो हो*

××× ××× ×××

माथि उल्लेख गरिएको कर्म गीत अन्तर्गत पर्ने दाइँ गीतमा गोरुको कानले धान बत्ताउन नसक्नेभए पनि उक्त कुराको वर्णन भएकोले अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ । त्यस्तै दोस्रो पंक्तिमा अन्त्य शब्दहरूको संयोजनले गर्दा अन्त्यानुप्रास अलङ्कार पर्न गएको छ भने तेस्रो पंक्तिमा अतिशयोक्ति अलङ्कार नै प्रयोग भएको देख्न सकिन्छ । त्यस्तै चारौँ पंक्तिमा पनि अतिशय उक्तिको कथनले अतिशयोक्ति अलङ्कार नै प्रयोग भएको छ ।

### ४.१.४ घाँसे गीत

नेपाल एउटा कृषि प्रधान देश हो । खेती किसान गर्ने गाईवस्तु पाल्ने यहाँको पुरानो परम्परा अद्यावधि पनि चल्दै आइरहेको छ । पहिले पहिलेका महिलाहरू पटुकीमा मकै र भट्टमास राखी ठूलो डोको बौँकी जंगलतिर एवम् खोरिया, पाखातिर व खरबारीतिर घाँस काट्दै आफ्ना मनका वेदनालाई गाउँदै त्यो तिखो भाकाले वनपाखा घन्किने गर्दथ्यो । यो गीत प्रायः पुरुषले भन्दा महिलाले नै बढी गाउने गर्दछन् । पुरुषले पनि केही मात्रामा यो गीत गाउने गर्दछन् । प्रायः जसो घाँसपात, खेतबारीको काम महिलाले गर्ने भएकाले महिलाले यो गीत बढी गाएको पाइन्छ । यस्ता गीतमा परदेश गएका आफ्ना पतिको सम्झना, आफ्नो दुःखको बखान, घरका सासु ससुराले लगाउने बचन आदिलाई विषयवस्तु बनाएर वर्णन गरिएको पाइन्छ । पर्वत मल्लाज क्षेत्रमा गाइने घाँसे गीत र तिनमा प्रयुक्त अलङ्कारलाई तल प्रस्तुत गरिएको छ ।

*जीवनैमा टुटेन मलाई*

*आँसी नाम्लो हातैमा लिनलाई*

*खेतको पुछार मकै पाक्यो*

*खाइसक्यो गुनाले,*

*स्कुल मैले पढ्न पाइन*

*बाउ मुर्ख हुनाले ।*

*ठूलो रुख काफल पाक्यो*

*टिपी मैले खाइन*

*अपुर साथी अघि भए*

*मैले पढ्न पाइन ।*

*जीवनमैमा...*

××× ××× ×××

*ठूलो पाकड सिगरेट त*

*सानो पाकड सलाई*

*स्कुल पढ्न जान्छु भन्दा*

*पिट्न आउथे मलाई ।*

*जीवनैमा...*

माथि उल्लिखित पंक्तिहरूमा अप्रत्यक्षमा प्रत्यक्षको प्रसङ्ग ल्याइएको हुनाले अथवा प्रस्तुतको वर्णनद्धार अप्रस्तुतको प्रतीति भएको हुनाले समसोक्ति अलङ्कार प्रकट भएको छ ।

## ४.२ पर्वगीत

धेरै प्रकारका चाडपर्वहरू नेपालमा मनाउने गरिन्छ । पहिले मीठो मसिनो खान र राम्रो लुगाफाटो लगाउने पर्वका रूपमा दशैं तिहार आदि चाडपर्वहरू मनाउने गरिन्थ्यो । भने समय र युगीन परिवर्तनसँगै अहिले त्यो परिस्थिति एवम् चलन हटेको छ । पहिले पहिले द्रव्य भन्दा पनि वस्तुको विनिमय थियो त्यसैले वस्तुलाई बढी प्राथमिकता दिइन्थ्यो भने अहिले द्रव्य विनिमय भएको छ पैसाले सबथोक आउने भएकोले पहिलेको र अहिलेको सभ्यता (चलन) मा पनि केही अन्तर पाउन सकिन्छ । यस प्रकार यिनै विभिन्न प्रकारका चाड पर्वमा गाइने गीत नै पर्व गीत हो । पर्वत मल्लाज क्षेत्रमा पनि यस प्रकारका विभिन्न

चाडपर्वहरू मनाउने गरिन्छ । यस्ता चाडपर्वहरूमा गाइने गीतहरूमा 'तीजे' गीत मालसिरी, भैलो र देउसी आदि प्रमुख हुन् ।

### ४.२.१ मालश्री गीत

मालश्री गीत दशैंको घटस्थापना देखि महानवमीसम्म साँझ बिहान दुर्गा देवीको आराधना गर्दै गाईने गीत हो । यस गीतलाई रागमालश्री माल्सिरी पनि भनेको पाइन्छ (भट्टराई २०५२ : ७५) । त्यसैले यस गीतलाई लोक जीवनमा मालसी, मालश्री, रागमालश्री आदि पनि भनेको पाइन्छ यो गीत भारतबाट नेपाल भित्रिएको हो । यो गीत नेपालमा मल्लहरूको पालादेखि अथवा मल्लकाल भन्दा पहिलेदेखि नै सुरु भएको थियो (थापा र अन्य २०४१: १५६, पराजुली २०५६ : १८६) । यो गीत बाह्मण, क्षत्री, नेवार, गन्धर्व आदि जातिका पुरुष एवम् महिलाले गाउने गर्दछन् । यो गीत एक्लै वा सामूहिक रूपमा पनि गाउने गरेको पाइन्छ । यो गीत गाइनेले सारंगी रेटेर अथवा नरेटीकनै पनि गाउने गर्दछन् । भने कतिपयले यसलाई हारमोनियममा पनि गायन गरेको देखिन्छ । यस मल्लाज क्षेत्रमा गाईएको मालश्री गीत यस प्रकार छः

*जय हो, दुर्गा जय रणचण्डी दुष्ट विनासिनी, गाईए,*

*शक्ति स्वरूपा, त्रिभूवन पालिनि सिंहवाहिनी सुहाइऐ ।*

*शैल निवासीनी गिरिजा, पार्वति आदि स्वरूपा भजिए ।*

*विन्ध्या चलमे राजत माता भक्तनकी वर दीजिए ।*

*अनाथ नाधिनी, त्रिभुवन सुन्दरी दृष्टी कृपा कीजीए ।*

*भजिए भजिए जगतै भक्तन त्रिपाला आरती किजीए ।*

*जय हे दुर्गा...*

### ४.२.२ भैली गीत

नेपालीहरूका दुई महान चाडपर्वमध्ये दशैंपछि आउने अर्को रमाइलो चाड तिहार हो । यही तिहारमा मौका पारी भैली र देउसी खेल्ने गरिन्छ । विशेषतः भैली गाई तिहारको औंसी वा लक्ष्मी पूजाको दिन महिलाले गाइने पर्व गीत हो । भैली गाउने ती महिलाहरूलाई भैलेनी

भनिन्छ । भैली खेल्ने परम्परा बलि राजाले चलाएका चलन अनुसार चलेको हो -थापा र अन्य, २०४१ : १६७, बन्धु २०५८ : १६८) । भैली वर्ष दिनमा एकपटक मात्र खेलिने हुनाले प्रत्येक घर घरमा पुगेर भैली खेल्ने प्रचलन रहि आएको छ । यसो भनिए तापनि अहिले तिहार पछि १० दिनसम्म पनि भैलो खेल्ने चलन पनि चल्न थालेको पाइन्छ । विशेष गरेर स्कुले केटाकेटी एवम् युवायुवतीहरू बाजासहित विभिन्न नृत्यका साथमा भैली खेल्ने प्रचलन आजभोलि चल्न थालिसकेको पनि देख्न सकिन्छ । यद्यपि अहिले विना बाध्यवादनकै घरघरमा गई भैली खेल्ने प्रचलन पनि यथावतै छ । अझ युवायुवती अथवा स्कुले केटाकेटीले त भैली खेली सङ्कलन भएको पैसाले सामूहिक बनभोज खाने, भ्रम्ण गर्ने, अथवा एक आपसमा वितरण गर्ने प्रचलन चल्न थालिसकेको छ । यस मल्लाज क्षेत्रमा पनि विभिन्न किसिमका भैलीगीत गाउने गरिन्छ । यस्ता भैली गीतहरू पनि प्रशस्त अलङ्कारले बेरिएको हुन्छ । यस क्षेत्रका गीत र तीनमा प्रयुक्त अलङ्कारलाई तल प्रस्तुत गरिन्छ ।

*आहै भनभन संगी भैलो*

*राम्ररी भन भैलो*

*गाई तिहारो भैलो ।*

*लक्ष्मी पूजा गरेको ।*

*हे वर्ष दिनको चाड*

*हे औसीबारो गाई तिहारो भैलो ॥*

*हजुरको आँगन आयौं सबै मिलेर ।*

*हामी त त्यसै आएका होइनौं*

*बली राजाले पठाएर*

*हे साथी सबैले भन भैलो ।*

प्रस्तुत भैलो गीतमा स्वभावोक्ति र अन्त्यको टुक्कामा बलीराजाले पठाएर आएको जस्ता पंक्तिले हेतु अलङ्कारको प्रयोग भएको छ ।

### ४.२.३ देउसी गीत

भैली जस्तै देउसी पनि प्रमुख पर्व गीत हो । तिहारको टिका लगाइसकेपछि त्यसै दिनको बेलुका समूहिक रूपमा घर घरमा गई देउसी खेल्ने प्रचलन रही आएको छ । विभिन्न थरिका आशीर्वाचन दिइने यो देउसी गीत अत्यन्त मीठो भाकामा गाउने गरिन्छ । गोलाकार बनाएर सामूहिक रूपमा बिस्तारै नाच्दै यो देउसी गीत गाइन्छ ।

देउसी खेल्दा विशेष गरेर जुन घर गएको छ तयो घरको गुणगान गाउने त्यो घरका व्यक्तिलाई लक्ष्मी, सरस्वती, राजा, रानी, श्रेष्ठ पुरूपा देउताहरूसँग दाँजेर प्रशंसा गरिने प्रचलन रहेको पाइन्छ । देउसी गीतमा रातो माटो चिप्लो बाटो, आफू, त्यसै नआएको बली राजाले पठाएको, एकदुई घर मात्र नभई सयौं घर जानुपर्ने, अँधेरी रात आदि आदि कुराहरूको वर्णन हुन्छ । पहिले पहिले यो गीत गाउने अवसरमा बाद्यवादनको प्रयोग भएको पाइन्नथ्यो भने अहिले वाद्यवादनका रूपमा मादल मुरली आदि वाद्यसामग्री पनि बजाएको पाइन्छ । यस प्रकार देउसी गाइरहेका देउसी समूहलाई अर्थात देउसारेहरूलाई घरबेटी आमाले नाङ्लोमा सेल रोटी, फलफूल, पैसा र चामलमाथि दिले बालेर राखी ल्याउछिन् त्यसपछि देउसारेहरूले दियोलाई पूजा गरी घरबेटीहरूलाई आशीर्वाद दिँदै विदा हुने प्रचलन छ ।

यसरी दियो पूजा गरिसकेपछि दक्षिणा थप्नका लागि फेरि पनि आशीर्वाचन दिँदै देउसीले गाउँदै समयलाई लम्ब्याइने प्रचलन पनि छ । मल्लाल क्षेत्रमा केही क्रियाशील समाजसेवी समूहले वा आमा समूहहरूले देउसी र भैलो खेली उठाएको पैसाले सामाजिक कार्य जस्तै धारो नभएको ठाउँमा धारो बनाउने, चौतारी, पाटीपौवा सम्हार, मर्मत एवम् निर्माा जस्ता कार्य पनि गरेको पाइन्छ ।

#### देउसीरे गीत

आ है भन भन भाइ हो        देउसीरे

आ है राम्ररी भन        देउसीरे

आ है स्वरमिलाईकन        देउसीरे

आ है यो घरैका        देउसीरे

आ है बाबा कस्ता	देउसीरे

आ है राजा जस्ता	देउसीरे

आ है यो घरकी	देउसीरे

आ है आमा कस्ती	देउसीरे

आ है रानी जीस्ती	देउसीरे

आ है यो घरकी	देउसीरे

आ है छोरी कस्ती	देउसीरे

आ है राजकुमारी जस्ती	देउसीरे

आ है वर्ष र दिनको	देउसीरे

आ है रमाइलो चाड	देउसीरे

आ है मनाउन	देउसीरे

आ है आएका हामी	देउसीरे

आ है सबै मिली	देउसीरे

आ है भन भन भाइ हो	देउसीरे

प्रस्तुत देउसी गीतमा चार पंक्ति देखि चौध पंक्तिसम्म घरका परिवारलाई राजा र रानी एवम् राजकुमार र राजकुमारीका रूपमा रुपित गरिएकोले ‘रूपक अलङ्कार’ प्रयोग भएको छ । त्यस्तै पन्ध्रदेखि वीस पंक्तिसम्म स्वभाविक कुराको वर्णन गरिएकोले ‘स्वभावोक्ति अलङ्कार’ रहेको छ ।

यस प्रकार मल्लाज क्षेत्रमा प्रचलित देउसी गीतमा एकभन्दा बढी अलङ्कारको प्रयोगले उभयालङ्कारको भेद संसृष्टीको प्रयोग भएका छ । यो यहाँको देउसी गीतको विशेषता हो ।

### ४.२.४ तीजे गीत

हिन्दू नारीहरूको महान चाड तीज पर्वले विहेष महत्व बोकेको छ । यो हिन्दूनारीहरूको ठूलो र रमाइलो चाड हो । भदौ महिनाको शुक्लपक्ष द्वितीयाका दिन देखि सुरु भई पञ्चमीका दिन सातऋषिको पुजा गरी सकेपछि समाप्त हुन्छ । पौराणिक कथन अनुसार हिमालय पर्वतकी छोरी पार्वतीले बाल्यकाल देखि नै महादेव स्वामी पाउँ भनी मनमा गरेकी भएता पनि आफ्ना पिता हिमालयले आफ्नो विवाह विष्णुसँग गर्न लागेपछि साथीसँग भागेर वनमा जान्छिन् । भने साथीहरूले उनलाई कसैले नदेख्ने ठाउँमा राखेका र त्यही स्थानमा पावतीले महादेब स्वामी पाउँ भनी पानी समेत नखाईकन निराहार व्रत गरेका हुनाले त्यस दिनलाई हरितालिका तीज भनिन्छ । त्यस व्रतलाई हरितालिका तीज भनिन्छ । तीज पर्वका अवसरमा हिन्दू नारीहरूले गाइने गीत तीज गीत हो । यसलाई नारीहरूको वेदना पोख्ने गीत पनि भनिन्छ । पहिले पहिले घर आँगन, सार्वजनिक पाटीपौवा र चउरमा बसेर मात्र यो गीत गाइन्थ्यो भने अहिले अन्य ठाउँमा प्रतियोगिताको रूपमा पनि गाउने गरिन्छ । पहिले पहिले यो गीत गाउँदा सबैले ताली बजाएर छोप्ने प्रचलन थियो । अहिले मादल आदि बाद्य बादनको पनि प्रयोग गर्न थालिएको छ । यस प्रकारका गीतमा पहिले पहिले सबैलाई मनोरञ्जन एवम् आकर्षण गर्न नृत्य पनि गरिन्थ्यो । तीजे गीतमा एउटाले गीत निकाल्ने र अरुले छोप्ने गरिन्छ । यस गीतमा सबै नारीहरू एकै स्थानमा बसेर आफ्ना विरह-वेदनाले भरिएको गीतहरू गउने गर्दछन् । मल्लाज क्षेत्रमा पनि सदिंयौ देखि तीजगीतको प्रचलन रहि आएको छ । तीजको द्वितीयाका दिन ब्रतालु महिलाहरू मिलेर दर खाने चलन रहिआएको छ । तृतीयाका दिन विवाहित महिलाका साथै अविवाहित किशोरीहरू पनि प्रायः पानी समेत नखाई व्रत बस्ने गर्दछन् । त्यस दिन महिलाहरू धारा जलाशय तथा खोलामा तथा गण्डकीमा स्नान गरी शिव पार्वतीको पुजा गर्दछन् । तीजमा विशेष गरेर महिलाहरू रातो साडीमा सजिएर विभिन्न किसिमका गरगहनाहरू लगायर आफ्नो माइती वा मावली जाने गर्दछन् । तीजमा चेलीलाई लिनलाई बाबा, दाजुभाइ मामा लिन जाने प्रचलन छ । तीज गीत ठाउँ र भेग अनुसार फरक-फरक भाकामा हुन्छन् । तीजे गीतमा नारीहरूले वर्षभरी पाएको दुःख, पीर, टोकेसो, दमन आदि कुराहरू गीतका विषय बनेर आउने गर्दछन् । पहिलेका नारीहरूको सानै उमेरमा विवाह हुने र बाबा आमाले दिएको ठाउँमा विहे गर्नु पर्ने बाध्यता पनि थियो । यसरी सबै उमेरमा विहे भएपछि कर्मघरमा धेरै दुःख र वेदना नारीहरूले व्यहोर्नु पर्ने हुनाले नारीको मन विरह वेदनाले भरिएको हुन्थ्यो भने वर्तमानमा

दुःखको पनि अलि स्वरूप परिवर्तन भएको छ । जे होस् नारीका वेदनाहरूको पोको खोल्ने काम तीज गीतले गर्दछ । मल्लाज क्षेत्रमा पनि तीजको अवसरमा आफ्नो वा छिमेकको घरको आँगनमा सबै दिदी बहिनी भेट भई तीज गीत गाउने गरिन्छ । पहिलेको तीज गीतमा भन्दा अहिलेका तीज गीतमा विषयवस्तु पनि फरक रहेको पाइन्छ । पछिल्लो समयमा विभिन्न राजनीतिका कुरा, विकास निर्माणका कुरा, नारी स्वतन्त्रताका कुरा, नारी अधिकारका कुरा, समानताका कुरा पनि विषयवस्तुका रूपमा आएको पाइन्छ । खासगरी नारीहरूको मात्र पर्व तीज भनिएता पनि आजभोलि केही पुरुषले पनि तीजेगीतमा प्रस्तुती दिएको पाइन्छ । तीजे गीत लामो छोटो जुन भाकामा पनि गाउँन सकिन्छ । यस्ता तीज गीतमा विभिन्न प्रकारका अलङ्कारले रोचकता प्रदान गरेको पाइन्छ । मल्लाज क्षेत्रमा प्रचलित लोकगीतमा भएको अलङ्कारको प्रयोग यस प्रकार देखाउन सकिन्छ :

*दिनमा मकै बाँदरलाई राती मकै दुम्सीलाई,*

*अघिपछि के खाने हो छैन औँसीलाई ।*

*लैना भैंसी दुहेर होटलमा लानु छ,*

*अमिलाका चानासित भात खानु छ ।*

*स्वामीज्यूको वतन सँधै मलाई रुखो भो,*

*छोरा छारी धेरै भए पाल्न दुःख भो ।*

*विदेशबाट फोन गरेर जानु भन्थ्यो भाइले त,*

*अझै दूध दिदै होला माली गाईल त ।*

*तीजमा खाने भनेर राख्थ्यौ आमा सजाएर,*

*सम्झना आउँछ आमा तामा अचार ।*

*दिदी बैनी आए होलान् फुपु पनि आई होलीन्,*

*आमाले पकाएको दर खाई होलिन् ।*

प्रस्तुत सबै गीतहरूमा पंक्तिको अन्तमा रहेको सुन्दर शब्द संयोजनले अन्त्यानुप्रास अलङ्कारको उपस्थिति विखरिएको देख्न सकिन्छ ।

प्रस्तुत सबै गीतहरूमा पंक्तिको अन्तमा रहेको सुन्दर शब्द संयोजनले अन्त्यानुप्रास अलङ्कारको उपस्थिति विरिएको देख्न सकिन्छ ।

### ४.२.५ ऋषि पञ्चमी गीत

हिन्दू धर्मावलम्बीहरूले भाद्र शुक्ल पञ्चमीका दिनलाई ऋषि पञ्चमी भनेर भन्ने प्रचलन रहि आएको  छ । त्यो दिन उनीहरू शरीर शुद्धिका लागि गण्डकी जलाशय धारा, वा कुवामा नुहाउने गर्दछन् । त्यस दिन खासगरी अन्य जाति भन्दा ब्राह्मण, क्षेत्री, नेवार समुदायका महिलाहरूले सात ऋषिको पुजा गर्ने प्रचलन छ । यस पर्वत मल्लाज क्षेत्रमा पनि महिलाहरूले सप्तऋषि पुजा गर्ने गर्दछन् । उनीहरूले कुनै घर आगनमा जम्मा भई सामुहिक रूपमा पुजा गर्दछन् सातऋषि पुजामा सातचोटी जग्ञे घुम्नु पर्दछ । यस अवसरमा पैताला नउचाली घिसारेर परिक्रमा गर्ने गर्दछन् । त्यस अवसरमा गाइने गीत नै पञ्चमी गीत हो । यो गीत अन्य दिनमा गाइदैन । यो गीत कुनै छोटो र कुनै लामो भाकामा गाइन्छ । यस प्रकारका मल्लाज क्षेत्रमा गाउने ऋषि पञ्चमी गीतमा अलङ्कारको सौन्दर्य विखरिएको देख्न सकिन्छ । यस क्षेत्रमा गाइने गीतको नमुनाका साथै त्यसमा प्रयुक्त अलङ्कारको पहिचान यसरी गर्न सकिन्छ :

*पञ्चमीको पुजा गरी पाप सबै धुने,*

*छिटो छिटो रैछ संगी हिँड्न नहुने ।*

*पाइला गनि अरुन्धती मातालाई नि घुमम्ला,*

*सप्तऋषि पूजा गरी गीतै र गाम्ला ।*

*माइतीका गुरु संगी आउँछन् पुजा लाउनलाई,*

*सरदाम ठिक्क पार पुजा गर्नलाई ।*

*साथी सँगी सबै गए गरुडेश्वर मन्दिरमा,*

*मैले फूल टिपें वरै हतार हतारमा ।*

×× ×× ××

माथि उल्लेख गरिएको पर्व गीत ऋषि पञ्चमी गीतमा लोकोक्ति अलङ्कारको प्रयोग भएको छ । लोक प्रचलित कुराहरूलाई नै वर्णन गरिएकोले उक्त अलङ्कारको पूर्णतः पालना नभए पनि लक्षणात्मक रूपमा अन्य अलङ्कारभन्दा लोकोक्ति अलङ्कारको नै लक्षण घटित हुन्छ ।

## ४.३ संस्कार गीत

### ४.३.१ मागल गीत

संस्कारगीतको एउटा किसिम मागल गीत हो । तत्सम शब्द मङ्गलको तद्भव रूप मागल हो । नारीहरूले मङ्गल कामनाका साथ गाउने एक प्रकारको गीत मागल हो । मागल गीतका अध्येताहरूले यस गीतलाई आफ्नै तरिकाले चिनाएको पाइन्छ । मोहनराज शर्माले यसलाई मागल भनेर चिनाएका छन्(शर्मा र अन्य २०६३ :११३) । कुशुमाकर न्यौपानेले 'महाल' भनेर चिनाएको पाइन्छ(न्यौपाने २०४४ :६०) । त्यस्तै महाल(थापा र अन्य, २०४१ : ११०) (भट्टराई, २०५२ :५०) भनेको पाइन्छ । यस गीतलाई माघल, माल, माहाल, मागल आदि विभिन्न नामले चिनिए पनि समग्रमा एउटै गीत हो । अन्य कतिपय ठाउँमा यस गीतलाई सगुन फागका नामले पनि चिनाएको पाइनछ । जे होस् पश्चिमाञ्चलमा यसलाई मागल भन्दा नै धेरैले अर्थबोध गर्ने कुरामा दुईमत छैन । यो गीत विभिन्न शुभकार्यका अवसरमा गाइन्छ । महिलाहरूले नै गाइने भएकोले मागल भनिएको भन्ने भनाइहरू पनि यस क्षेत्रमा प्रचलित छ । कतिपयले फेरी मंगल ल्याउनलाई गाइने गीतलाई मागल भनिन्छ भनेको पनि पाइन्छ । उल्लेख गरेका दुई भनाई मध्ये दोस्रो भनाई नै हुनुपर्छ किनभने विभिन्न शुभकाम गर्दा यो गीत प्रारम्भमा गाइन्छ ।

यो गीत गाउने महिलालाई महाल्नी र मागल्नी आदि नामबाट चिनाइन्छ । पहिले-पहिले यो मागलगीतले उर्वरता प्राप्त गरेको थियो भने विस्तारै समयको परिवर्तनसँगै अनेक कालखण्डमा समाहित हुँदै जाँदा विस्तारै पुस्तान्तरमा मागलगीतले आफुलाई छोड्दै सबै सबै अगाडि दौडिरहेको पाएको छ । आजभोलि यो गीत त्यति चलन चल्तीमा छैन भन्न किहिच्किच्याउनु पर्दैन । यो गीत ब्राह्मण र क्षेत्रीहरूका ब्रतबन्ध, विवाह, अन्नप्रासन आदि

शुभ अवसरमा गाइन्छ । यस मल्लाज क्षेत्रमा गाइने मागल गीत र तिनमा प्रयुक्त अलङ्कारलाई लक्षण शास्त्रका आधारमा यसरी खुट्याउन सकिन्छ :

*आमा तिम्ले मलाई यही घरमाजन्म दियौ,*

*हरेक कष्ट सहि मलाई नौ वर्ष गोदमा लियौ ।*

*आफ्नो पुर्खादेखिको संस्कार मैले धान्नुपर्छ,*

*अब मैले घरको भन्दा गुरुको आदेश मान्नुपर्छ ।*

*तिम्रो काख छोडी आज जोगी भई आएँ निषेध*

*देउन आमा सातमुठी भीख आज मैले माएँ ।*

*विद्या पढी ज्ञान आर्जन गरी घर आउने छु,*

*अब मत वनको बाटो तरी काँशी जानेछु ।*

प्रस्तुत संस्कार गीतमा पहिलोमा स्वभावोक्ति अलङ्कार रहेको छ भने दोस्रोमा आमाको काखलाई निशेध गरी गुरुको आज्ञा मानी जोगी भएकाले निशेध अलङ्कार पर्न गएको छ । त्यस्तै तेस्रोमा विद्याअध्ययन गरी आउने प्रतीज्ञाको वर्णनले प्रतीज्ञा नामको अलङ्कार नै प्रयोग भएको छ ।

## ४.३.२ रत्यौली गीत

संस्कार गीत अन्तर्गत पर्ने रत्यौली गीत पनि एक हो । दूलहाको घरबाट जन्ती दुलहीको घरतिर प्रस्थान गरी सकेपछि घरमा जम्मा भएका गाउँ छिमेक बाटोलका महिलाहरू मिलि गाइने गीतलाई रत्यौली गीत भनिन्छ । वेहुलाका घरमा माङ्गलिक कार्यका लागि वा ग्रहशान्तीमा बालिएको दियो कुर्नका लागि पनि रत्यौली गाउने प्रचलन रहिआएको पाईन्छ । रात वा रातसँग सम्बन्धित भएकोले यसलाई रत्यौली भनेको पाइन्छ । वर्तमान समयमा भने प्रायजसो दिनमा नै विवाह सम्पन्न हुने भएकाले त्यस अवसरमा गाइने गीतलाई पनि रत्यौली भनेर भनिएको पाइन्छ । समग्रमा भन्नुपर्दा विवाहमा गाइने गीत नै रत्यौली गीत हो । यो गीत ब्राह्मण, क्षेत्री, दमाई, कामी, सार्की र ठकुरी लगायत अन्य जातिहरूमा समेत प्रचलित छ । रत्यौलीमा महिलाहरूले पुरुषको भेष र अभिनय गरी रतिरागात्मक भावना

तथा कटाक्ष व्यक्त गर्ने गर्दछन् । यस प्रकार नाच्ने क्रममा ती महिलाहरूले दाजुभाइ अथवा आफ्ना पतिको पाइन्ट र जकेट धारण गरेर पुरुषको रूपमा अभिनय गर्दछन् भने कोही महिला उसकी बेहुली भएर नाच्ने र उच्छृखल स्वभाव देखाउने पनि चलन छ । पर्वत मल्लाज क्षेत्रमा पनि यस प्रकारका रत्यौली गीत गाइन्छ । यस प्रकार यस क्षेत्रमा विवाहका वेला गाइने रत्यौली गीतमा अलङ्कारको सुन्दर संयोजन रहेको पाइन्छ । प्राय यस्ता रत्यौली गीतका टुक्काहरूमा लयलाई अन्त्यमा समानता मूलक बनाइने हुनाले अन्त्यानुप्रास अंलकारको व्यापकता रहेको पाइन्छ । यस प्रकार यस मल्लाज क्षेत्रमा गाइने अलङ्कृत रत्यौली गीतको नमुना यस प्रकार रहेको छ :

*फूल फुल्यो हितको माया देखेर मन भल्यो ।*

*जाम डाँडै सालैवनको सारको पात बजाउँदै ।*

*फूल फुल्यो .......................................*

*गयौ बाबु फूलमाला भिरेर,*

*दुधको भाडा साडीले तिरेर ।*

*फूल फुल्यो .......................................*

*भक्किन्छनी आमाको मन,*

*कैल्यै रुखो नबोले वचन ।*

*फूल फुल्यो .......................................*

××× ××× ×××

प्रस्तुत तीजे गीतमा स्वभावोक्ति अलङ्कार प्रयोग भएको छ । त्यस्तै कारण रूप रुखो वचनले कार्यरूप आमाको मन झर्कने कथनले हेतु नामक अलङ्कारको प्रयोग भएको देख्न सकिन्छ भने संयुक्त अलङ्कारको वस्तुस्थितिले उभयालङ्कार संसृष्टि पनि उत्पन्न भएको देख्न सकिन्छ ।

## ४.४ बाह्रमासे गीत

नेपालको सबै ठाउँमा यो बाह्रमासे लोकगीत गाइन्छ । बाह्रमासे अथवा बाह्रै महिना जुनसुकै बेला पनि गाउन सकिने भएकाले नै बाह्रमासे गीत भनिएको पाइन्छ । बाह्रमासे गीतमा पनि विभिन्न भाका र लयहरू छन् । बाह्रमासे गीत गाउँदा मादलको प्रयोग गरिन्छ भने नृत्यको पनि उत्तिकै महत्व रहेको छ । तर कुनै बाह्रमासे गीतमा भने नृत्य हुँदैन । वाद्यसामग्री पनि हुँदैन । यस अन्तर्गत कुनै जाति विशेषका मौलिक लयहरू र भाका पनि पर्ने गर्दछन् । मल्लाज क्षेत्रमा प्रचलित बाह्रमासे गीतमा बाल गीत, घाँसे गीत, सिलोक, भजन, सालैजो झ्याउरे एकोहोरी दोहारी गीत पर्दछन् । मल्लाज क्षेत्रमा बाह्रमासे गीतको धेरै नै महत्व बोकेको एवम् अन्यत्र जस्तै व्यापक उमेर समूहका व्यक्तिले यो गीत गाउन सकिन्छ । यस क्षेत्रमा प्रचलित तीनै बाह्रमासे गीत र ती गीतमा प्रयुक्त अलङ्कार तल प्रस्तुत गरिएको छ :

### ४.४.१ बारुलै गीत

विशेष गरी बारुलै गीत मगर समुदायमा विशेष गाइने गीत हो । एकोहोरी दोहोरी दुवै किसिमका बारुली गीत हुन्छन् । एकोहोरी बारुली गीतमा पनि मल्लाज क्षेत्रमा मात्र देख्न सकिने छिटो बारुलै गीत पनि गाइने प्रचलन यस क्षेत्रमा रहि आएको छ । बाद्यवादनको रूपमा यस गीतमा मादल र बाँसुरी बजाउने गरिन्छ । प्रेम र विरहका अजस्र भावराशिहरू यस गीतमा विषय बनेर आउने गर्दछन् । पर्वत मल्लाज क्षेत्रमा पाइने बारुलै गीत र त्यसमा प्रयुक्त अलङ्कार नमुनाका रूपमा यसरी चिनाउन सकिन्छ :

*मेरो उपर बारुलै कोही छैन टिढाउनी,*

*मैले जीवन बारुलै कसरी बिताउनी ।*

*गर्छु दुःख बारुलै मेरै हो भनेर,*

*लाउँछन् मुख बारुलै गोठालो गनेर ।*

*कोही बेनीमा बारुलै कोई गए कोरिया,*

*बुढा बुढी बारुलै बाँसखर्क खेरिया ।*

*हिड्छु भन्छु बारुलै खुट्टाले टेकेन,*

*मेरो दुःख बारुलै कसैले देखेन ।*

×× ×× ××

प्रस्तुत बारुली गीतमा एउटी दुःखी महिलाले साहारा दिने कोही नभए पछि र आँफूमाथि दया, माया गर्ने कोही पनि नभएपछि कसरी जीवन बिताउने ? भनेर भनेको प्रश्नात्मक अभिव्यक्तिले यहाँ 'प्रश्नालङ्कर' पर्न जान्छ भने दोस्रोमा आँफूले चाहेको भन्दा विपरित वस्तु वा फल प्राप्त भएको वर्णन वा कथनले 'विषादन' अलङ्कार पर्न गएको छ भने एउटै 'ब' को चारचोटी पुनरावृत्तिले त्यसमा शब्दालङ्कार वृत्यानुप्रास पनि पर्न गएको छ । यसरी टुक्कामा एकभन्दा बढी अलङ्कारको संयोजन हुनु यो गीतको चमत्कार नै मान्नु पर्छ । अलङ्कारको बास पनि चमत्कारहरूका बीचमा नै हुन्छ । यसै गरी माथि प्रस्तुत अन्तिम टुक्कामा खुट्टाको र दुःखको विपरित अर्थ भएका कुराको कथनले विपरितार्थ नामक अलङ्कारको उपस्थिति पाउन सकिन्छ । यस प्रकार मल्लाज क्षेत्रमा प्रचलित बारुली गीतमा विभिन्न शब्दालङ्कार र अर्थालङ्कारहरूको उपस्थिति पाइन्छ ।

### ४.४.२ छिटो बारुलै एकोहोरी गीत

स्वरलाई छिटो घुमाउदै गाउने बारुली गीतलाई छिटो बारुलै गीत भनिन्छ । यसमा गीतको थेगोको पंक्तिको पहिलो अक्षरमा लामो उच्चारण गरिन्छ भने अरु छिटो छिटो गाईन्छ । त्यस्तै अन्तरमा आउने अरु टुक्काहरू ऋति नै छिटो लयात्मक र रागात्मक तरिकाले गाईन्छ । यो गीत मल्लाज क्षेत्रमा गाईने अति नै पुरानो लगभग ६० वर्ष अघि गाइने गीत हो । पुस्तान्तरबाट यो गीत सङ्कलन गर्न संभव भएको हो । स्मृतिको रूपमा रहेको यो गीत अति नै सुमधुर सुनिन्छ भने स्वरलाई घुमाउने र बगाउने प्रवृत्ति पनि यो गीतमा रहेको छ । यस प्रकारको छिटो बारुलै गीत र तद्निहित अलङ्कारलाई यहाँ तल प्रस्तुत गरिन्छ :

*झिमझिम् बारुली आँखैमा गाजलु सम्झिने कोई छैन ।*

*वर्षे र दिनको खेती र पाती*

*साउने भेलैमा,*

*क्या माया लाउनु थियो नि कठै*

*राति भो मेलैमा ।*

*भिmमभिmम् बारुली आँखैमा गाजलु सम्भिmने कोई छैन ।*

*किसानको छोरो खेती र पाती,*

*फुर्सतै छैन ह्वै,*

*आफ्नु त भने बुझ्दीने मर्म*

*छैननी बरै क्वै ।*

*भिmमभिmम् बारुली आँखैमा गाजलु सम्भिmने कोई छैन ।*

×× ×× ××

यस गीतमा साउनको भल आएमा नै खेतीपाती हुने अवस्थाको चित्रणले कार्यकारण भाव उत्पन्न भएकोले काव्यलिङ्ग अलङ्कार प्रकट भएको छ भने दोस्रो पंक्तिमा एउटै ल वर्णको ८ पटक पुनरावृत्ति भएकोले शब्दालङ्कार, वृत्यानुप्रासको प्रयोग भएको छ । त्यस्तै हिनेर किनेर जस्ता अन्त्य पदहरूले शब्दालङ्कारकै अर्को भेद अन्त्यानुप्रास अलङ्कार पर्न गएको छ । यस टुक्कालाई गोडे हेर्दा एउटै टुक्कामा एकभन्दा बढी अलङ्कारको प्रयोग भएकोले उभयालङ्कारको संसृष्टि नामक भेद घटित हुन पुगेको छ । यसरी एकभन्दा बढी अलङ्कार एउटै टुक्कामा घटित हुनुलाई आलङ्कारिक भाषामा चमत्कार भनिन्छ भने यो अलङ्कारको सर्वोत्कृष्ट स्थिति हो ।

### ४.४.३ बालगीत

बाल अवस्था मानिसको महत्त्वपूर्ण अवस्था हो । बालकलाई लौकिक भाषामा देवता भन्ने गरेको पाइन्छ । अत्यन्त कोमल मन सत्यवक्ता, प्रत्यक्ष कुरामा विश्वास राख्ने जस्ता प्रकृतिले बालकलाई ईश्वर मान्ने प्रचलन हाम्रो समाजमा चलि आएको छ । बालकहरू प्रायजसो खेल्न मन पराउँछन् । आँफु अनुकूलका खेलौना खेल्न पाए खुशी हुने उनीहरूको प्रवृत्ति हुन्छ । यसरी खेल्दा पर्वत मल्लाज क्षेत्रमा गाईने गीत दुई प्रकारका छन् : बाल ठट्यौली गीत र बालशालीन गीत ।

**क) बाल ठट्यौली गीत**

बालबालिकाहरू खेल्दा कहिले काही उत्पट्याङ्ग जस्ता क्रियाकलाप गर्ने गर्दछन् यस्तो अवस्थामा उनीहरूको क्रियाकलापका साथै उनीहरूले गाउने गीत पनि त्यस्तै प्रकारको हुन्छ । जस्तै अंग्रेजी अल्फावेटलाई आधार बनाई बालबालिकाले गाउन उत्पट्याङ्ग गीत यस प्रकार छ :

*सी ओ डब्लु काऊ*

*काऊ माने तेरा बाउ*

*टाउकोको औषधी*

*नाइटोमा लाउ ।*

*एम.एन् ओ पी*

*वारिमा गोपी*

*गोपी टिप्न जाँदा*

*बौलाइनीले छोपी ।*

प्रस्तुत बालगीतमा टाउकाको औषधी नाइटोमा लाउनु जस्तो असङ्गतिको वर्णन भएकोले असङ्गति अलङ्कारको प्रयोग भएको छ ।

**ख) शालीन गीत**

बालशालीन गीतमा बालकहरू एक आपसमा मिली शान्त भई खेल्दा उनीहरूले गाउने गीत नै शालीन गीत हो जस्तै :

*चीं मुसी चीं*
*मुसाले खायो धान*
*समात नानीको कान,*

*म्याउ म्याउ बिरालो*

*एता एता आउँ*

*मेरो नाना काट्ने*

*मुसा मारी खाउ ।*

×× ×× ××

माथि उल्लेख गरेका बालगीतमा पहिलोमा स्वभावेक्ति छ भने दोस्रोमा चाहि अन्त्यानुप्रास पर्न गएको छ भने एउटै 'म' को सोही अवस्थामा एक चोटी भन्दा बढी आवृत्ति भएकोले छेकानुप्रास पर्न गएको छ । अन्त्यानुप्रास र छेकानुप्रास पर्न गएकाले दुवैको संयुक्तक्ताले अर्को अलङ्कार उभयालङ्कारको संसृष्टि अलङ्कार प्रयोग भएको छ ।

### ४.४.४ कृषि गीत

यसैगरी मल्लाज क्षेत्रमा स्थानीय कृषि बाली, घरयसी अन्नलाई बढी महत्त्व दिइन्छ । त्यसैले स्थानीय अन्नलाई महत्त्व दिँदै यस प्रकारको गीत गाइन्छ :

*पानको पात खान्न मैले*

*विकासी धानको भात*

*निरमाया सलल ॥*

*भदलोमा ढिडो पकाउ*

*खोले दिउरीमा*
*सिस्नो फाँडो सल्लबल्ल मेरा माइतीमा*

×× ×× ××

*गैरीखेतमा धान झुल्यो पहेँलै,*
*गरें खेती असिना पानी सहेरै ।*

*गहुँ पाक्यो टुडुँला टुडुँली,*
*कता गए अडुँला अडुँली ।*

*पैलो अन्न देउतालाई चढाएँ,*

*यै अन्नले खरखर्ची चलाएँ ।*

### ४.४.५ प्रकृति गीत

स्थानीय परिवेश अथवा भूगोल र त्यहाँका प्रसिद्ध ठाउँलाई चिनाउन जुन विषय र भावलाई प्रकट गरिन्छ त्यसलाई प्रकृति गीत भन्न सकिन्छ । कुनै पनि ठाउँ आफैमा एउटा इतिहास र विविध महत्त्व बोकेका हुन्छन् । लोक समाजले प्रकृतिलाई उपमा र प्रतीकका रूपमा एवम् सिधैं उभ्याएर वर्णन गर्ने गर्दछन्, यसैलाई प्रकृति गीत भनिन्छ । त्यस्ता ठाउँलाई अत्यधिक महत्त्व दिएको पाइन्छ । मल्लाज क्षेत्रमा गाइने प्रकृति गीत यस प्रकार रहेको छ :

*लेखफाँटमा भेडा ओडार झारी,*
*बास खर्कमा सुन्तला फूलवारी ।*

*सुनिदिनोस् दुँनिया सारा,*
*मल्लाजैमा राजाको दरबार ।*

*गिद्धेश्वरमा शिवको मन्दिर,*
*रेग्मीकूल त्यै मन्दिर मुन्तिर ।*

*घरत हाम्रो लेखफाँटको गैरीगाउँ,*
*रहर लाग्दो छ हाम्रो जन्म ठाउँ ।*
×× ×× ××

### ४.४.६ झ्याउरे गीत

नेपालका सबैजसो ठाउँमा झ्याउरे गीत गाईन्छ । यो आफ्नै किसिमको एक प्रकारको गीत हो । झ्याउरे शब्दको अर्थका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नै धारणा व्यक्त गरेको पाइन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार पहिले पहिले लोक गीतलाई हेयका रूपमा हेरिने पुरानो जमाना थियो र लोक गीतका गायक पनि दीनहिन अवस्थाका झ्याउरे थिए होलान् (थापा र अन्य २०४१ :९६) । त्यस्तै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार 'झ्याउरेको' अर्थ निन्याउरो, लुतेलाम्रे वा झुत्रे झाम्रे भन्ने हुन्छ (शर्मा र अन्य, २०६३ : ८३) । भेगका अनुसार झ्याउरे गीतका भाका र लय भिन्न भिन्न हुन्छन् । झ्याउरे गीतलाई छिटो, लामो, ठाडो र तेस्रो गरी विभिन्न भाकामा गाउँन सकिन्छ । झ्याउरे गीतमा मादल बाँसुरी जस्ता बाद्य यन्त्रको प्रयोग गरिन्छ भने बाद्यविना पनि यो गीत गाउन सकिन्छ । नृत्ययुक्त पनि हुनसक्छ र नृत्यरहित हुन पनि सक्छ । समयको अजस्र प्रवाहसँगै झ्याउरेले पनि विभिन्न पुस्तान्तरका मुखबाट अवतरित हुँदा धेरै थरी परिवर्तनशील स्वरूपलाई ग्रहण गर्दै आजको युग सम्म आइपुगेको छ । यस मल्लाज क्षेत्रमा पनि विभिन्न लयका झ्याउरे गीत गाउने चलन अद्यावधि रहि आएको छ । यस क्षेत्रमा मेलापात गर्दा, गाउँमा लाहुरे आउँदा सत्यनारायण आदि पुजामा भजन गाईसकेपछि यो दोहोरी गीतका रूपमा गाइन्छ । यो टुक्का सहित वा टुक्का रहितको हुन्छ । मल्लाज क्षेत्रमा गाईने झ्याउरे गीत र तिनमा प्रयोग भएका प्रयुक्त विविध अलङ्कारलाई तल प्रस्तुत गरिन्छ :

*हे- हुम्लाभेट नमोरे बाँचेत,*

*सँगै खेत रोपेथेउ अर्जेत ।*

*मुटु खाइरन्छ ..........*

*घाँस काट्थेऊ माल्ले भीर पाखामा,*

*सम्झी आँसु आइरहन्छ आँखामा ।*

*मुटु खाइरन्छ ..........*

*घरता मेरो स्याउलीले बारेको,*

*दुःखी जीवन रोइरन पारेको ।*

*मुटु खाइरन्छ ..........*

*गाइको बाच्छी भिरैको चरन,*

*काहाँको जन्म काँ होला मरन ।*

*मुटु खाइरन्छ ..........*

*सँधै मलाई यै दुःख लेखेको,*

*पाइँदोरैन्छ मान्छेले देखेको ।*

*मुटु खाइरन्छ ..........*

×× ×× ××

माथि उल्लेख गरिएका झ्याउरे गीतमा पहिलेका दुई टुक्कामा विरह पूर्वक पूर्वास्मृति प्रस्तुत गरेकाले 'स्मृति' अलङ्कार रहेको छ भने तेस्रो, चौथो र पाँचौंमा 'अन्यानुप्रास' अलङ्कार पाउन सकिन्छ ।

### ४.४.७ शिरफुले गीत

पर्वत मल्लाज क्षेत्रमा मगरजातिले परम्परादेखि संस्कारका रूपमा मनोरञ्जन प्रदान गर्ने गीत शिरफुले गीत हो । यस गीतको भाका पनि सालैजोको जस्तो हुन्छ । ढिलो लयमा गाइने यो गीत सुन्दा अत्यन्त कर्णप्रिय लाग्दछ । एकोहोरी अथवा दोहोरी गरी शिरफुले गीत पनि दुई किसिमका हुन्छन् । शिरफुलेमा पुरुष महिला दुवैको उपस्थिति रहन्छ । यो गीत पुरुषले झिके महिलाले दोहोऱ्याउने र महिलाले झिके पुरुषले दोहोऱ्याउने र सामुहिक स्वर प्रदान गर्ने गर्दछन् । यसलाई ढिलो सालैजो पनि भनिन्छ । यो गीत टुक्कायुक्त र टुक्कारहित हुन्छ । एकोहोरीमा टुक्का हुँदैन भने दोहोरीमा दोहोरी प्रकृतिका टुक्का हुन्छन् । मल्लाज क्षेत्रमा प्रचलित शिरफुले गीत र तिनमा प्रयुक्त अलङ्कारलाई यसरी चिनाउन सकिन्छ :

*केटा- हा है ... धरती धसौंला*

*केटी- धरती धसौंला*

*केटा- हा है ...शिरफुले माया*

*मायालु खालसँग यसैलाई*

*गरी कति र बसौंला -२*

*केटी- हा है ...शिरफुले ......*

*केटा- गोठाले दाइले घाँसैर काट्यो,*

*खोलिको गोलिको, -२*

*केटी- हा है ...शिरफुले ......*

*केटा- मायालु खालसँग हाँसेको बोलेको*

*कति लाग्ला झलिको*

*केटी- हा है ...शिरफुले ......*

*केटा- हा है दाजु शिकारी दाजु*

*डाँडै काट्यो फिटिक्क*

*केटी- हा है ...शिरफुले माया*

*डाँडै काट्यो फिटिक्क*

*केटा- बाँचेलाई भेट साथी र संगी*

*मरेत यत्तिक*

*केटी- हा है ...शिरफुले माया*

*मरेत यत्तिक ... हा .... ।*

*कम्मरमा पटुकी चौबन्दी चोली,*

*लाएछौ मुहानी नबोली नबोली ।*

×× ×× ××

शिरफुले गीतको पहिलो पाउमा "बसौँला" जस्ता शब्द संयोजनले अन्त्यानुप्रास छ भने दोस्रो "खोलिको गोलिको" जस्ता उक्तिले यहाँ छेकानुप्रास अलङ्कार भन्न सकिन्छ । त्यस्तै दोस्रोको दोस्रो पंक्तिमा मायासँग प्रिती गाँस्दै रमाइलो गर्दै बसेको पछिपछि झल्को कति लाल्ला ?

भनेर धेरै झल्को लाग्ने संभावना देखाइएकोले अथवा पछि हुने कार्य सिद्धिको संभावना देखाइएकोले 'संभावना' नामको अलङ्कार प्रकट भएको छ । त्यस्तै त्यस्तै असम्भव कुरालाई पनि साधारण अथवा संभव जस्तै देखाइएकोले तेस्रो पंक्तिमा अतिशय उक्ति अथवा वर्णनलाई देखाइएकोले यहाँ 'अतिशयोक्ति' अलङ्कारको लक्षण घटित हुन्छ । यस प्रकार शिरफुले गीतमा पनि विभिन्न अलङ्कारको उपस्थिति पाउन सकिन्छ ।

### ४.४.८ दोहोरी गीत

दुई पक्ष भएर एक अर्कालाई जवाफ दिँदै गाइने गीत दोहोरी हो । दोहोरी गीतको जग एकोहोरी गीतबाट भएको हो (न्यौपाने, २०६७ :१) । यो गीत पुरुष र महिला मिलेर गाइन्छ भने महिला-महिला पुरुष-पुरुष मिलेर पनि गाउने रोदीघर जस्तै ठाउँ हुन्थ्यो र जहाँ युवा युवती दोहोरी खेल्थे र केटाले जिते केटीलाई रोदीघरबाटै आफना घर ल्याई भित्र्याउने प्रचलन पनि पाइन्छ । यसरी रोदीघरमा दोहोरी गाउँदा एउटा केटा दुईटी वा दुईटा केटा एउटी केटी हुने गर्थे यस्तो अवस्थामा जस्ले दोहोरीमा अर्कोलाई हराउथ्यो त्यसैले (केटा होस् या केटी) आँफूलाई मन पर्ने केटी वा केटा रोज्ने दुवै पक्षको नियम पनि रहेको रोचक र अन्यत्र भन्दा पृथक परिपाटी पनि यस क्षेत्रमा रहेको पाइन्छ । यस लोक दोहोरी गीतमा विशेषतः पहिले मादल र बाँसुरी मात्र बाद्यवादनको रूपमा प्रयोग हुन्थे भने अहिले परिवर्तनको प्रवाहमा तीव्र रूपमा बगीरहेको नयाँ पुस्ताले विभिन्न थरीका वाजाको सम्मिश्रण गरी यो दोहोरी गीतलाई अझै रोचक आनन्ददायी र मनोरञ्जनात्मक बनाएका छन् । मौलिकताको दृष्टिले हेर्दा पहिले भन्दा अहिलेका गीतमा त्यति नेपालीपन र नेपाली संस्कृति झल्किएको पाइँदैन भने आजभोलिका लोक दोहोरी गीत आधुनिक र पपगीतसँग पोइला जान आकर्षित भएको देखिन्छ । यो गीतका क्षेत्रमा देखिएको एउटा बिडम्बना पनि हो । मल्लाज क्षेत्रमा विभिन्न चाडपर्व, मेलालाग्दा, उत्सवमा र अरु प्रतियोगितात्मक औपचारिक र अनौपचारिक स्थानमा पनि दोहोरी गाउने गर्दछन् । यस्ता गीतमा, मायाप्रिती, घोचपेच स्थान वा कुनै प्रकृति वर्णन लेकवेसी, भेडी गोठको वर्णन , हाँसखेल दुवै पक्षका अन्तर मनका भावनाहरू विषयका रूपमा आएका हुन्छन् । यो गीतमा हारजीतको पनि ठूलो महत्व हुन्छ । दोहोरी गाउँदा अर्को पक्षलाई जित्ने उद्देश्य राखिएको हुन्छ । दोहोरी गीत आजभोलि विकासको चरम चुलीमा पुगेको छ । यो गीत जित्नलाई गाइने भएकाले कस्को जीत हुन्छ भनेर मानिसहरूले उत्सुकतापूर्वक मनोरञ्जन लिई रहेका हुन्छन् । यस क्षेत्रमा

भएका लोक दोहोरी गीत र तिनमा प्रयुक्त अलङ्कारलाई नमुनाका रूपमा यसरी चिनाउन सकिन्छ :

*फूल फुल्यो गुराँस*

*मायासँग भेटघाट नहुँदा,*

*मन हुन्छ उदास ।*

*केटा- घाँस काटेन बान्द्रेभीर झरेको,*

*भुल्या छैन हाँसखेल गरेको ।*

*फूल फुल्यो गुराँस .....*

*केटी- हो त माया तिम्लाई नि यादै छ,*

*विछोड भई बाँच्नलाई गारैछ ।*

*फूल फुल्यो गुराँस .....*

*केटा- जीवन यात्रा सँगैसँगै गरौंला,*

*सयौं खोला मिलेर तरौंला ।*

*फूल फुल्यो गुराँस .....*

*केटी- तिम्रो यही भावना मन पर्छ,*

*भागौ कान्छी जे पर्छ त्यै टर्छ ।*

*फूल फुल्यो गुराँस .....*

×× ×× ××

माथि उल्लेखित दोहोरी गीतमा पनि मायाप्रेमका कुरा आएका छन् भने पहिले पहिले घाँस काट्न 'बान्द्रेभीर' झर्ने गरेको स्मरण गरिएकोले यहाँ स्मृति अलङ्कार प्रकट भएको छ भने तेस्रो पंक्तिमा साधारण कुरालाई पनि असाधारण रूपमा वर्णन् गरिएकोले यहाँ अतिशयोक्ति

अलङ्कारको उपस्थिति रहन्छ भने अन्य सबै पंक्तिमा अन्त्यानुप्रासको स्थिति छ भने कुनै पंक्तिमा भने अलङ्कारको अनुपस्थिति पनि पाउन सकिन्छ । यसरी यस मल्लाज क्षेत्रका लोकगीतमा विभिन्न अलङ्कारको सौन्दर्य छरिएर त्यहि नछुट्टीने गरी मोलिएर बसेको पाइन्छ ।

### ४.४.९ खेली गीत

हाँस खेलका रूपमा तथा सरल तरिकाले व्यक्त हुने युवा युवतीहरूको सरल र प्रेमपूर्ण अभिव्यक्तिलाई खेली भनिन्छ । ख्यालख्यालैमा गाइने गीत खेली हो (न्यौपाने, २०६७ :२०) । यस गीतलाई, सरल गीत, चुड्का र आँधीखोले गीत पनि भनिन्छ । मनका भावनालाई सरल रूपमा ख्यालठट्टाको रूपमा गाइने भएकाले खेलीगीत भन्नु सान्दर्भीक ठहर्छ । यो गीत प्राय सबै जातिमा प्रचलित भएपनि ब्राह्मण, क्षेत्री, नेवार, दमाई, कामी, सार्की आदिले गाउँछन् भने मगर गुरुङ्ग जातिले कम मात्रामा गाउने गर्दछन् । यो गीत सबै स्थानमा र परिवेशमा गाउन सकिन्छ । यो गीतको भाका अलि भिन्न प्रकृतिको हुन्छ सुन्दा पनि आनन्द लाग्ने खालको हुन्छ । यो गीत गाउँदा एउटा टुक्का गाईसकेपछि त्यही सासमा तत्काल अर्को टुक्का टिप्नु पर्दछ । छोटो र छिटो भाका भएको हुनाले एकै सासमा दुवै पंक्ति टिप्न पनि सकिन्छ । खेली गीत विभिन्न प्रकारका हुन्छन् । जस अन्तर्गत खेलीगीतको संरचना भिन्न भिन्न स्थान र परिवेश अनुसारे संरचना भिन्न भिन्न प्रकारको देखा पर्दछ । यो गीत एकोहोरी दोहोरी जसरी पनि गाउँन सकिन्छ भने दोहोरीमा यो अझै रोचक हुन्छ । मल्लाज क्षेत्रमा पाइने खेली गीत प्राय तीन पंक्तिमा विभक्त भएका हुन्छन् भने पहिलो पंक्ति भन्दा दोस्रो पंक्ति केही लामो हुन्छ । संस्कृति सम्बन्धी वर्णन पनि विषयवस्तुका रूपमा आएका हुन्छन् । मल्लाज क्षेत्रमा गाईने यस प्रकारका खेली गीतको सौन्दर्यका रूपमा रहेको अलङ्कारलाई यसरी चिनाउन सकिन्छ :

*केटा- किन गयौ पारि,*

*यता माया बोलाउने,*

*तिमी उता टोलाउने ।*

*केटी- म त जान्छु पारी,*

*तिम्रो याहाँ भर छैन,*

*यो वन भित्र घर छैन ।*

*केटा- किन गयौ पारि,*

*ठूलो रुख सल्लै हो,*

*भेट भाको बल्लै हो ।*

*केटी- म त जान्छु पारि,*

*काँ छौ छैन खबर,*

*भेट् भए काउलो नपार ।*

×× ×× ××

प्रस्तुत खेली गीतको पहिलो पंक्तिमा अन्त्यानुप्रास अलङ्कार रहेको छ भने दोस्रोमा प्रश्नात्मक अभिव्यक्तिले प्रश्नालङ्कार रहेको छ भने अरुमा स्वभावोक्ति अलङ्कार घटित हुन पुगेको छ ।

### ४.४.१० कौरा गीत

मगर समुदायमा गाइने एक प्रकारको गीत विशेषलाई कौरा गीत भनिन्छ । यो गीतलाई त्यस समुदाय भित्र पनि ठाउँ र क्षेत्र अनुसार फरक-फरक नामले चिनिने गरिन्छ । पहिले-पहिले पँधेरामा पानी कुर्न जम्मा भएका पुरुष तथा स्त्रीले पानी कुर्दै गरेको बेला गाएको हुनाले यस गीतलाई कुरुवा भनिएको हो भन्ने किम्बदन्ति (भट्टराई, २०५२ : १२३) । प्राय : सन्दर्भमा यो गीत माघे संक्रान्ति वा श्री पञ्चमीका दिन देखी आरम्भ गरी असारको पूर्णिमाका दिन पूरा गरिनछ तर आज भोलि बाह्रै महिना गाउने गरेको पाइएको छ (बन्धु, २०५२ : १२९) । यो गीत गाउँदा बाद्यवादनका रूपमा खैंजरी मुजुराको प्रयोग गरिन्छ । केटा होस् वा केटी दुवैले यो गीत गाएर नाच्ने गर्दछन् । आरम्भमा देवी-देवताको स्तुति गरेर विभिन्न देवी देवताको नाम पुकारिन्छ र गाइन्छ । त्यसपछि दु:ख सुख, माया प्रितीका भावहरूले ओतप्रोत भएका विभिन्न भाकाहरूमा यो गीत गाइन्छ । यो गीतमा नाचको पनि स्थान रहने गर्दछ । मल्लाज क्षेत्रको मगर भेगमा गाइने कौरागीत र तिनमा प्रयुक्त अलङ्कारलाई तल यसरी चिनाउन सकिन्छ ।

*आ.. है के छ वैनी विचार,*

*टाढाबाट आइछौ शिरमा फूल लाइछौ*

*के छ वैनी विचार ।*

*आ.. है वैनी तिम्रो जोवन देउन मलाई सापटी*

*मेरो भर पर विश्वासै गर छैन तिम्लाई आपति*

*वैनी पर्ने छैन तिम्लाई आपति ।*

×× ×× ××

माथि उल्लेखित गीतको पहिलो टुक्कामा बोलाउने र टोलाउने जस्ता अन्त्य शब्दावलीले यहाँ अन्त्यानुप्रास अलङ्कार प्रकट भएको छ भने भर छैन घर छैन जस्ता पदावलीले यहाँ पनि अन्त्यानुप्रास अलङ्कार पर्न गएको छ । त्यस्तै गीतको अन्तिमको टुक्कामा आफ्नो मनपर्ने मान्छेको खबर नपाएको र भेट भएको बेलामा काउलो पारेको अथवा चिप्लो पारेको प्रश्नात्मक कथनले प्रश्नालङ्कारको प्रयोग भएको देख्न सकिन्छ ।

**४.४.११ सालैजो गीत**

सालैजो मध्य पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल भेगतिर गाइने गीत हो । सालैजो गीत एक किसिमको भाका हो । यो सालैजो शब्द 'साली' र 'ज्यू' शब्दको मेलबाट शब्द निर्मित भएको हो (न्यौपाने, २०६७ :३) । यो गीत गुरुङ र मगर समाजमा बढी गाइने गीत हो । यो गीतमा पुरुष महिला दुवैको सहभागीता रहन्छ । यो गीत विशेषत: कुनै चाडपर्व, उत्सव, मेलालाग्दा एवम् घर वनपाखा, गोठ जहाँ पनि मनोरञ्जनका लागि गाउने गरिन्छ । मल्लाज क्षेत्रमा विभिन्न उत्सवमा ढिलो सालैजो नामले प्रसिद्ध सालैजो गीत गाईन्छ भने त्यही शब्दलाई र भावलाई छिटो लयमा गाउँदा छिटो सालैजो गीत बन्दछ । ढिलो सालैजो गीत एकल वा दुवै (महिला-पुरुष) मिली गाईन्छ । दुवै मिली गाएको छ भने अथवा एकल, सामुहिकरूपमा गाउँदा वाद्यवादन मादलको प्रयोग गरिन्छ । गायनका साथै शरीरलाई विस्तारै चलाएर नृत्य पनि गरिन्छ । सालैजो गीत सामुहिक, दोहोरी र एकोहोरी गरी सबै प्रकारका हुन्छन् । मल्लाज क्षेत्रमा मगर जातिको बाहुल्य रहेको ठाउँमा यो पहिलेबाटै

आजसम्म पनि गाउने गरिन्छ । यस क्षेत्रमा गाइएको टुक्कायुक्त सालैजो गीत यस प्रकार छन् :

*हम्पालैमा हिउँ पऱ्यो सालैजो गोठाला गोठैमा*

*हा ...है ...गोठाला गोठैमा*

*क्या मिठो हाँसो सालैजो नानीको ओठैमा*

*हा ...है ... नानीको ओठैमा*

*पानी खायो माया सालैजो मृगले जलजला*

*हा ...है ... मृगले जलजला ...*

*बाँचे भेट होला नी माया सालैजो अर्को साल यै वेला*

*हा.. है ... अर्को साल यै वेला*

*हितको माया बेनीमा हराउनी,*

*रुमकी हाँसुम मायाले गराउनी ।*

उपर्युक्त गीतको पहिलो पंक्तिमा 'हम्पालैमा', 'हिउँ' शब्दमा एउटै क्रम वा अवस्थामा एउटै 'ह' को एक भन्दा बढी पुनारावृत्ति भएको छ भने 'गोठाला', 'गोठैमा' भन्ने पंक्ति अशंमा पनि एउटै स्वरूप शब्दादीमा नै 'ग' व्यञ्जन वर्णको दुई चोटी आवृत्ति भएको हुनाले 'शब्दालङ्कार', 'छेकानुप्रास' अलङ्कार प्रकट भएको छ त्यस्तै तेस्रो पंक्तिमा 'य' र 'ज' को एक भन्दा बढी पटकसम्म आवृत्ति भएको हुँदा यहाँ पनि छेकानुप्रास, अलङ्कार परेको छ । चौथो पंक्तिमा एउटै 'ल' को दुई पटक भन्दा बढी आवृत्ति भएकोले वृत्यानुप्रास अलङ्कार दृष्टिगोचर भएको छ भने पाँचौं र छैटौं पंक्तिमा भने 'घर' र 'भर' 'हराउने' 'गराउने' जस्ता अन्त्य शब्द संयोजनले अन्त्यानुप्रास अलङ्कारको सुन्दरता प्रकट भएको छ ।

### ४.४.१२ एकल लोकगीत

यो गीत जुनसुकै समयमा पनि गाउन सकिन्छ । एक्लै अथवा सामूहिक रूपमा सवालजवाफ नगरी एकोहोरी तरिकाले गाउने गीतलाई एकोहोरी गीत भनिन्छ । जुनसुकै उमेरकाले यो

गीत गाउन सक्छन् । एउटै व्यक्तिले झिकेर गाउन सक्ने यो गीत अरुले छोपेर गाउन पनि सक्छन् । औपचारिक र अनौपचारिक रूपमा यो गीत गाइने गरिन्छ । पर्वत मल्लाज क्षेत्रमा यो गीत धेरै विकसित अवस्थामा पाईन्छ । खास गरी यो गीतमा कहीँ टुक्का जोडिन्छ भने केही टुक्का बिना नै गाउने गरिन्छ । यसमा नृत्य र वाद्यवादनको अनिवार्यता हुँदैन । यो गीत मेलापात गर्दा गाईबाखा चराउन जाँदा एवम् अन्य समयमा पनि गाउन सकिन्छ । यस्ता गीतमा विभिन्न अलङ्कारहरू प्रकट भएको र त्यसका माधुर्यले ती गीतहरू श्रुतिमधुर सुनिएको पाइन्छ । पर्वत मल्लाज क्षेत्रमा गाउने यस प्रकारका गीतको नमूना र तिनमा प्रयुक्त अलङ्कारको निक्यौल तल गरिएको छ ।

*न्याउली चरी साथै लैजाउन तिमीसँग*

*जानलाई मन्जुर छु छिटो मलाई लिन आइजाउन*

*आँसु खशी भइदियो गण्डकी*

*अति लामो भई सक्यो जिन्दगी*

*न्याउली चरी...*

*पीडा सही बाँच्न मन लाएन ।*

*म बाँचेको केही अर्थ भएन ।*

××× ××× ×××

*सँगै रुम्ला वन भित्र पसेर*

*तिमी रुखमा म भूँइमा बसेर ।*

*आत्महत्या गर्छन नि कोइले त*

*कोशिस गरे सकिन मैले त ।*

माथि उल्लिखित गीतको पहिलो पंक्तिमा प्रस्तुत न्याउली चरीको वर्णनद्वारा आफ्नो दुःखमय जिन्दगीको प्रतीति गराईएकाले यहाँ समासोक्ति अलङ्कार रहेको छ भने दोस्रो पंक्तिमा उपमेय

‘जिन्दगी’मा उपमान ‘गण्डकी’को सम्भावना देखाइएकाले उत्प्रेक्षा अलङ्कार रहेको छ । त्यस्तै अन्य पंक्तिहरूमा अनुप्रास अलङ्कारको उपस्थिति पाइन्छ ।

पर्वत मल्लाज क्षेत्रमा विभिन्न पुजाआजामा गाइने भजन हो । भजनका प्रकार धेरै छन् । जस मध्ये चुड्का भजन लम्बरी भजन, गीति भजन, कीर्तन आदि पर्दछन् । यस क्षेत्रमा गाइने भजन र तिनमा प्रयुक्त अलङ्कारलाई तल प्रस्तुत गरिन्छ :

### ४.४.१३ भजन कीर्तन

*जय विघ्नेश्वर जय दुर्गे ।*

*जय जय हरिहर जय सूर्ये ॥*

*नमः शिवाय नमः शिवाय ।*

*ॐ नमो भगवते वासुदेवाय ॥*

*श्रीकृष्ण गोविन्द हरे मुरारी ।*

*हे नाथ नारायण वासुदेव ॥*

*गोविन्द हरे गोपाल हरे ।*

*राधारमण श्रीकृष्ण हरे ॥*

*सीताराम सीताराम सीताराम जय सीताराम्*

*भरत शत्रुघ्न लक्ष्मण राम ।*

*रघुवरप्रिय श्री जय हनुमान ॥*

उपरोक्त भजनहरू सदावहार मानिन्छन् । भजनको प्रारम्भमा यी भजन गाइने गरिन्छ । यिनलाई नाम संकीतन पनि भनिन्छ । धार्मिक आध्यात्मिक क्षेत्रमा नाम संकीर्तनको ठूलो महत्व छ । कलियुगमा भगवान्को संकीर्तन गर्नु भन्ने विभिन्न पुराणहरूमा पनि उल्लेख भएको पाइन्छ त्यसैले कीर्तनमा पनि नाम संकीर्तन अत्यन्त श्रेष्ठ मानिएको छ । यिनमा खासै कुनै अलङ्कारको उपस्थिति पाईदैन ।

**गीति भजन**

गीति लयमा पुराण र वेद, उपनिषद एवम् विभिन्न भगवान् (देवी देवता) का अवतार कथा एवम् उनीहरूका चरित्रलाई मार्मिक रूपमा प्रस्तुती गर्ने कार्य गीति भजनले गर्दछ । यसमा वाद्यवादनको मीठो धुनका साथै लयको विविधता पनि पाइन्छ । विभिन्न प्रसङ्गहरूलाई यहाँ गाइन्छ । सबै प्रकारका वाद्यसामग्रीको धुन समिश्रणले यो अत्यन्त श्रुतिमाधुर्य परिपूर्ण र भरिपूर्ण रहन्छ । यस प्रकारको गीति भजनका विविध प्रसङ्गलाई यसरी प्रस्तुत गरिन्छ । गीति भजनमा प्रश्नोत्तरको पनि प्रचुरा रहन्छ ।

**क) शुक परीक्षित प्रसङ्ग**

**परीक्षितः** *हो मनुष्यको मोक्ष गुरु कुन उपायले हुन्छ ।*
*पत्ता लगाउनोस् हाम्लाई प्रभु मित्री मन छुन्छ ॥*

*हरेः वासुदेव र देवकीका कोखमा कृष्ण हरि ।*
*किन आए कारण के हो भन्नोस् जसै गरी ॥*

*हरे अवतारली कृष्णजीले के के कार्य गरें ।*
*वासुदेव र देवकी त प्रभु शरण परे ॥*

*हरे कुन कुन परिस्थितिमा कुन कुन अवतार लिए ।*
*कस्ता लिला श्रीकृष्ण र बलरामका थिए ॥*

*हरे कृष्ण परमधाम गसी धर्म कसको शरण ।*
*पर्न गए बताउँनुहोस् कस्ले गर्यो धारण ॥*

**शुकदेव** *हरे भ भनेको भावनारूपी परमेश्वर जान्नु ।*
*ग भनेको अलौकिक गति भन्ने मान्नु ॥*

*हरे ब भनेको भगवान्को वर्णन अनि धाम ।*
*त भनेको संसार तार्ने जपौ कृष्ण राम ॥*

*हरे    भागवत्मा सबै पाइन्छ यो मनले माने ।*

*भागवत नै कृष्ण हो नी यो कुरानी जाने ॥*

*हरे आत्मा अजर अमर हुन्छ शरीर मात्र मर्छ ।*

*यति कुरा बुझ्ने मानिस भवसागर तर्छ ॥*

सुख परिछिद संवादमा प्रश्नालङ्कार र अन्त्यानुप्रासको उपस्थिति रहेको छ ।

**ख) द्वैत र अद्वैत प्रसङ्ग**

*हरे शुकदेवमा नारी पुरुष कुनै भेद छैन ।*

*वेदव्यासमा द्वैत भाव छ यो चालको भैन ॥*

*हरे ब्रह्म सत्य जगत् मिथ्या यति कुरा मान्नु ।*

*ब्रह्म, विष्णु, महेश्वर एउटै ब्रहम जान्नु ॥*

*हरे उही ब्रह्म धेरै हुँदा ब्रह्म, शिव हरी ।*

*संसारलाई रक्षा गर्ने रूप थरीथरी ॥*

*हरे उही नारायण नर बनी संसारमा आउने ।*

*मनुष्यको अल्पवृद्धि कसरी था पाउने ॥*

यस द्वैत अद्वैत प्रसङ्गमा टुक्काको अन्त्यमा आएका अन्त्यपदावलीको सम्योजनले अन्त्यानुप्रास अलङ्कार पर्न गएको छ ।

**ग) कुन्ती प्रसङ्ग**

*हरे कुन्ती माता ध्यान गर्छिन भन्दै कृष्ण हरी ।*

*भित्र बाहिर जताततै प्रमु विश्व भरी ॥*

*हर`जति सन्तान भएपनि छाड्नैपर्छ हाम्ले ।*

*जगत्मा सुखदुःख दिने उनै रामले ॥*

*हरे ब्रह्माण्डका मालिक तिमी ब्रहम विष्णु भोला ।*

*तिमी नै हौ सबै रूप तिम्रै हो यो चोला ॥*

*हरे दुःख आपत चिन्ता बाधा कष्ट परोस् तनमा ।*

*यति कुरा पाए कृष्ण ढुक्क हुन्छ मन्मा ॥*

*हरे दुःख पाएँ भने बल्ल हरि याद आउँछ ।*

*मरे पछि यो चोलाले दिव्य धाम पाउछ ॥*

कुन्ती प्रसङ्गको पहिलो टुक्कामा 'हरी' 'भरी' दोस्रोमा पनि 'हाम्ले' 'रामले' जस्ता सुन्दर अन्त्य पदावलीको संयोजनले यहाँ अन्त्यानुप्रस देखिएको छ भने तेस्रोमा कुन्तीले श्रीकृष्ण प्रति समर्पण भाव राखेकोले उदात्त अलङ्कारको उपस्थिति हुन्छ भने चौथो र पाँचौं पंक्तिमा विशेष गुणका लागि दोषको प्रार्थना या कामना गरिएकाले अनुज्ञा अलङ्कारको उपस्थिति पाइन्छ ।

**४. श्रीकृष्ण गोलोक गमनबाट व्याकुल युधिष्ठिर प्रसङ्ग**

*हरे लाक्षागृहबाट पनि बचाउनु भयो ।*

*साग्को तान्द्रो खाएर पनि इज्जत राख्नु भयो ॥*

*हरे बनवास गुप्तवास हरेक कार्य गर्दा ।*

*हाम्रो काम सफल हुन्थ्यो ईश्वर भर पर्दा ॥*

*हरे गोकुलमा मथुरामा, द्धारकामा छँदा ।*

*प्रभुजिले धेरै लिला गरे मन छुँदा ॥*

*हरे सबै कुरा युधिष्ठिरले भाइलाई बताउने ।*

*भित्रभित्रै कृष्णजीको यादले सताउने ॥*

यस प्रसङ्गमा पनि अन्त्यानुप्रास अलङ्कारमा हुनुपर्ने गुण भएकाले अन्त्यानुप्रास अलङ्कार छरिएको देखिन्छ ।

**५. सुकेदवद्वारा परिक्षितलाई मोक्ष ज्ञान प्रसङ्ग**

*हरे-खरानीको थुप्रो शरीर मेरो भन्नु किन ।*

*बरु शरिर भित्र बस्ने हरिलाई चिन ॥*

*हरे जे जे देख्छौ जे जे सुन्छौ ब्रह्माण्ड भरीको ।*

*मेरो भन्ने केही छैन सबै हो हरिको ॥*

*हरे रित्तै आयौ रित्तै जान्छौ लानु छैन केही ।*

*हरिराम जप्यौ भने लान पाइन्छ त्यही ॥*

*हरे छोराछोरी, इष्टमित्र चराचर धन ।*

*सबै छाडी जानुपर्छ बुझाउ आफ्नो मन ॥*

*हरे मर्दा साथमा कोही जाँदैनन् एक्लै जान्छ ज्यान ।*

*यस्तो देख्दादेख्दै पनि किन आउन्न ध्यान ॥*

यस प्रसङ्गमा पहिलो पंक्तिमा खरानीको थुप्रो रुपि दोषले शरीर रुपि प्रसिद्ध विषयको तिरस्कार गरिएकाले 'तिरस्कार' अलङ्कार प्रकट भएको छ । त्यस्तै दोस्रो, तेस्रो र चौथोमा सुन्दर अन्त्य पदावलि र अन्त्यानुप्रास अलङ्कार हुन्छ भने पाँचौं टुक्कामा शरीर एक्लै जान्छ, जन्म पछि मृत्यु निश्चित छ तैपनि मनुष्यलाई 'किन ज्ञान आएन' भन्ने विशेष कथनको प्रसंगले यहाँ विशेसोक्ति अलङ्कारको प्रादुर्भाव भएको पाइन्छ ।

**निर्गुण ईश्वर प्रसङ्ग**

*हरे आउ बस रुखमुनि यै हो हाम्रो घर ।*

*कोही छैन केही छैन ईश्वरको भर ॥*

*कालका पनि काल उनै प्रभु नारायण ।*

*त्यस्ता प्रभु नारायणलाई चिन्नै सकिएन ॥*

*हरे हरिबोल हरि बोल बोल हरि बोल् ।*

*बाहिरी आँखा बन्द गरी भित्री आँखा खोल् ॥*

*हरे कर्कलाको पानी जस्तो हाम्रो जीवन ।*

*छोडी जाने संसारलाई मेरो नमन ॥*

यस प्रसङ्गको पहिला दुई पंक्तिमा अन्त्यानुप्रासको व्याप्ति छ भने दोस्रो पंक्तिमा हार्दिकताको वर्णनले गर्दा उत्तात्त अलङ्कार परेको छ । चौथो टुक्काको पहिलो पाउमा एउटै 'हरी' शब्द तीन पटक सम्म र 'वोल'शब्दको चार पटक सम्म पुनरावृत्ति भएकोले वृत्यानुप्रास अलङ्कार पर्न गएको छ भने दोस्रो पंक्तिमा साधारण प्रत्यक्ष बाहिरी आँखाको बन्द गरी असाधारण अप्रत्यक्ष भित्री आँखालाई खोल्नु भन्ने वर्णनले अतिशयोक्ति पर्न गएको छ । त्यस्तै चौथोमा जीवनलाई कर्कलाको पानीको थोपासँग तुलना गरिएकाले अथवा सादृश्यता जनाइएकाले उपमा अलङ्कार प्रकट हुन पुगेको छ ।

**६. ब्रह्मद्वारा सृष्टीको प्रसङ्ग**

*हरे सनकादिचार भाइ वैकुण्ठमा गए ।*

*अब सृष्टी कसले गर्छ ब्रह्मा रुँदा भए ॥*

*हरी रुँदारुँदा जन्मेकाले रुद्र नाम भयो ।*

*ब्रह्म भन्छन् सृष्टी गर मेरो उमेर गयो ॥*

*हरे भूतप्रेत सृष्टी गरे रुद्रजीले पनि ।*

*ब्रह्मजीले रोकिदिए हुन्न यस्तो भनी ॥*

*हरे मरिची आदि मानसपुत्र फेरी सृष्टी गरे ।*

*सृष्टी अघि बढाउँदै यिनीहरू हिँडे ॥*

यस प्रसङ्गको पहिलो टुक्कामा ब्रह्माले ईच्छा गरे भन्दा विरुद्धको फल पाएकोले विसादन अलङ्कार पर्न गएको छ भने दोस्रो टुक्कामा एउटै 'रुदाँ' शब्दको आवृत्तिले छेकानुप्रास

देखिएको छ । त्यस्तै तेस्रोमा अन्त्यानुप्रास पर्न गएको छ भने चौथोमा खासै अलङ्कारिक चमत्कार पाउन सकिदैन ।

**७. दिती र कश्यप प्रसङ्ग**

*हरे ऋतुदान दिनोस् भनी माग्ने दिती हेर ।*

*सन्ध्याकालीन बेला थियो हरे त्यतिखेर ।*

*हरे यो बेलामा ऋतुदान दिनु पनि हुन्न ।*

*छोरो राम्रो जन्मदैन मत तिम्लाई छुन्न ॥*

*हरे जिद्धी गरिन अदितीले ऋषिलाई क्रोध आउने ।*

*कुवेलामा जिद्धी गऱ्यौ राक्षस छोरो पाउने ॥*

*हरे देवतालाई दुःख दिन्छ गर्छ यसले रजाई ।*

*देवीदेवता सबैलाई दिन्छ यसले सजाएँ ॥*

यस प्रसङ्गमा पनि अन्त्यानुप्रासको व्यापकता पाइन्छ ।

**८) जय विजय प्रसङ्ग**

जय विजय प्रसङ्गमा पहिलेका दुई टुक्कामा अन्त्यानुप्रास छ भने तेस्रोमा चाही तीन जन्ममा मुक्ति हुने हेतु अर्थात कारण लिएर द्वितीका गर्भमा बास बस्न जानुले यहाँ 'हेतु' नामक अलङ्कारको सुन्दरता देख्न सकिन्छ ।

**चुड्का भजन**

प्रस्तुत चुडका भजनको सातौं चुण्कामा हेतु रूप कृष्ण र राम प्राप्त भएपछि आनन्द प्राप्त भएको कथनले यहाँ 'हेतु' नामक अलङ्कार रहेको छ । त्यस्तै आठौंमा स्वर्गलाई विशिष्ट स्थापित गर्न स्वर्ग रुपि उपमानमा भन्दा 'बाटो रुपि' उपमेयमा गुणको अधिकता देखाएर स्वर्गको सर्वोत्कृष्टता सिद्ध गर्न खोजिएकोले व्यतिरेक अलङ्कार प्रकट भएको छ । दशौं टुक्कामा अप्रत्यक्ष सूक्ष्म ईश्वर प्रति मनमा उठेको जिज्ञासा शान्त गर्न उसैसँग चमत्कारपूर्ण प्रश्न गरिएकोले 'प्रश्न' नामक अलङ्कार प्रकट भएको छ ।

कुनै घरमा सत्यनारायण पुजा लाउदा, वास्तुपुजा (घरपैंचो) गर्दा एकाह अथवा सप्ताह लगाउँदा सोहि घरमा गएर समुहगत रूपमा रातै बिताउने गरेर गाइने भजन नै चुड्का भजन हो । बीच बीचमा अरु भजन अलि गाएपनि रात छिप्पिदै जाँदा निद्राले सताउने हुँदा अरु भन्दाचुड्का भजन नै गाइन्छ । चुड्का भजन गाउँदा नाचम् नाचम् लाग्ने खालको वाद्यवादनको संगीतले यो भजन अत्यन्त मनोरञ्जनात्मक प्रतीत हुन्छ । मादल, छुर्मा, खैंजडी, डम्फु, जस्ता बाद्यवादनहरूको प्रयोग चुड्का भजनमा गरिन्छ । यो भजन नेपाल भरी नै अतिलेप्रिय भजन हो । यस पर्वत मल्लाज क्षेत्रमा पनि चुड्का भजन व्यापक रूपमा गाइने गरिन्छ ।

*कहिले काखमा कहिले डोलिमा ।*

*कहिले शंख बजाउँदै लान्छन् खोलीमा ॥*

*शिवजीको बास, हिमालपारी कैलाश ।*

*हिमालपारी कैलाश हिमालपारी कैलाश ॥*

*शिवजीको बास, हिमालपारी कैलाश ॥*

*कहिल्यै नभुल कहिल्यै नभुल ।*

*प्रभु नाम जप्नलाई कहिल्यै नभुन ॥*

*मेरो मेरो भन्छौ हमी मेरो क्यै छैन ।*

*नाङ्गै आयौ नाङ्गै जानु लानु क्यै छैन ॥*

*आउ शिव लिन, कैलाशैमा आउने बाटो मैले चिनिन् ॥*

*मुक्तिनाथ गलेश्वर, गरुडेश्वर (गिद्धेश्वर) धाम ।*

*आखिरिमा मुक्ति दिने भगवान्कै नाम ॥*

*कृष्ण पाएँ मैले आनन्दैमा छु ऐले ।*

*राम पाएँ मैले आनन्दैमा छु ऐले ॥*

*स्वर्ग जाने बाटो  न ढुङ्गो छ न माटो ।*

*ए हरि जगतै भरी संसारलाई भुलायौ कसरी ।*

*ए हरि छल गरी गरी यो संसार बनायौ कसरी ।*

प्रस्तुत चुड्का भजनमा विसादन, स्वभावोक्ति र अतिशयोक्ति अलङ्कार पाइन्छ ।

**लम्बरी भजन**

आख्यानले युक्त एकदम विस्तारै शान्त वातावरणमा समुहगत रूपमा गाइने भजन नै लम्बरी भजन हो । यज्ञ यज्ञादि गरेका ठाउँमा विभिन्न धार्मिक आश्रमहरूमा एवम् प्रसिद्ध मन्दिरहरूमा यो लम्बरी भजन श्रवण गर्न पाइन्छ । वाद्य वादनका रूपमा खैंजडी र मुजुरा मुख्य बाजाका रूपमा प्रयोग हुन्छन् भने यो गीत प्रायजसो ब्राहमण तथा क्षेत्री जातिले गाउने गरेको पाइन्छ । लम्बरी भजन गाउँदा एउटाले निकाल्ने र अरुले छोप्ने गरिन्छ । मल्लाज क्षेत्रमा प्रचलित भएका लम्बरी भजन यस प्रकार छन् :

| **प्रमुख गायक** | **समूह गायकहरू** |
| --- | --- |
| हा- मनुष्यको चोला बल्ल बल्ल पाईयो | मनुष्यको चोला बल्ल बल्ल पाइयो |
| हा- चौराशीमा परिन्छ कि सम्भ्छ भगवान | चौराशीमा परिन्छ कि सम्भ्छ भगवान |
| हा- आत्म ईश्वर चिन्नु पर्छ जप हरि नाम | आत्म ईश्वर चिन्नु पर्छ जप हरि नाम |
| हा- संनिसारैमा सुख छैन अल्भ्कन मात्र भो | संनिसारैमा सुख छैन अल्भ्कन मात्र भा |
| हा- सबै छाडिजानु छ पाइन्न है लान | सबै छाडिजानु छ पाइन्न है लान |
| हा- बुड्यौलीमा परियो पछितो पो लाउँच | बुड्यौलीमा परियो पछितो पो लाउँच |
| हा- जपम् अब हरि नाम मर्ने बेला भयो | जपम् अब हरि नाम मर्ने बेला भया |

प्रस्तुत लम्बरी भजनमा संभावना वैराग्यताको वर्णनले संसार प्रति अरुचि एवम् विषादले विषदन नामक अलङ्कार एवम् मर्ने बेला भएकै कारण हरि नाम जपौं भन्ने जस्ता अभिव्यक्तिले हेतु अलङ्कारको प्रयोग भएको छ ।

# पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## उपसंहार तथा निष्कर्ष

नेपाली लोकगीत नेपाली मौलिक परम्परामा बाँचेको गीत हो । नेपालीको नेपालीपनको आभाष लोकगीतमा नै हुन सक्दछ । ग्रामीण जनजीवन एंव शहरीया वातावरण दुवै आवजगतलाई लोकगीतले संवहन गर्दछ । यसो भए तापनि लोकगीत रमाउने र खेल्ने एंव स्वच्छन्द आकासमा उड्ने क्रिडास्थल भने ग्रामीण परिवेश नै हो । ग्रामीण रहन शहन स्वच्छ एवम् सुन्दर भावना एवम् सुन्दर मनको छायाँ लोकगीतमा पाउन सकिन्छ । नेपाली जनजीवनको हरेक अवस्थाको चित्रण लोकगीतले गर्दछ । नेपाली ग्रामीण जनजीवनमा मुख्य रूपमा अपनाइने पेशा भनेको कृषि हो । कृषि काम नगरी खान नपुग्ने अवस्था अहिले पनि रहदै आएको छ । यद्यपि अहिले ग्रामीण जनजीवनको आर्थिक अवस्था पहिले जस्तो छैन । विगत आठ दश वर्ष यता नेपालीलाई विभिन्न देशहरूले रोजगारीका लागि स्वीकृति दिएपछि आर्थिक रूपमा धेरै विकास भइसकेको छ भने विदेशिनुको पीडा पनि अत्यन्त मार्मिक छ । विदेश गएर पैशा कमाउनु सजिलो छैन । गाउँघरबाट फुलमाला भिरेर गएको छोरो वा छोरी छ महिना १ वर्षपछि एउटा बाकसमा मृत अवस्थामा पनि कयौं फिर्ता भएको पाइन्छ । मल्लाज क्षेत्रमा यिनै वैदेशिक अवस्थाको चित्रण पनि यहाँका लोकगीतमा पाइन्छ । विदेशमा रहदा पनि गाउँघरको सम्भना आइरहने र त्यहाँका भीर पाखाको उकाली ओरालीको एवम् विभिन्न प्राकृतिक सुन्दरताको झल्को आइरहने जस्ता भावहरू पनि यस क्षेत्रका लोकगीतमा पाउन सकिन्छ । त्यस्तै गाउँघरमा खेतीवाली गर्दा विभिन्न समयमा तद् अनुकूल परिवेश एवम् वातावरणमा सुःख एवम् दुःखको अनुभूतिलाई रागात्मक अभिव्यक्ति बनाई लयात्क लोकगीतका माध्यमले विरह एवम् खुसी व्यक्त गरेको पाइन्छ । नेपाली जीवनमा विभिन्न सभ्यता एवम् संस्कारहरू देखा पर्दछन् । संस्कार भनेको सबैको साझा चिज हो । त्यसैले सामुहिक रूपमा विभिन्न समयमा परम्परित चलनचल्ती अनुसार गाईने गीतहरूमा पनि विभिन्न भावहरू पाइन्छन् । विवाहमा रत्यौली गीत गाइन्छन् भने तीज, दशैं, तिहार आदि पर्वहरूमा तीजेगीत देउसी, भैलो आदि गीतहरू गाइन्छन् । सामुहिक रूपमा बसेर बास गर्ने भएर मानिसको समूहलाई समाज भनिन्छ । एउटा समाजमा हरेक उमेर र वर्षका व्यक्तिहरू

बसोवास गर्दछन् । यीनै व्यक्तिहरूका मनका तरङ्ग एवम् अनुभूति नै लोकगीतमा अभिव्यक्ति भएर आउँछन् भने तद्तद् अवस्था र उमेर अनुसारका भावहरू पनि लोकगीतमा आउने गर्दछन् । बालबालिकाहरूले आफ्नै खेलसँग सम्बन्धित रमाइला गीत गाउँछन् भने युवा-युवतीहरूले जवानी र मायाप्रेमका विषयमा आफ्ना भावहरू प्रकट गर्दछन् भने अन्यसमुहका मानिसहरूले व्यवहारिक सुख, दुःख, एवम् जीवन उतारचढा, हर्ष र आँसुसँग सम्बन्धित विषयलाई अँगालेर आफ्नो मानसिक भाव जगतलाई लयात्मक तरिकाले अभिव्यक्त गर्ने गर्दछन् । सामाजिक जीवनमा सुख र दुःख नआई नै हाल्छन् र जनजीवनले पनि आरोह एवम् अवरोह गरिरहनु पर्दछ । यीनै हाँसो, रोदन, आँसु, हर्ष, विस्मात रोमाञ्च, श्रृङ्गार आदि भावलाई लयात्मक बनाई अभिव्यक्त गर्ने काम लोकगीतमा हुन्छ । त्यसैले लोकगीत भनेको लोकजीवनको ऐना हो । लोकगीतले मानिस धरातललाई मात्र विषयवस्तु बनाएको पाइदैन भने आँफु वरीपरि रहने प्रकृति, वातावरण र संस्कृतिसँग पनि अछुतो रहन सक्दैन त्यसैले तद्भावहरू पनि लयात्मक एवम् मार्मिक बनी लोकगीतका रूपमा प्रकट हुन्छन् । यस मल्लाज क्षेत्रमा यिनै विषय भाव र यो क्षेत्रको सेरोफेरोलाई गीतमा वर्णन गरिनु नै यसको महानताको परिचय हो ।

अलङ्कार शब्दको अर्थ सुन्दरता हो अथवा जसरी मानिसले आँफुलाई सुन्दर बनाउँनकै लागि विभिन्न सौन्दर्य प्रसाधनको सामाग्री प्रयोग गर्दछ त्यस्तै लोकगीतलाई सुन्दर बनाउनको लागि अलङ्कारको आवश्यक पर्दछ । मानिसले लगाउने गहनालाई श्रृङ्गार अलङ्कार भनिए झैं लोकगीतले लगाउने गहनालाई अलङ्कार भनिन्छ । गीतमा अलङ्कार आउनलाई भावगत, शब्दगत र अर्थगत चमत्कार हुनै पर्दछ सबै खाले गीत एवम् अभिव्यक्तिमा अलङ्कार हुँदैनन् । पदीय अलङ्कारको लक्षण अनुसार अलङ्कारलाई गीतमा घटित गराउने कार्य प्रस्तुत शोधपत्रमा भएको छ । 'अलङ्कार अलक्रियते अनेन इति' यो भनाई अनुसार अलङ्कार नभई साहित्य आस्वाद्य एवम् ग्रहण योग्य र मनमोहक नहुने भएकोले गीतमा अलङ्कारको खोजी आवश्यक छ त्यसैकारण मल्लाज क्षेत्रका लोकगीतमा अलङ्कारको खोजी गरिनु पर्दछ भन्ने ध्येयले यस क्षेत्रमा प्रचलित भएका लोकगीतमा तद्निहित अलङ्कारिक सौनदर्यलाई खोजी गर्ने कार्य भएको छ । गीतमा अलङ्कारको बारेमा अत्यधिक मेहनत गरे अझै केही कुराहरू आउन सक्ने सम्भावना रहेको छ ।

समग्रमा भन्नु पर्दा पर्वत मल्लाज क्षेत्रमा विभिन्न प्रकारका गीतहरू गाईन्छन् । यी विभिन्न गीतहरूले यहाँको जनजीवनलाई र प्रकृतिलाई आफ्नो भावभूमि बनाएको देखिन्छ । बाँसखर्कको सुन्तला फूलवारी लेकफाँटको पँधेरा पात्लाफँट र अर्जेतको खेतको फाँटको वर्णन, कालोपर एवम् बान्द्रेभीर जस्ता पाखाहरूको वर्णन एवम् भेडी ओडार र रानीवन जस्ता वनहरूको वर्णन यहाँका कृषि जन्य चिजहरूको वर्णनले मल्लाज क्षेत्रको विविध भौगोलिक परिवेशलाई समेटेको छ । त्यस्तै खोलिखो (खोलिको) गोलिखो, अँडुला अँडुली ठैवरी हिंवरी जस्ता भाषिक संयोजनले यहाँका लोकगीतमा स्थानीय भाषिकाको प्रचुरतालाई अंगालेको पाइन्छ । माँझफाँटको कणेलकी दरवार विभिन्न मन्दिरहरूको वर्णनले ऐतिहासिक संरचनाको वर्णन पनि यहाँका गीतमा पाउन सकिन्छ । मल्लाज क्षेत्रमा बस्ने समुदायको रीतिरिवाज चालचलनलाई पनि यहाँका लोकगीतले विषय बनाएको पाईन्छ । मायाँप्रिति एवम् उत्साह र आक्रोशको वर्णन पनि यहाँका गीतमा झल्किन्छ भने ती गीतहरूमा निहित शब्दगत र अर्थगत चमत्कारले विभिन्न अलङ्कारहरू आभूशणका रूपमा दूधमा पानी झैं मिश्रित भएको पाइन्छ । यिनै उपलब्धी प्रस्तुत अध्ययनले प्राप्त गर्न सफल भएको छ ।

यस प्रकार मल्लाज क्षेत्रमा विभिन्न प्रकारका लोकगीत गाईने र ती लोकगीतमा विविध अलङ्कारको उपस्थिति रहेको पाउन सकिन्छ । यस क्षेत्रमा लोकगीतका बारेमा बारेमा अनुसन्धान गर्न चाहने भावी अध्ययनकर्ताहरूले रसविधानका आधारमा यहाँका लोकगीतलाई अध्ययन गर्न सकिने संभावना रहेको छ भने त्यस्तै बिम्ब र प्रतीकका आधारमा यहाँका लोकगीतको अध्ययन गर्न सकिने संभावना पनि भावी अध्ययन कर्ताका लागि रहेको छ ।

## सन्दर्भ कृतिसूची

**पुस्तकहरू**


आचार्य, कृष्णप्रसाद (२०६४), ***शोधविधि सिर्जना र संस्कृत काव्यशास्त्र,*** काठमाण्डौ : क्षितिज प्रकाशन ।

आचार्य, गोविन्द (२०६५), ***लोकगीतको विश्लेषण,*** काठमाण्डौ : पैरवी प्रकाशन ।

आचार्य, भामह (२०५९), ***काव्यालङ्कार*** (तेस्रो संस्करण) वाराणसी : चौखम्बा विद्या भवन ।

आचार्य, दण्डी (२०१५), ***काव्यादर्श,*** वाराणसी : चौखम्बा विद्या भवन ।

उपाध्याय केशव प्रसाद (२०५९), ***साहित्य प्रकाश,*** काठमाण्डौ : साझा प्रकाशन ।

ओझा, रामनाथ र मधुसूदन गिरी (२०६४), ***शोध सिर्जना र संस्कृत काव्यशास्त्र*** ।

चूडामणि बन्धु (२०५८), ***नेपाली लोक साहित्य,*** काठमाण्डौ : एकता बुक्स ।

थापा, दिलबहादुर (२०५०), ***गलकोट क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण अध्ययन,*** स्नातकोत्तर शोधपत्र काठमाण्डौ : नेपाली केन्द्रीय विभाग ।

थापा धर्मराज (२०३०) ***गण्डकीका सुसेली,*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

थापा हिमांशु (२०५०), ***साहित्य परिचय,*** काठमाण्डौ : साझा प्रकाशन ।

न्यौपाने, कुसुमाकर (२०४४), ***पैयूँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** स्नातकोत्तर शोधपत्र काठमाण्डौ : नेपाली केन्दीय विभाग ।

न्यौपाने, श्रीराम (२०६७), ***नेपाली गद्य भाषा र साहित्य,*** काठमाण्डौ : लुम्बिनी प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलोक,*** काठमाण्डौ : वीणा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), ***नेपाली लोक साहित्य,*** काठमाण्डौ : एकता बुक्स ।

बानियाँ शिव (२०६८), ***वेनी जगनाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान,*** स्नातकोत्तर

शोधपत्र पोखरा, नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

भरत, २०४५), **नाट्यशास्त्र,** वाराणसी : कृष्ण अकादमी

भुषाल, हिरामणि (२०७२), ***भँगरा क्षेत्रमा प्रचलित असारे गीतमा रसविधान,*** स्नातकोत्तर शोधपत्र पोखरा नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

मम्मट, (सन् १९८२), ***काव्यप्रकाश*** (छै.सं), वाराणसी : चौखम्बा विद्या भवन ।

सापकोटा नारायण (२०५२), ***छन्दोलङ्कार माला,*** गोपीकृष्ण प्रेस, जालपादेवी, वाराणसी ।

शर्मा देवेन्द्रनाथ (१९८५), ***काव्य प्रकाश,*** विहार राष्ट्रभाषा परिषद : पटना भारत ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य** : काठमाण्डौ ।

**पत्रपत्रिका**

***कालञ्जर*** (२०५७), मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान मल्लाज, पर्वत ।

घायल ओमप्रसाद (२०६०), ***मोदिकाली साप्ताहिक,*** पत्रिका वर्ष ८ अङ्क ५ ।

लामिछाने सुदीप (२०६६), ***पलाँस,*** : पर्वत कार्यमूलक पत्र ।

विकल्प इन्द्रकुमार (२०६७), ***कालिको सुसेली,*** पर्वत साहित्य संगम ।

# परिशिष्ट खण्ड

## मल्लाज क्षेत्रमा प्रचलित लोकगीतहरू

## कर्मगीत

**जेठेगीत**

*जेठै र मासका चर्का यी घाम*

*झयाउँकिरी कराउने*

*हिं मेरै बुढा जता र जान्छन्*

*उतै हो हराउने ।*

*त्यो अरजेत कोदाको विउ*

*ढाक्यो नी झारैले*

*क्या दुखी घर पाऱ्यो नी आमा*

*अभागी कर्मले ।*

*खुर्पानी पाक्यो त्यो गैरी गाँउमा*

*टिपेर ल्याइदेउन*

*ठै बरी मलाई भन्छौ कोई भने*

*एकैछिन आईदेउन ।*

स्रोत : भीम रूपा जि.सी., वर्ष,७३

ठेगाना : लेखफाँट -६ पर्वत ।

**असारे गीत**

*हो हो काले हो माले हो हो*

*टहमा टह जुनै र लाग्यो*

*भ्यागुतो करायो*

*बादलु आयो जुनै र छेक्यो*

*उजेली हरायो ।*

*घरैमा दुखी निर्दयी बुढा*

*कचकचे सासू छन्*

*केही छैन मनमा खुसी र सुख*

*आँखै मा आँसु छन् ।*

*असारै मासा कुटेका चिउरा*

*साउनमा घुन लाग्यो*

*छोरीलाई सुख छ भन्थे बाले*

*मेलैमा जुन लाग्यो ।*

*रातै र पर्‍यो अँधेरी छायो*

*यो मन सोकायो*

*गरो छ आधा रोपनलाई बाँकी*

*बालकै भोकायो ।*

स्रोतः शान्ति रेग्मी

वर्ष ४१, मल्लाज लेखफाँट-६, पल्लावारी

**दबदबे हिलो**

*असारे मास दबदबे हिलो*

*छि मलाई घिन लाग्यो*

*पातली नानीलाई फरिया किन्दा*

*छ बिस रिन लाग्यो ।*

*आली है लाउँदा*

*खेताला तर्क है*

*खेताला जति नथुप्र एक ठाउँ*

*यता नि फर्क है ।*

*पटुकी तिमले कसरी कसेउ*

*फरिया छोटै छ*

*छिनेको कम्मर भएनी तिम्रो*

*तिघ्रा त मोटै छ ।*

स्रोतः कमना दर्जी/फौजबहादुर दर्जी

वर्ष ५५/७२, मल्लाज लेखफाँट-६, सर्सकमाय

**दाँइगीत**

गोरुको कानले बत्तायो धान

गोरु खेदने केटाले

अल्लि राम्ररी गोरुलाई हान् ।

मियोको टुप्पोमा बस्यो कोइली

गोरु खेद्ने लाई खिरको चोइली ।

हो हो माले हो हो चम्रे हो हो

गोरुका़ सिङ्मा परालको तान्द्रो

गोरु नखेद्नेलाई मुसाको आन्द्रो

हो हो गुरु हो हो तिल्के हो हो

चारै खुटाले रिँगाइदेउ चम्रे

कानले बत्ताईदेउ विचको गुरे

अनिकालमा सह लेइदेउ

धानको रासको बनाइदेउ चुरो ।

स्रोत : मनवीरे नेपाली

वर्ष : ७९, लेखफाँट- ६ पर्वत ।

**४. मिँयो गोरु**

हो हो गोरु हो हो

मियो गोरु राजा

सवै गोरु प्रजा

राजा छिटो अघि

अरु सबै पछि

हो हो गोरु हो हो

मियो माथि धानको वाला

हिड्ने गोरुले हरियो खाला

हो हो गोरु हो हो

गैरी गाँउको तल है ठाँटी

गोरु राजा हिड्यो पराल माथी ।

हो हो गोरु हो हो....

स्रोत : कुलचन्द्र पौडेल

वर्ष : ३३, शालिजा-९ पर्वत ।

**घाँसे गीत**

*जीवनैमा टुटेन मलाई*

*आँसी नाम्लो हातैमा लिनलाई*

*खेतको पुछार मकै पाक्यो*

*खाइसक्यो गुनाले,*

*स्कुल मैले पढ्न पाइन*

*बाउ मुर्ख हुनाले ।*

*ठूलो रुख काफल पाक्यो*

*टिपी मैले खाइन*

*अपुर राथी अघि भए*

*मैले पढ्‌न पाइन ।*

*जीवनमैमा...*

××× ××× ×××

*ठूलो पाकड सिगरेट त*

*सानो पाकड सलाई*

*स्कुल पढ्‌न जान्छु भन्दा*

*पिट्‌न थाउने मलाई ।*

*जीवनैमा...*

××× ××× ×××

*धान पाक्यो लरालुरी*

*खानेबेला भयो*

*धर्म साँची पाप काटी*

*जाने बेला भयो ।*

*जीवनैमा... ।*

स्रोतः डम्बरकुमारी रेग्मी

वर्ष : ८९, बासखर्क-३, वीरमारे ।

## पर्वगीत

### मालश्री गीत

*जय हो, दुर्गा जय रणचण्डी दुष्ट विनासिनी, गाईए,*

*शक्ति स्वरूपा, त्रिभूवन पालिनि सिंहवाहिनी सुहाइऐ ।*

*शैल निवासीनी गिरिजा, पार्वति आदि स्वरूपा भजिए ।*

*विन्ध्या चलमे राजत माता भक्तनकी वर दीजिए ।*

*अनाथ नाधिनी, त्रिभुवन सुन्दरी दृष्टी कृपा कीजीए ।*

*भजिए भजिए जगतै भक्तन त्रिपाला आरती किजीए ।*

*जय हे दुर्गा...*

स्रोतः कमला खत्री

वर्ष : ५४, माझफाँट रखालविसौना ।

### भैली गीत

*आहै भनभन संगी भैलो*

*राम्ररी भन भैलो*

*गाई तिहारो भैलो ।*

*लक्ष्मी पूजा गरेको ।*

*हे वर्ष दिनको चाड*

*हे औसीबारो गाई तिहारो भैलो ॥*

*हजुरको आँगन आयौ सबै मिलेर ।*

*हामी त त्यसै आएका होइनौ*

*बली राजाले पठाएर*

*हे साथी सबैले भन भैलो ।*

स्रोतः रामकृष्ण पौडेल

वर्ष ३४, मल्लाज माजफाँट-४, पर्वत

**देउसीरे गीत**

| | |
|---|---|
| *आ है भन भन भाइ हो* | *देउसीरे* |
| *आ है राम्ररी भन* | *देउसीरे* |
| *आ है स्वरमिलाईकन* | *देउसीरे* |
| *आ है यो घरैका* | *देउसीरे* |
| *आ है बाबा कस्ता* | *देउसीरे* |
| *आ है राजा जस्ता* | *देउसीरे* |
| *आ है यो घरकी* | *देउसीरे* |
| *आ है आमा कस्ती* | *देउसीरे* |
| *आ है रानी जीस्ती* | *देउसीरे* |
| *आ है यो घरकी* | *देउसीरे* |
| *आ है छोरी कस्ती* | *देउसीरे* |
| *आ है राजकुमारी जस्ती* | *देउसीरे* |
| *आ है वर्ष र दिनको* | *देउसीरे* |

आ है रमाइलो चाड देउसीरे

आ है मनाउन देउसीरे

आ है आएका हामी देउसीरे

आ है सबै मिली देउसीरे

आ है भन भन भाइ हो देउसीरे

आ है यो घरका देउसीरे

आ है छोरा कस्ता देउसीरे

आ है राजकुमार जस्ता देउसीरे

आ है रातो माटो देउसीरे

आ है तिप्लो बाटो देउसीरे

आ है लड्दै र पड्दै देउसीरे

आ है आएका हामी देउसीरे

आ है हामी त त्यसै देउसीरे

आ है आएका होइनौ देउसीरे

आ है बली राजाले देउसीरे

आ है पठाएर देउसीरे

आ है आएका हामी देउसीरे

आ है यो घरमा देउसीरे

आ है लक्ष्मीले देउसीरे

आ है बासै गरुन् देउसीरे

*आ है यो घरैका देउसीरे*

*आ है छोरा छोरी देउसीरे*

*आ है डाक्टर पाइलट देउसीरे*

*आ है भएर आउन देउसीरे*

*आ है पढी लेखी आएपछि देउसीरे*

*आ है यो गाउँलाई माया देउसीरे*

*आ है गरेर बसुन् देउसीरे*

*आ है आफ्नै गाउँको देउसीरे*

*आ है आफ्नै ठाउँको देउसीरे*

*आ है इज्जतै राखुन् देउसीरे*

*थालैमा अक्षता पाती,*

*विदावादी भएर जाऊँ साथी,*

*यो घरैमा लक्ष्मीको बास,*

*अर्को सालमा आउनेछ आश ।*

स्रोत : जीवन थापा

वर्ष ३८ लेखफाँट-६ मैदान

**तीजे गीत**

*दिनमा मकै बाँदरलाई राती मकै दुम्सीलाई,*

*अघिपछि के खाने हो छैन औँसीलाई ।*

*लैना भैंसी दुहेर होटलमा लानु छ,*

*अमिलाका चानासित भात खानु छ ।*

*स्वामीज्यूको वतन सँधै मलाई रुखो भो,*

*छोरा छारी धेरै भए पाल्न दुःख भो ।*

*विदेशबाट फोन गरेर जानु भन्थ्यो भाइले त,*

*अझै दूध दिँदै होला माली गाईल त ।*

*तीजमा खाने भनेर राख्थ्यौ आमा सजाएर,*

*सम्झना आउँछ आमा तामा अचार ।*

*दिदी बैनी आए होलान् फुपु पनि आई होलीन्,*

*आमाले पकाऐ दर खाई होलिन् ।*

*बाबा विती गएपनि कैल्यै भएनौ टुहुरा,*

*ऐले पनि आउन पाइन भान्सा नकुर ।*

*नौ डाडाँ पारि दिएउ बाबा आमाले,*

*निस्कीएर आउन पाइन घरको कामले ।*

*कहिल्यै पनि पाइदो रैन्छ यी आँखाले देखेको,*

*सँधैभरी भोग्नु पऱ्यो दुःख लेखेको ।*

*घिऊ समालेर राखे आमा फुल भरेको टिनमा,*

*बाँचे भेट हुम्ला आमा वर्ष दिनमा ।*

स्रोतःराधिका रेग्मी

वर्ष ४८, लेखफाँट-६, गैह्रीगाउँ ।

**ऋषि पञ्चमी गीत**

*पञ्चमीको पुजा गरी पाप सबै धुने,*

*छिटो छिटो रैछ संगी हिँड्न नहुने ।*

*पाइला गनि अरुन्धती मातालाई नि घुमम्ला,*

*सप्तऋषि पुजा भरी गीतै र गाम्ला ।*

*माइतीका गुरु संगी आउँछन् पुजा लाउनलाई,*

*सरदाय ठिक्क पार पुजा गर्नलाई ।*

*साथी सँगी सबै गए गरुडेश्वर मन्दिरमा,*

*मैले फुल टिपें वरै हतार हतारमा ।*

स्रोतः दुर्गा रेग्मी

वर्ष ३६, माझफाँट-३, बेनी ।

**तीज गीत**

*लैना भैसी दुहेर होटलमा लानु छ*

*अमिलाको चानो सगँ भात खानु छ ।*

*स्वामी ज्यू को वचन सधै मलाई रुखो भो*

*छोराछोरी धेरै भए पाल्न दुख भो ।*

*विदेश वाट फोन गरेर जानु भन्थ्यो भाईले त*

*अझै दुध दिदै होला माली गाई ले त ।*

*तिजमा खाने भनेर राख्थयो आमा सजाएर*

*सम्झना आउछ आमा तामा अचार*

*दिदी वहिनी आए हाउलान*

*फुपु पनि आए होलान*

*आमाले पकाएको दर खाए होलान ।*

*वावा विति गए पनि कहिल्यै भएनौ टुहुरा*

*अहिले पनि आउन पाईन भान्सा नकुर ।*

*नौ डाँडाँ पारी दियौ वावा आमाले*

*निस्किएर आउन पाईन घरको कामले ।*

*कहिलयै पनि पाइदो रहिन्छ यी आखांले देखेको*

*सधै भरी रै छ मलाई दुःख लेखेको ।*

*घ्यू सँगाली राखे आमा फूल भरेको टिनमा*

*वाचे भेट हुम्ला आमा वर्ष दिनमा ।*

स्रोत : मना रेग्मी

वर्ष : ३६, लेखफाँट-६,मल्लाज पर्वत ।

**तीज गीत**

*आमा भनी बोलाउँदा है भन्यो ढोकाले*

*भाउजु रैछन् भित्र मरे भोकले*

*कोल्टे भइदे बेनी पुलको झोलुङ्गो*

*दिदी बैनी नभएकी यसै हलुङ्गो*

*दश घरनका पाँचै पाथी चामल*

*के खुवायर पाल्नी दिदी बहिनीलाई*

*भदौरे मासको सिमसिमे झरी*

*उघारिदेउ भाउजुले ढोका बरिलै ।*

*तिमी त बहिनी भागेर आयौं*

*तिम्रो भाइले इज्जत राख्यो बरिलै ।*

स्रोतः पावती पौडेल

वर्ष ६१, मल्लाज माजफाँट-४,भवानीपानी

**तीज गीत**

*तीज र आयो रम र झम*

*कमाइदेउ राजै शिरफूल*

*तिमी त साह्रै काली पो छौनी*

*सुहाउँदैन शिरफूल*

*बाबाजीको आगनीमा घिरौंलाको बचिलो*

*टिपन सकिन खाइन बरिलै ।*

*हाम्रा बाबाले दिएको दाइजो*

*डोरी र फरिया झाले माले गाई*

*भाउजु जानी घाँसै र काटन*

*आमा मेलापात*

*भाइ बहिनी सफा सुग्घर सबै मेरा हात ।*

स्रोतः कमला घर्ती

वर्ष ३६, मल्लाज माजफाँट-४, डरापरि

**तीज गीत**

*बाबाको आगन लिपी र लापी*

*छिड्करी मारी नाँचौला*

*छिड्करी मारी नाचने चेलीको*

*शिरमा छैन शिरफूल*

*शिरफूल जैरे भाग्य भए लाउला*

*लै लै मेरो जोवान कहाँ पाउला*

*लै लै मेरो जोवान खोजे पनि पाउला*

*बाबा र आमा कहाँ पाउला*

*बाबा र आमा जुन र घाम*

*पुरै माइती दाजु भाइ*

स्रोतः रीता हमाल

वर्ष ४३, मल्लाज माजफाँट-३, लामाखेत

**तीज गीत**

*सरर आयो मलेवा चरी बसेर मार्‍यो मण्डल*

*जन्म दिने आमा लेखी दिने भावी करिमै मेरो चण्डाल*

*बाकसको लुगा झिकी दिनु आमा*

*दिदीलाई लिन जान्छु म*

*नेपालैका खुजुरा पैसा*

*तान्सेनैका डबल ।*

*तीजको बेलामा माइती जान्छु भन्दा*

*घरैमा हुन्छ बरै खलबल ।*

*आमाले दुध दिँदा खाईन*

*ऐले मैले अमिलो मोही पाइन ।*

(स्रोत : सुनिता क्षेत्री)

वर्ष, ३३ मल्लाज लेखफाँट-६, पर्वत

## संस्कार गीत

### मागल गीत

*आमा तिम्ले मलाई यही घरमाजन्म दियौ,*

*हरेक कष्ट सहि मलाई नौ वर्ष गोदमा लियौ ।*

*आफ्नो पुर्खादेखिको संस्कार मैले धान्नुपर्छ,*

*अब मैले घरको भन्दा गुरुको आदेश मान्नुपर्छ ।*

*तिम्रो काख छोडी आज जोगी भई आएँ निषेध*

*देउन आमा सातमुठी भीख आज मैले माएँ ।*

*विद्या पढी ज्ञान आर्जन गरी घर आउने छु,*

*अब मत वनको बाटो तरी काँशी जानेछु ।*

स्रोतः हरिकला रेग्मी

वर्ष : ५२, मल्लाज बाँसखर्क-३, वीरमारे ।

### रत्यौली गीत

*फूल फुल्यो हितको माया देखेर मन भल्यो ।*

*जाम डाँडै सालैवनको सारको पात बजाउँदै ।*

*फूल फुल्यो .....................................*

*गयौ बाबु फूलमाला भिरेर,*

*दुधको भाडा साडीले तिरेर ।*

*फूल फुल्यो .....................................*

*भक्किन्छनी आमाको मन,*

*कैल्यै रुखो नबोले वचन ।*

*फूल फुल्यो ......................................*

*तिरे बाबु दूधको भारा,*

*बुढेसकालमा दिएर साहारा ।*

*सललल लिपेको भित्तो,*

*जन्म दिने आमाको काख रित्तो ।*

*फूल फुल्यो ......................................*

*बेनी बजार किनेको ऐना,*

*रुदै पछि लाहोलान् भाइबहिना ।*

*फूल फुल्यो ......................................*

*मन मिल्ने सगीं साथी छोडेर*

*आउनु पर्‍यो जन्म घर छोडेर ।*

*फूल फुल्यो.........*

*कति दिउँ र वावालाई सराप*

*जन्मदाँ को दिन हाम्रो खराब ।*

*फूल फुल्यो.........*

*कस्तो रैछ मायाको खानी*

*जन्म दिने बा आमा बिर्सने ।*

*फूल फुल्यो.........*

स्रोतः माया जिसी

वर्ष ४२, मल्लाज लेखफाँट-६, पखरथोक

**रत्यौली गीत**

*झुम्के-झुम्के पुतली बास ।*

*छोडी जाने मायाको के आस ॥*

*डाँडापारी मायाको घर ।*

*बेत्तालेको पर्दिन म भर ॥*

*रत्यौलीमा नाँच्ने हो मजाले ।*

*दाइका पाइट पाइन्छन् खोजाले ॥*

*लुठालुठी बनेर नाँच्ने हो ।*

*यो बारुली कम्मरै भाँच्ने हो ।*

*ओ हो....चइस्....चइस्... चइस्... ।*

*अब त बुहारी आउछिन ।*

*आमालाई बोकेर डुलाउछिन ॥*

*हाम्री बुहारी सारै नै मजकी ।*

*पहिलो दिन घरैमा लजाकी ॥*

*हाम्रो बाबु कहाँ पुगे होला ।*

*जाने बाटो झलमल भा होला ॥*

*ओ हो....चइस्....चइस्... चइस्... ।*

*तिम्लाई टाढा मलाई नी टाढा ।*

*माझि काँढे डाँडैमा घर सार ॥*

स्रोतः दुर्गा जि.सी.

वर्ष ४३, मल्लाज लेखफाँट-६, पँधेरउप्री

**रत्यौली गीत**

*घिरौली फल्यो तरल्याङ तुरलुङ फर्सी फुल्यो भुइ*

*जन्तीमा राम्रो दुलाहाको कान्छो भाइ,*

*रत्यौलीमा राम्री मै ।*

*झ्याप्पै मोहनी लाउला*

*ट्याप्पै टिपेर लैजाउला ।*

स्रोतः कमला जि.सी.

वर्ष ४१, मल्लाज लेखफाँट-६, पर्वत

**रत्यौली गीत**

*औसेलुको काडाँले कोर्‍यो*

*भो भो माया लाउदिन मन मर्‍यो*

*धान सुकाउे वाँसैको मान्त्रामा*

*छोरा सूर्य बुहारी चन्द्रमा ।*

*आमाले सारेको फूल*

*वावूले कहिल्यै नी नभूल*

*मल्लाज तल बेनीको बजार*

*बेहुलीमा सवैको नजर ।*

*कुन कुनामा बसेकी थियौ*

*हामीलाई मोहनी लाईदियौ ।*

*छोडी आयौ सबैलाई माईत*

*अब दुवै सँग सँगै साइत ।*

*कर्म घर माईति घर सम्भ*

*हामीलाई पराई नसम्भ ।*

स्रोतः उजेली पौडेल

वर्ष ५३, मल्लाज लेखफाँट-६, तल्लेर

**रत्यौली गीत**

*देखेदेउ जुरेली चरी*

*हाम्रो दाइ डोलीमा चडेको*

*म कहिल्य आउँथे र*

*पिरती लाउँथे र*

*छमकै वन काटे पछि*

*हेरौली आमाले कहाँ बसी*

*जन्त जान माइतीले डाकेनौं*

*रतौलीमा आइती नभने ।*

स्रोतः शोभा घर्ती

वर्ष ३२, मल्लाज माजफाँट-४, पर्वत

## बारुलै गीत

लायो बर्खा बारुलै कसरी धान्नु

जेठी बेनी बारुलै कान्छी छन् काठमाडौ

*मेरो उपर बारुलै कोही छैन टिढाउनी,*

*मैले जीवन बारुलै कसरी बिताउनी ।*

*गर्छु दुःख बारुलै मेरै हो भनेर,*

*लाउँछन् मुख बारुलै गोठालो गनेर ।*

*कोही बेनीमा बारुलै कोई गए कोरिया,*

*बुढा बुढी बारुलै बाँसखर्क खेरिया ।*

*हिड्छु भन्छु बारुलै खुट्टाले टेकेन,*

*मेरो दुःख बारुलै कसैले देखेन ।*

स्रोतः रामकुमारी रेग्मी

वर्ष ५६, मल्लाज बासखर्क -३, वीरमारे

## छिटो बारुलै गीत (एकोहोरी)

*झिमझिम् बारुली आँखैमा गाजलु सम्झिने कोई छैन ।*

*वर्षे र दिनको खेती र पाती*

*साउने भेलैमा,*

*क्या माया लाउनु थियो नि कठै*

*राति भो मेलैमा ।*

*झिमझिम् बारुली आँखैमा गाजलु सम्झिने कोई छैन ।*

*कीशानको छोरो खेती र पाती,*

*फुर्सतै छैन ह्वै,*

*आफ्नु त भने बुझ्दीने मर्म*

*छैननी बरै क्वै ।*

*झिमझिम् बारुली आँखैमा गाजलु सम्झिने कोई छैन ।*

स्रोतः हरिकला रेग्मी

वर्ष : ५२, मल्लाज बाँसखर्क-३, वीरमारे ।

**बालगीत**

**क) बाल ठट्यौली गीत**

*सी ओ डब्लु काऊ*

*काऊ माने तेरा बाउ*

*टाउकोको औषधी*

*नाइटोमा लाउ ।*

*एम.एन् ओ पी*

*वारिमा गोपी*

*गोपी टिप्न जाँदा*

*बौलाइनीले छोपी ।*

**ख) शालीन बालगीत**

*चीं मुसी चीं*
*मुसाले खायो धान*
*समात नानीको कान,*

*म्याउ म्याउ बिरालो*
*एता एता आउँ*
*मेरो नाना काट्ने*
*मुसा मारी खाउ ।*

स्रोतः झरना रेग्मी

वर्ष १३, लेखफाँट-३, गैह्रीगाउँ ।

**कृषि गीत**

*पानको पात खान्न मैले*
*विकासी धानको भात*
*निरमाया सलल ॥*
*भदलोमा ढिडो पकाउ*
*खोले दिउरीमा*
*सिस्नो फाडो सल्लबल्ल मेरा माइतीमा*
×× ×× ××

*गैरीखेतमा धान झुल्यो पहेँलै,*
*गरें खेती असिना पानी सहेरै ।*

*गहुँ पाक्यो टुडुँला टुडुँली,*
*कता गए अडुँला अडुँली ।*

*पैलो अन्न देउतालाई चढाएँ,*
*यै अन्नले खरखर्ची चलाएँ ।*

स्रोतः सरिता हमाल

वर्ष ३४, मल्लाज माजफाँट लामखेत ।

**प्रकृति गीत**

*लेखफाँटमा भेडा ओडार झारी,*
*बास खर्कमा सुन्तला फूलवारी ।*

*सुनिदिनोस् दुँनिया सारा,*
*मल्लाजैमा राजाको दरबार ।*

*गिद्धेश्वरमा शिवको मन्दिर,*
*रेग्मीकूल त्यै मन्दिर मुन्तिर ।*

*घरत हाम्रो लेखफाँटको गैरीगाउँ,*
*रहर लाग्दो छ हाम्रो जन्म ठाउँ ।*
×× ×× ××

स्रोतःबेलबहादुर कार्की

वर्ष ३८, मल्लाज लेकफाँट-३, धारापानी ।

**झ्याउरे गीत**

*हे- हुम्लाभेट नमोरे बाँचेत,*

*सँगै खेत रोपेथेछ अर्जेत ।*

*मुटु खाइरन्छ ..........*

*घाँस काट्थेऊ माल्ले भीर पाखामा,*

*सम्झी आँसु आइरहन्छ आँखामा ।*

*मुटु खाइरन्छ ..........*

*घरता मेरो स्याउलीले बारेको,*

*दुःखी जीवन रोइरन पारेको ।*

*मुटु खाइरन्छ ..........*

*गाइको बाच्छी भिरैको चरन,*

*काहाँको जन्म काँ होला मरन ।*

*मुटु खाइरन्छ ..........*

*सँधै मलाई यै दुःख लेखेको,*

*पाइँदोरैन्छ मान्छेले देखेको ।*

*मुटु खाइरन्छ ..........*

स्रोतः टेकबहादुर घर्ती

वर्ष ७१, मल्लाज लेकफाँट टिमुरवोटा ।

**शिरफुले गीत**

*केटा- हा है ... धरती धसौंला*

*केटी- धरती धसौंला*

*केटा- हा है ...शिरफुले माया*

*मायालु खालसँग यसैलाई*

*गरी कति र बसौंला -२*

*केटी- हा है ...शिरफुले ......*

*केटा- गोठाले दाइले घाँसैर काट्यो,*

*खोलिखो गोलिखो, -२*

*केटी- हा है ...शिरफुले ......*

*केटा- मायालु खालसँग हाँसेको बोलेको*

*कति लाग्ला झलिको*

*केटी- हा है ...शिरफुले ......*

*केटा- हा है दाजु शिकारी दाजु*

*डाँडै काट्यो फिटिक्क*

*केटी- हा है ...शिरफुले माया*

*डाँडै काट्यो फिटिक्क*

*केटा- बाँचेलाई भेट साथी र संगी*

*मरेत यत्तिक*

*केटी- हा है ...शिरफुले माया*

*मरेत यत्तिक ... हा .... ।*

*कम्मरमा पटुकी चौबन्दी चोली,*

*लाएछौ मुहानी नबोली नबोली ।*

स्रोतः शेरबहादुर पूर्जा

वर्ष ५१, शालिजा भोटेडाँडा, पर्वत ।

**खेली गीत**

*केटा- किन गयौ पारि,*

*यता माया बोलाउने,*

*तिमी उता टोलाउने ।*

*केटी- म त जान्छु पारी,*

*तिम्रो याहाँ भर छैन,*

*यो वन भित्र घर छैन ।*

*केटा- किन गयौ पारि,*

*ठूलो रुख सल्लै हो,*

*भेट भाको बल्लै हो ।*

*केटी- म त जान्छु पारि,*

*काँ छौ छैन खबर,*

*भेट् भए काउलो नपार ।*

×× ×× ××

स्रोतः इन्द्रप्रसाद सुवेदी

वर्ष ३६, लेकफाँट रातमाटा ।

**कौरा गीत**

*आ.. है के छ वैनी विचार,*

*टाढाबाट आइछौ शिरमा फूल लाइछौ*

*के छ वैनी विचार ।*

*आ.. है वैनी तिम्रो जोवन देउन मलाई सापटी*

*मेरो भर पर विश्वासै गर छैन तिम्लाई आपति*

*वैनी पर्ने छैन तिम्लाई आपति ।*

स्रोतः धनबहादुर पाइजा पुन

वर्ष ६२, बासखर्क-३, वीरमारे ।

**सालैजो गीत**

*हम्पालैमा हिउँ पऱ्यो सालैजो गोठाला गोठैमा*

*हा ...है ...गोठाला गोठैमा*

*क्या मिठो हाँसो सालैजो नानीको ओठैमा*

*हा ...है ... नानीको ओठैमा*

*पानी खायो माया सालैजो मृगले जलजला*

*हा ...है ... मृगले जलजला ...*

*बाँचे भेट होला नी माया सालैजो अर्को साल यै वेला*

*हा.. है ... अर्को साल यै वेला*

*हितको माया बेनीमा हराउनी,*

*रुमकी हाँसुम मायाले गराउनी ।*

स्रोतः धनबहादुर पाइजा पुन

वर्ष ६२, बासखर्क-३, वीरमारे ।

**एकल लोकगीत**

*न्याउली चरी साथै लैजाउन तिमीसँग*

*जानलाई मन्जुर छु छिटो मलाई लिन आइजाउन*

*आँसु खशी भइदियो गण्डकी*

*अति लामो भई सक्यो जिन्दगी*

*न्याउली चरी...*

*पीडा सही बाँच्न मन लाएन ।*

*म बाँचेको केही अर्थ भएन ।*

××× ××× ×××

*सँगै रुम्ला वन भित्र पसेर*

*तिमी रुखमा म भूँइमा बसेर ।*

*आत्महत्या गर्छन नि कोइले त*

*कोशिस गरे सकिन मैले त ।*

स्रोतः कोपिला घर्ती जिशी

वर्ष ४१, लेखफाँट-६, बाटाउप्री ।

**दोहोरी गीत**

*फूल फुल्यो गुराँस*

*मायासँग भेटघाट नहुँदा,*

*मन हुन्छ उदास ।*

*केटा- घाँस काटेन बान्द्रेभीर झरेको,*

*भुल्या छैन हाँसखेल गरेको ।*

*फुल्यो गुँरास .....*

*केटी- हो त माया तिम्लाई नि यादै छ,*

*बिछोड भई बाँच्नलाई गारैछ ।*

*फुल्यो गुँरास .....*

*केटा- जीवन यात्रा सँगैसँगै गरौंला,*

*सयौं खोला मिलेर तरौंला ।*

*फुल्यो गुँरास .....*

*केटी- तिम्रो यही भावना मन पर्छ,*

*भागौ कान्छी जे पर्छ त्यै टर्छ ।*

*फुल्यो गुँरास .....*

स्रोतः कोपिला घर्ती जिसी र कृष्ण जिसी

वर्ष ४१ र ४८ लेखफाँट-६, बाटाउप्री ।

**भजन कीर्तन**

**क भजन**

*रामको पैतालामा*

*कमल फूल लेखेको*

*लेख्दा मैले देखेको ।*

*कति सुहायो*

*कति सुहायो*

*वाघको छाला नागको*

*माला कति सुहायो ।*

*म यत्ति त रोइन*

*नरोइ भन्ने कोही छैन ।*

*नगई नी भा छैन*

*जाने कहाँ हो भन्ने था छैन ।*

*सम्झे मनैमा, सम्झे मनैमा*

*जहाँ तहाँ भगवान  सम्झे मनैमा ।*

*धर्म मर्दैन, धर्म मर्दैन*

*कहाँ छो भगवान कहाँ छौ भगवान*

*के छ तिम्रो निशाना कहाँ छौ भगवान ।*

*न सम्झेर होला सँम्झे राम मनैमा ।*

स्रोतः गुरुदत्त रेग्मी

वर्ष ६६, बाँसखर्क गा.वि.स.-३ वीरमारे मल्लाज

*जय विघ्नेश्वर जय दुर्गे ।*

*जय जय हरिहर जय सूर्ये ॥*

*नमः शिवाय नमः शिवाय ।*

*ॐ नमो भगवते वासुदेवाय ॥*

*श्रीकृष्ण गोविन्द हरे मुरारी ।*

*हे नाथ नारायण वासुदेव ॥*

*गोविन्द हरे गोपाल हरे ।*

*राधारमण श्रीकृष्ण हरे  ॥*

*सीताराम सीताराम सीताराम जय सीताराम्*

*भरत शत्रुघ्न लक्ष्मण राम ।*

*रघुवरप्रिय श्री जय हनुमान ॥*

**ऋषिपञ्चमी गीत**

*भदौ मासको अष्टमीको दिनमा*

*जन्म भयो कृष्ण जी को मध्यरातमा*

*कृष्ण जी लाई राधिकाले देखिछन् ।*

*दहि खाउँ की घ्यू खाउँ भयो बरिलै ।*

*अहिले त राधिका मेरा कुरा लाई छौ*

*जमुना नुहाउन जादाँ चाल पाउली ।*

*वर्ष दिनको तीज पनि नजिकै आयो*

*यमूना नुहाउन गए बरिलै*

*सोह्र सय गोलनीमा राधिमा बाठी*

*उठेर हेर्दा ढुंगा माथि ।*

*कदमैको रुखैमा कृष्ण जीले साडी*

*लिएर बसे हेर बरिलै*

*लेउन लेउ भन्छन गोपीनी साडी*

*कृष्णले भन्छन दिन्न बरिलै ।*

*नागै र गई जलैमा पस्यौ*

*तिम्लाई त पाप लायो बरिलै*

*गोपीनी भन्छन हे मेरा कृष्ण*

*हाम्रो त साडी देउन बरिलै ।*

*पञ्चमी पुजा हामीले गरम्ला*

*पाप जति सबै धुम्ला बरिलै ।*

स्रोतः सम्झना सुवेदी

वर्ष ३४, मल्लाज माजफाँट-३, वेनी

**१. शुक परीक्षित प्रसङ्ग**

**परीक्षितः** *हो मनुष्यको मोक्ष गुरु कुन उपायले हुन्छ ।*

*पत्ता लगाउनोस् हाम्लाई प्रभु मित्री मन छुन्छ ॥*

*हरेः वासुदेव र देवकीका कोखमा कृष्ण हरि ।*

*किन आए कारण के हो भन्नोस् जसै गरी ॥*

*हरे अवतारली कृष्णजीले के के कार्य गरें ।*

*वासुदेव र देवकी त प्रभु शरण परे ॥*

*हरे कुन कुन परिस्थितिमा कुन कुन अवतार लिए ।*

*कस्ता लिला श्रीकृष्ण र बलरामका थिए ॥*

*हरे कृष्ण परमधाम गसी धर्म कसको शरण ।*

*पर्न गए बताउँनुहोस् कस्ले गर्यो धारण ॥*

**शुकदेव** *हरे भ भनेको भावनारूपी परमेश्वर जान्नु ।*

*ग भनेको अलौकिक गति भन्ने मान्नु ॥*

*हरे ब भनेको भगवान्को वर्णन अनि धाम ।*

*त भनेको संसार तार्ने जपौ कृष्ण राम ॥*

*हरे भागवत्मा सबै पाइन्छ यो मनले माने ।*

*भागवत नै कृष्ण हो नी यो कुरानी जाने ॥*

*हरे आत्मा अजर अमर हुन्छ शरीर मात्र मर्छ ।*

*यति कुरा बुझ्ने मानिस भवसागर तर्छ ॥*

स्रोतः जगत बहादुर जि.सी.

वर्ष ७३, मल्लाज लेखफाँट-५, देउपुज

**२. द्वैत र अद्वैत प्रसङ्ग**

*हरे शुकदेवमा नारी पुरुष कुनै भेद छैन ।*

*वेदव्यासमा द्वैत भाव छ यो चालको भैन ॥*

*हरे ब्रह्म सत्य जगत् मिथ्या यथि कुरा मान्नु ।*

*ब्रह्म, विष्णु, महेश्वर एउटै ब्रहम मान्नु ॥*

*हरे उही ब्रह्म धेरै हुँदा ब्रह्म, शिव हरी ।*

*संसारलाई रक्षा गर्ने रूप थरीथरी ॥*

*हरे उही नारायण नर बनी संसारमा आउने ।*

*मनुष्यको अल्पवृद्धि कसरी था पाउने ॥*

स्रोतः तीर्थ बहादुर जि.सी.

वर्ष ८१, मल्लाज लेखफाँट-५, धारापानी

**३. कुन्ती प्रसङ्ग**

*हरे कुन्ती माता ध्यान गर्छिन भन्दै कृष्ण हरी ।*

*भित्र बाहिर जताततै प्रभु विश्व भरी ॥*

*हरे जति सन्तान भएपनि छाड्नैपर्छ हाम्ले ।*

*जगत्मा सुखदुःख दिने उनै रामले ॥*

*हरे ब्रह्माण्डका मालिक तिमी ब्रहम विष्णु भोला ।*

*तिमी नै हौ सबै रूप तिम्रै हो यो चोला ॥*

*हरे दुःख आपत चिन्ता बाधा कष्ट परोस् तनमा ।*

*यति कुरा पाए कृष्ण ढुक्क हुन्छ मन्मा ॥*

*हरे दुःख पाएँ भने बल्ल हरि याद आउँछ ।*

*मरे पछि यो चोलाले दिव्य धाम पाउछ ॥*

स्रोतः नन्दलाल रेग्मी

वर्ष ८६, शिवालय मन्दिर गिद्धेश्वर